THE DHARMAKIRTI

# धर्मकीर्ति



लुम्बिनी विकास कोषको तर्फबाट लुम्बिनीमा नवनिर्मित महामायादेवी मन्दिर ।

वर्ष-२१, अङ्क-२

बुद्ध सम्वत २५४७

वैशाख पूर्णिमा विशेषाङ्क

DHARMAKIRTI

Downloaded from http://www.dhamma.digital



शान्तिमा नै सबैको विजय र कल्याण सम्भव
हुने हुँदा सर्वकालिक धर्मका ब्याख्याता तथा
मार्ग प्रतिपादक भगवान बुद्धको प्रज्ञामय शिक्षाको
अनुशरणले नेपाल तथा विश्वमै शान्ति अभिवृद्धि गर्ने
मानविय कार्यमा चित्त जागृत पार्न
२५४७ औं बुद्ध पूर्णिमाले सबैलाई प्रेरित गरुन् ।

शुभकामना सहित

तपाईंको शुभकार्यको शुभचिन्तक :

ज्योति

**हिमाल आयरन एण्ड स्टील (प्रा.) लि.**
**हिमाल वायर्स (प्रा.) लि.**
**हिमाल अक्सीजन (प्रा.) लि.**

ज्योति भवन, कान्तिपथ, काठमाडौं ।

फोन : ४२२५४८०, ४२५४०४७ • फ्याक्स : ९७७-१-४२२६३१४

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित
फोन: ४२५८ ९५५, ४२२४ ९१२

व्यवस्थापकहरू
चिनीकाजी महर्जन
फोन: ४२५३ १८२
ज्ञानेन्द्र महर्जन
फोन: ४२७६ ९०८

सह-व्यवस्थापक
ध्रुवरत्न स्थापित
फोन: ४२५७ ५७२

सम्पादक
भिक्षुणी वीर्यवती
फोन: ४२५९ ४६६

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
फोन: ४२५९ ११०

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन: ४२५९ ४६६

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५९ ४६६

बुद्ध सम्वत् २५४७
नेपाल सम्वत् ११२३
इस्वी सम्वत् २००३
बिक्रम सम्वत् २०६०

| | |
|---|---|
| विशेष सदस्य | रु. १०००/- |
| वा | सो भन्दा बढी |
| वार्षिक | रु. ७५/- |
| यस अङ्कको | रु. १५/- |

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**MAY 2003**

| वर्ष- २१ | अङ्क- २ | स्वांया पुन्ही | ज्येष्ठ २०६० |
|---|---|---|---|




★ एकक्षण पनि चुपो लागेर बस्न नमान्ने, हरदम यताउति दगुरिरहने, स्वेच्छाचारी स्वभाव भएको, रोक्न ज्यादै कठीन भएको चित्तलाई जसले दमन गर्न सक्दछ त्यस्ताले नै सच्चा सुख पाउँदछ ।

★★★

★ जो मानिस उद्योगी, स्मृतिवान र संयमी भएर शुभकाम गर्दै धार्मिक जीवन बिताउँदछ त्यस्ता अप्रमादी व्यक्ति नै सही रूपमा यशस्वी हुन्छ ।

★★★

★ जसरी भमराले रूप रङ्ग केही नबिगारीकन फूलबाट रसमात्र चुसेर जान्छ, त्यसैगरी मुनिजन कसैलाई कतिपनि बाधा नै नपारी यस लोकमा विचरण गर्दछन् ।

# आत्मबोध गरेर बुद्ध पूर्णिमा मनाउनु पर्छ !

हामी यसपाली २५४७ औं बुद्ध पूर्णिमा महोत्सव मनाउँदैछौं । सबैले सश्रद्धा बुद्धप्रति सम्मान पनि गर्दैछौं । यसको साथै हामीले बुझ्नुपर्ने जरूरी कुराहरू यसरी रहेका छन्- बुद्ध को हुन् ? बुद्धको व्यक्तित्व के हो ? आदि ।



बुद्धले भन्नु भएको छ, संसारमा चार प्रकारका व्यक्तिहरू छन्–

१. आफूलाई पनि अरूलाई पनि हित नहुने काम गर्ने व्यक्ति ।

२. अरूलाई हित हुने काम गर्छ तर आफ्नो हित हुने काम भने नगर्ने व्यक्ति ।

३. पहिले आफूलाई हित हुने काम गर्छ, अनि मात्र अरूको हित हुने काम गर्ने व्यक्ति ।

४. आफूलाई पनि अरूलाई पनि हित हुने काम गर्ने व्यक्ति ।

उपरोक्त चार प्रकारका व्यक्तिहरू मध्ये नम्वर ३ र नम्बर ४ का व्यक्तिहरू उत्तम खालका हुन् ।

नम्बर १ र नम्बर २ भन्दा नम्बर ३ को व्यक्ति राम्रो मान्न सकिन्छ । हुनत नम्बर २ का व्यक्तिले आफ्नो हितलाई वास्ता नगरी परहित गर्ने व्यक्ति भएकोले यस्तो व्यक्ति राम्रो लाग्न सक्छ । तर पहिला आफू असल र बलियो नभएसम्म अरूको सेवा गर्ने काम त्यति सजिलो र सम्भव भने छैन । त्यसैले बुद्धले पहिले आफूलाई तालिम गरेर असल मानिस बनिसकेपछि मात्र अरूको सेवा र भलो गर्ने कार्य गर्नुभयो ।

त्यसैले बुद्धले भन्नु भएको पनि छ,

*"बुद्धोहं बोधयिस्सामि मुत्तोहं मोचयेपरे*
*तिण्णोहँ तारयिस्सामि संसारोघा महब्भया"*

अर्थात्,



आफू बोध भइसकेपछि अरूलाई बोध गराउँछु, आफू दुःखबाट मुक्त भइसकेपछि अरूलाई मुक्त गराउँछु । आफूले भवसागर पार गरेपछि अरूलाई पनि पार लगाइदिन्छु । अर्को अर्थमा भन्ने हो भने संसाररूपी बाढीबाट पार तारीदिन्छु ।

यहाँ पहिला आफ्नो हित गर्ने व्यक्तिलाई राम्रो भन्नुको मतलब स्वार्थी व्यक्तिलाई राम्रो भन्न खोजेको होइन । अरूको सेवा गर्ने व्यक्तिले पहिला आफू शुद्ध र असल मानिस बन्न जरूरी छ । त्यतिमात्र होइन उसले आफ्नो आध्यात्मिक उन्नति पनि गर्न जरुरी छ । त्यसपछि मात्र उसले अरूको लागि ठीक तरिकाले सेवा गर्न सकिनेछ । बुद्ध पनि पहिला आफूले तालिम लिनुभएपछि मात्र अरूको सेवा कार्यमा तत्पर रहनु भएको थियो । आफूलाई शान्त र दमन गरि सकेपछि मात्र अरूलाई पनि आत्म दमन र शान्त रहनुपर्छ भनी उपदेश दिनुभयो ।

बुद्ध हुन अगाडि उहाँ बोधिसत्त्व सिद्धार्थ रहनु भएको बेला उहाँमा प्रज्ञा चक्षु थिएन । जब उहाँले संसारमा दुःख व्याप्त छ, दुःखको कारण (तृष्णा) छ, दुःखबाट मुक्त हुन सकिन्छ र दुःखबाट मुक्त हुने बाटो आर्य अष्टाङ्गिक मार्ग हो भन्ने सत्य तथ्यलाई पत्ता लगाएर बोध हुनुभयो, तब मात्र उहाँ बुद्ध हुनुभयो । त्यसैले हामीले पनि आत्मबोध आध्यात्मिक उन्नति गरेर बुद्ध जयन्ती मनाउन तत्पर हुन राम्रो होला । कृष्णाष्टमी, राम नवमीमा जस्तो औपचारिकता मात्र पूरा गर्नु औचित्य छ जस्तो लाग्दैन । त्यसैले हामीले बुद्धलाई राम्ररी चिन्ने कोशिस गरौं । बुद्ध शिक्षानुरूप केही प्रतिशत मात्र भएपनि आचरण गरौं । यही नै सही रूपमा बुद्ध जयन्ती मनाएको ठहरिनेछ ।

Downloaded from http://www.dhamma.digital

# विषय-सूचि


| क्र.सं. | विषय | लेखक | पेज संख्या |
|---|---|---|---|
| १. | बुद्ध वचन | - | |
| २. | सम्पादकीय | - | |
| ३. | सम्यक सम्बोधि कसरी प्राप्त हुन्छ ? | - कल्याणमित्र, सत्यनारायण गोयन्का | ५ |
| ४. | दिलतता | - रोसन तुलाधर | ९ |
| ५. | धर्महीन जीवन | - रामभक्त प्रधान | ९ |
| ६. | 'सप्तरत्न धन-१' श्रद्धा-१ | - प्रकाश बज्राचार्य | ११ |
| ७. | २१ औं शताब्दीको नेपालमा बौद्ध ... ... | - खेन्पो ङग्वाङ वोशेर लामा | १७ |
| ८. | धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | - | १९ |
| ९. | सम्मेलनले मानसिक धरातल माथि ... ... | - बिलबहादुर गुरुङ्ग | २१ |
| १०. | शंका रहित सम्यक् मार्ग | - आचार्य श्रीधर राणा | २३ |
| ११. | ध्यानकुटी बाल आश्रमलाई सहयोग | - | २४ |
| १२. | उत्सुकता र उन्मुक्तताले परिपूर्ण सारनाथको.. | - घनश्याम राजकर्णिकार | २५ |
| १३. | शान्ति नायकको सम्झना | - 'ज्योति' शाक्य, का.बु. | २७ |
| १४. | मरेपछि दान | - सुवर्ण शाक्य | २९ |
| १५. | सिद्धार्थ गौतम बुद्धको जन्म स्थल ... | - बिनिता बाडे | ३१ |
| १६. | ध्यान | - सिम्रिकमान तुलाधर | ३३ |
| १७. | जन्म लेऊ | - समिर शाक्य | ३३ |
| १८. | कालाम सूत्र र हाम्रो विश्वास | - रीना तुलाधर | ३५ |
| १९. | मेरो जिउनुको मकसद | - चित्ररत्न शाक्य | ३८ |
| २०. | बकुल्ला र गँगटो | - केदार शाक्य | ३९ |
| २१. | छट्टु स्याल र लोभी ब्राह्मण | - भिक्षु संघरक्षित | ४१ |
| २२. | बुद्धको अन्तिम सन्देश | - भिक्षु अश्वघोष | ४२ |
| २३. | बहुश्रुत जीवनया महत्त्व | - भदन्त कोलित भिक्षु | ४४ |
| २४. | धर्मकीर्ति विहार वार्षिक भेला प्रतिवेदन | - | ४५ |
| २५. | धर्मकीर्ति स्वास्थ्य कमिटीको आर्थिक विवरण | - | ४५ |
| २६. | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको वार्षिक कार्यक्रम बु.सं. २५४७ | | ४६ |
| २७. | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको कार्यकारिणी समितिको पुनर्गठन | | ४७ |
| २८. | करूणा | - निवेदिता प्रधान | ४७ |
| २९. | क्यान्सर रोग जाँच शिविर | - | ४८ |
| ३०. | शोक सभा | - | ४८ |
| ३१. | दिवंगत उपासिका दिलमाया महर्जनया लुमन्तिई | - | ४९ |
| ३२. | प्रस्तुतीकरण कला प्रशिक्षण परिचय | - | ४९ |
| ३३. | धर्म प्रचार-समाचार | - | ५० |
| 34. | Bodhisattva Ideal in Theravada ... | - Ven. Dr. Walpola Rahula | 53 |
| 35. | Jataka (Birth Stories of The Buddha) | - Upasika Marie Harlowe | 58 |
| 36. | Man or Animal | - Amrita Ratna Sthapit | 61 |
| ३७. | भित्रै लुकिरहेका रहेछन् शत्रुहरू त ! | - वीर्यवती | ६३ |


**कभर फोटो :**

**लुम्बिनी विकास कोषको तर्फबाट लुम्बिनीमा नवनिर्मित महामायादेवी मन्दिर ।**




Downloaded from http://www.dhamma.digital

# सम्यक सम्बोधि कसरी प्राप्त हुन्छ ?



\- कल्याणमित्र,
सत्यनारायण गोयन्का

सम्यक सम्बुद्ध बन्नको लागि सुमेध ऋषीले थुप्रै त्याग गर्नु पऱ्यो, थुप्रै कष्ट भोग्नु पऱ्यो । अन्तिम जीवन यापन गरिरहेका सिद्धार्थ गौतम असंख्य कल्प अगाडि एकजना ब्राह्मण तपश्वी थियो जस्को नाम सुमेध थियो । उनी त्यस समयमा सम्यक सम्बुद्ध भगवान दीपंकरको सम्पर्कमा आएका थिए । त्यस समयमा उनीसंग जति पनि पूर्व संचीत पारमिताहरूको संग्रह थियो त्यस अनुसार भगवान दीपंकर संग विपश्यना सिकेर तत्कालै अरहंत अवस्थाको साक्षात्कार गर्न सक्ने क्षमता उनमा विद्यमान थियो । परन्तु उनमा करुणाको यस्तो संवेग जाग्यो कि म एकजना मात्र मुक्त भएर के गर्नु यो भन्दा त मेरो विमुक्तिसंगै भगवान दीपंकर झैं अनेक व्यक्तिको विमुक्तिको सहायक बन्न सकूँ । साँच्चै कोही सम्यक सम्बुद्ध भयो भने त सबै प्राणीको भलाईको लागि नै हुन्छ ।

**बुद्धो लोके समुप्पन्नो, हिताय सब्बपाणिनं ।**

सामान्य अरहंत अवस्था प्राप्त गर्नको लागि दश पारमिता पूर्ण गर्नु आवश्यक हुन्छ । पारमी अथवा पारमिता सद्गुणहरूको परिपूर्णतालाई भनिन्छ जस्को मद्दतबाट भव-संसारको अर्को छेउ निर्वाणको साक्षात्कार गर्न सकिन्छ । दश पारमितामा–

१. दान २. शील ३. निष्क्रमण ४. प्रज्ञा ५. वीर्य ६. क्षांति ७. सत्य ८. अधिष्ठान ९. मैत्री र १०. उपेक्षा पर्दछन् ।

सम्यक सम्बुद्ध हुनको लागि यी दशवटा पारमिताका साथ साथै अधिक परिमाणमा तथा अधिक सधनता पूर्वक परिपूर्ण गर्नु आवश्यक हुन्छ । यी दश पारमितालाई पूर्ण गर्नको लागि आफ्नो धन सम्पदा, वैभव-ऐश्वर्य, प्रभुत्व-सत्ता मात्र होइन कहिले काहीं आफ्नो शरीरका अंगहरूको पनि परित्याग गर्नु पर्ने हुन्छ त्यसलाई दश उपपारमिता भनिन्छ ।

यदि पारमिता पूर्ण गर्नको लागि आफ्नो जीवनको नै परित्याग गर्नु पऱ्यो भने त्यसलाई दश परमत्थ (परमार्थ) पारमिता भनिन्छ ।

सम्यक सम्बुद्ध बन्नको लागि यसरी तीसवटा पारमिता पूर्ण गर्नुपर्दछ । यसको लागि बोधिसत्वले असंख्य कल्पसम्म अनगिन्ती जन्म लिएर भव-चक्रको भ्रमण गर्नु पर्छ । तपस्वी सुमेध यस कामको लागि तयार भए कि अनेक जन्मसम्म बोधिसत्व भएर अधिक पारमिताहरू पूर्ण गर्दै स्वयंले धर्मको पालन गरेर आफ्नो त कल्याण गर्छु नै साथ साथै अन्य व्यक्तिहरूलाई सद्मार्गमा ल्याएर तिनीरूको पनि कल्याणको कारण बन्दछु भन्ने उनले सोचे । अहो, बोधिसत्वचर्यामा त आफ्नो हितको साथ-साथै अरुको हित पनि हुनेछ, सबैको हित हुने रहेछ । यस असीम मैत्री चित्तको कारण तत्कालै मुक्त हुन सक्ने अवस्थालाई त्यागेर सामान्य दशवटा पारमिताको ठाउँमा तीस विशिष्ट पारमितालाई अधिक भन्दा अधिक परिमाणमा संग्रह गर्न लामो समयसम्म भव भ्रमण गरेर दुःख कष्ट ग्रहण गर्ने निधो गरे । ब्राह्मण तापस सुमेध भगवान दीपंकर संग आशीर्वाद प्राप्त गरेर सम्यक सम्बोधि प्राप्त गर्ने लक्ष्यमा लोक हित गर्दै भव-संस्सरणमा लागे । यस जीवनमा आएर उनले सम्यक सम्बोधि प्राप्त गरे ।

आफू सम्यक सम्बुद्ध भएको घोषणा उहाँले पहिलो पल्ट बाटोमा हिंड्दै गरेका परिब्राजक उपकका सामू गर्नुभएको थियो । यही घोषणा आफ्नो पूराना साथीरू जस्ले छः वर्षसम्म सेवा गरेका थिए उनीहरूको सामुन्ने ऋषिपत्तन मृगदायमा गर्नु भएको थियो ।

**अरहं, भिक्खवे, तथागतो सम्मासम्बुद्धो ।**

आचार्य आलारकालामसंग सातौं ध्यानसम्म र उद्दक रामपुत्रसंग आठौं ध्यान सिकेर जब केवल समाधि मात्र पुष्ट भएको पाए, प्रज्ञा-विमुक्ति पाएन, सम्यक सम्बोधि प्राप्त भएन तब छः वर्षसम्म त्यस समयको

समाजमा प्रचलित शरीरलाई दण्ड दिने दुष्करचर्यालाई बडो कठोरता पूर्वक अपनाए। परन्तु त्यो चर्या अत्यन्त काम नलाग्ने अर्थहीन सावित भयो । र त्यसलाई त्यागिदियो । यो देखेर उनका पाँचै जना साथीहरू बोधिसत्वलाई प्रधानविभ्भन्त अर्थात पथभ्रष्ठ मानेर छोडी गए। त्यस पछि बोधिसत्वले आहार ग्रहण गरेर शरीरमा बल प्राप्त गरे र नयाँ बाटो खोजी निकाले; जुन परम फलदायक सिद्ध भयो। यसैलाई संकेत गरेर उहाँले धर्मचक्र प्रवर्तन गर्नु भयो र पञ्च वर्गीय भिक्षुहरूलाई सम्भाउनु भयो

- **द्वेमे, भिक्खवे, अन्ता पब्बजितेन न सेवितब्बा।**
- भिक्षुहरू, यी दुई अतिका मार्ग हुन्, यसमार्गलाई कोही गृहत्यागी, प्रव्रजित व्यक्तिले अपनाउनु ठीक छैन।
- **कतमे द्वे–**
- कुन दुई मार्ग ?
- **एउटा त–**

**यो चायं कामेसु कामसुखल्लिकानुयोगो हीनो गम्मो पोथुज्जनिको अनरियो अनत्थसंहितो।**

- यो जुन कामभोगमा लीन रहने मार्ग छ, त्यो हीन छ, गँवार छ, पृथग्जन अर्थात अनार्यहरू द्वारा सेवन गर्न लायक छ त्यो अनर्थकारी छ।
- अर्को मार्ग-

**यो चायं अत्तकिलमथानुयोगो दुक्खो अनरियो अनत्थसंहितो।**

- यो जुन शरीरलाई कष्ट दिने मार्ग छ, जुन दु:खदायी छ, अनार्यहरू द्वारा सेवित छ त्यो अनर्थकारी छ।

यी दुवै बाटोलाई त्यागेर–

... **मज्झिमा पटिपदा तथागतेन अभिसम्बुद्धा चक्खुकरणी ञाणकरणी उपसमाय अभिञ्ञाय सम्बोधाय निब्बानाय संवत्तति।**

*(सं.नि. धम्मचक्कप्पवत्तनसुत्त)*

- तथागतले त्यस बीचको मार्गलाई अपनाउनु भयो जुन हेर्न लायकको छ; ज्ञानवर्धक छ; दु:ख विनाश गर्दछ; ज्ञान दिलाउँछ; संम्बोधि दिलाउँछ; निर्वाण प्राप्त गराउँछ।
- संवोधि कसरी प्राप्त भयो त्यसलाई बुझौं।

चार आर्यसत्यहरू हुन्–

१. **इदं दुक्खं अरियसच्चं–** यो दु:ख आर्य सत्य हो।
२. **इदं दुक्खसमुदयं अरियसच्चं–** यो दु:ख समुदय आर्य सत्य हो।
३. **इदं दुक्खनिरोधं अरियसच्चं–** यो दु:ख निरोध आर्य सत्य हो।
४. **इदं दुक्खनिरोधगामिनी पटिपदा अरियसच्चं–** यो दु:ख निरोधगामिनी प्रतिपदा आर्य सत्य हो।

यी चार आर्य सत्यको प्रज्ञा अति नै महत्वपूर्ण छ। दु:खको सत्य, दु:ख हुनुको कारणको सत्य, दु:खको निवारण हुन सक्ने सत्य र दु:ख निवारण गर्ने उपायको सत्य; जीवन जगतका यी चार महत्वपूर्ण सत्यलाई महत्व नदिएर धर्मको नाममा चल्ने साम्प्रदायिक कर्मकाण्ड र दार्शनिक मान्यताको जालमा मानिसहरू कसरी अल्भिरहन्छन्। यी चारवटा सत्यलाई राम्ररी बुझेको खण्डमा मानव जीवनलाई सार्थक बनाउने कुरा बुझ्दथ्यो। जसरी बाहिरको छाला र मासु सबै निकाले पछि स्वच्छ शंख प्राप्त हुन्छ त्यस्तै यी चार सत्यलाई निरर्थक कर्मकाण्ड र दार्शनिक जंजालबाट अलग राख्यो भने यस्को स्वच्छता स्वयं प्रकट हुन थाल्छ। यी चार प्रकारका सत्यका निर्मल र स्वच्छता यस प्रकार, यस रुपमा पहिला कहिले पनि सुनेको नै थिएन, यसलाई बुझ्नु त धेरै टाढाको कुरा भयो त्यसैले भनियो–

**पुब्बे अननुस्सुतेसु–** पहिला कहिले पनि सुनेको नै थिएन।

यदि यी चार सत्यको बारेमा सुनेको भए तापनि श्रद्धाले अथवा बुद्धिले स्वीकार गरेको भएता पनि कुनै एउटा साम्प्रदायिक मान्यता बनेर रही रहन्थ्यो। यसलाई स्वीकार गरेर अथवा मान्दैमा कोही व्यक्ति मुक्त हुँदैन, सम्यक सम्बोधि उत्पन्न हुनु त धेरै परको कुरा भयो।

यी चार सत्य मध्ये प्रत्येकलाई तीन स्वरूपमा थाहा पाउनु पर्छ **तिपरिवट्टं द्वादसाकारं** यसरी बाह्र प्रकारले जानेमा मात्रै कोही व्यक्तिले सम्यक सम्बोधि प्राप्त गर्दछ। यी चार सत्यलाई तीनै प्रकारले जानौं।



Downloaded from http://www.dhamma.digital

१. **दु:ख आर्यसत्य:**

(क) दु:ख छ यसलाई स्वीकार गर्ने ।

(ख) **परिञ्ञेयं-** यो सत्य परिज्ञेय छ, स्वअनुभव द्वारा दु:खको सम्पूर्ण परिधिको परिपूर्ण ज्ञान उपलब्ध गर्नु पर्दछ, यसलाई बुझ्ने ।

(ग) **परिञ्ञातं-** यो सत्य परिज्ञात भयो, यसलाई अनुभव द्वारा स्वयंले थाहापाउने ।

२. **दु:ख समुदय आर्यसत्य:**

(क) तृष्णा नै दु:खको कारण हो, यस सत्यलाई स्वीकार गर्नुपर्छ ।

(ख) **पहातब्बं-** तृष्णालाई प्रहाण गर्नुपर्छ, यसलाई बुझ्ने ।

(ग) **पहीनं-** तृष्णालाई प्रहाण गर्ने, यसलाई अनुभवले थाहापाउने ।

३. **दु:ख निरोध आर्यसत्य-**

(क) दु:खको नितान्त निरोध हुन सक्छ, यस सत्यलाई स्वीकार गर्नुपर्छ ।

(ख) **सच्छिकातब्बं-** यस सत्यलाई साक्षात्कार गर्नु पर्छ भन्ने बुझ्ने ।

(ग) **सच्छिकतं-** साक्षात्कार गर्ने, यसलाई अनुभूति द्वारा थाहा पाउने ।

४. **दु:ख निरोधगामिनी प्रतिपदा आर्यसत्य:**

(क) शील, समाधि र प्रज्ञाका यी आठ अंगको मार्ग दु:ख निरोधगामिनी प्रतिपदा हो, यस सत्यलाई स्वीकार गर्नुपर्छ ।

(ख) **भावेतब्बं-** यस प्रतिपदा अर्थात मार्गको भावना गर्नुपर्छ अर्थात् यसलाई पटक पटक गरेर अनुभवले जान्नुपर्छ ।

(ग) **भावितं-** यसलाई अनुभव गर्ने, आफ्नो अनुभवद्वारा थाहा पाउने ।

यी चारआर्यसत्यलाई तीन वटा स्वरूप मध्ये पहिलोलाई श्रुत-ज्ञान, दोश्रोलाई चिन्तन ज्ञान र तेस्रोलाई प्रत्यक्ष-ज्ञान भन्नु उचित होला । तीन फरक फरक स्वरूपमा कसरी थाहापाउने बुझौं ।

१ (क) पहिलो आर्यसत्यको पहिलो स्वरूप हो दु:ख छ भनेर स्वीकार गर्नु । बूढो हुनु, रोगी हुनु र मृत्यु हुने दु:खलाई स्वीकार गर्नु त्यति गाह्रो छैन । त्यस्तै प्रकारले मन नपर्ने संग साथमा बस्नु मन पर्नेसंग बिछोड हुने दु:खलाई बुझ्नु पनि त्यति गाह्रो छैन । जुन आफूले इच्छा गरेको हो त्यो नपाउँदा हुने दु:खलाई पनि सरलता पूर्वक स्वीकार गर्न सकिन्छ । परन्तु मनुष्य लोकमा कुनै धनी, समृद्ध, शक्तिशाली परिवारमा जन्म लिनु अथवा कुनै देवलोकमा रुप तथा अरुप ब्रह्मलोकमा जन्म लिनु पनि वस्तुत: दु:ख नै हो- यसलाई स्वीकार गर्नु सबैको लागि त्यति सजिलो हुँदैन । यो लौकिक सुखलाई सुख मान्नेहरूका लागि यो अनित्य स्वभावको भएको कारण यो पनि दु:ख नै हो । यसलाई स्वीकार गर्नु त्यति सजिलो छैन । यसलाई अनित्य मान्दा मान्दै पनि लौकिक सुखमा भुलिरहनेहरू मध्ये पनि आफ्नो दार्शनिक मान्यता प्रति आसक्तिको कारण नाम र रूपको पाँच स्कन्ध मध्ये कुनै एकलाई नित्य, ध्रुव, कूटस्थ आत्मा मानेर त्यसलाई शाश्वत सुखको केन्द्र मान्दछ । कसैले देवलोक अथवा ब्रह्मलोक र त्यहाँका निवासी देवताहरूलाई अमर मानेर त्यसैमा रमाएको छ भने त्यसको अनित्य स्वभावलाई दु:ख भनेर कसरी स्वीकार गर्न सक्ला ? आफ्नो साम्प्रदायिक मान्यतामा डुबेको व्यक्तिले जीवन भर दु:ख छ भन्ने आर्यसत्यको पहिलो खुड्किलोलाई स्वीकार गर्नुको बदला विरोध गर्दछ कि यो मानवी धन सम्पदा ऐस आरामको प्रत्यक्ष सुख र दिव्य तथा ब्राह्मी आनन्दलाई दु:ख हो भन्नु त निराशावादी विचारधारा भयो । यो आर्यसत्यलाई कहिल्यै स्वीकार गर्न सक्दैन । यस भव संसारमा पटक पटक जन्म लिएर मृत्यु हुने, सबै दु:खबाट मुक्ति दिलाउने मार्ग हुनु त आशावादीको मार्ग हो यहाँ निराशाको कुनै ठाउँ छैन तर मानिस आफ्नै अबुझ मनोभावनामा अल्झी नै रहन्छ ।

यस्तो अबुझ र मिथ्या दृष्टिबाट छुट्कारा पाएर अथवा बुद्धवाणीमा श्रद्धा राखेर यदि कसैले यसलाई स्वीकार गरेता पनि उपादान अर्थात आसक्तिको कारण यो नाम रूप अर्थात शरीर चित्तको पञ्चस्कन्धको उत्पत्ति हुनु दु:ख हो अर्थात शरीर र चित्तको पञ्चस्कन्धको उत्पत्ति हुनु दु:ख हो अर्थात चाहे कुनै

लोकमा जन्म हुनु त्यो पनि दु:ख हो भनेर बुझे पनि त्यो बाहिरी मात्र हुन्छ। यसबाट शंकाहरू हट्न सक्लान् तर मनको भित्री तहसम्म रहेको भव बनाउने संस्कार हट्न सक्दैन। अत: सत्यलाई मात्र श्रद्धा पूर्वक मान्दैमा कोही व्यक्ति मुक्त हुन सक्दैन, ज्ञान प्राप्त गर्न सक्दैन।

(ख) विमुक्तिको लागि पहिलो आर्यसत्यको दोस्रो स्वरूप बुद्धिको स्तरमा बुझ्नु अर्थात बुद्धिले यो कुरा बुझ्नु पर्‍यो कि दु:ख परिज्ञेय छ। स्वअनुभव द्वारा दु:खको सम्पूर्ण क्षेत्रको परिधिसम्म परिपूर्ण ज्ञान हुनु पर्दछ। पञ्चस्कन्धको सारा क्षेत्र दु:खको क्षेत्र हो, दु:खको परिधिसम्म नजानीकन सम्पूर्ण क्षेत्रको बारेमा थाहा हुँदैन। यस आर्यसत्यको स्वरूपमा केवल बुद्धिले थाहापाउन खोज्छ, मुक्तिबाट टाढै रहेको हुन्छ।

(ग) सम्बोधि प्राप्त गर्नको लागि यस पहिलो आर्यसत्यको तेस्रो स्वरूपमा आफ्नो अनुभूतिद्वारा थाहा पाउनु पर्नेछ। दु:खको परिधिसम्मको सम्पूर्ण ज्ञानलाई आफ्नो अनुभवले जान्नुपर्छ। परिञ्ञातं भनेको दु:ख सत्यको बारेमा सम्पूर्ण कुरा जान्नु हो। यसको लागि नाम र रुपको अर्थात चित्त र शरीरको सम्पूर्ण उदय-व्यय हुने स्वभाव भएका क्षेत्रहरूमा अनुसन्धान गर्नु पर्दछ। सम्पूर्ण क्षेत्रमा परिपूर्ण अनुभव भयो कि भएन कसरी थाहा पाउने ? यसको बारेमा तबमात्र थाहा हुन्छ तब रुपको क्षेत्रभन्दा पर, नामको क्षेत्र भन्दा पर, इन्द्रियको क्षेत्र भन्दा पर निर्वाणको साक्षात्कार हुन्छ। अन्यथा यस अनित्य स्वभावको क्षेत्र भित्र नै कुनै सूक्ष्म सुखद अवस्थाको अनुभव हुँदैमा दु:ख आर्यसत्यलाई परिज्ञान गरेको थान्दछ। मैले सम्पूर्ण दु:खभन्दा परको सुखद अवस्थाको अनुभव गरें भन्ने भान पर्दछ। यस भ्रान्तिबाट बच्नको लागि **निब्बानं परमं सुखं**लाई स्वअनुभवबाट थाहापाउनु पर्दछ। यसको बिना दु:खको परिज्ञान हुँदैन। परिज्ञान हुनुको लागि सारा ज्ञान अनुभव द्वारा थाहपाउनु पर्दछ तब मात्र प्रथम आर्यसत्यको तेस्रो स्वरूपलाई सही ढंगले थाहापाउँछ।

यस्तै प्रकारले दोस्रो आर्यसत्यलाई पनि तीन स्वरूपमा जान्नु पर्दछ।

२ (क) पहिलो स्वरूपमा यो स्वीकार गर्नु योग्य हुन्छ कि तृष्णाको उदय हुनु नै दु:खको समुदय हुनु हो। तर काम-भोग गर्दा सुखद थान्ने व्यक्ति काम-भोग द्वारा उदय हुने तृष्णालाई दु:ख समुदय कसरी मान्न सक्छ ? त्यस्तै प्रकारले अनित्य स्वभाव भएका पाँच स्कन्ध मध्ये कुनै एउटालाई अमर आत्मा मान्ने व्यक्तिले त्यस लोकमा उत्पन्न हुने तृष्णा (इच्छा) लाई दु:ख समुदय कसरी मान्न सक्छ ? त्यस्तै प्रकारले भवचक्र नष्ट होला भन्ने डर मान्ने व्यक्तिले विभव-तृष्णालाई दु:ख समुदय कसरी मान्न सक्छ ? कोहि व्यक्ति यी मिथ्या मान्यताबाट बाहिर आएर सोच्दछ कि तृष्णा भनेको तृष्णा हो, चाहे त्यो काम तृष्णा होस् या भव तृष्णा या विभव तृष्णा होस्, यो तृष्णा जुन अवस्थामा जहाँ तहीं उत्पन्न भए पनि यसले दु:खको समुदय नै गर्दछ। श्रद्धायुक्त व्यक्तिले सुनेर यस सत्यलाई स्वीकार गर्न सके अन्य भ्रान्तिमा परेका व्यक्तिहरू भन्दा धेरै राम्रो हो। तर दोस्रो आर्यसत्यलाई यसरी स्वीकार गर्दैमा मुक्त हुँदैन।

(ख) दु:खबाट विमुक्त हुनको लागि दोश्रो आर्यसत्यको दोस्रो स्वरूप पूर्णतया प्रहाण **पहातब्बं** गर्नु पर्छ। प्रहाण गर्नु पर्छ भन्ने कुरालाई पहिले त बुद्धिले स्वीकार गर्नु पर्छ।

(ग) तर यस सत्यलाई बुद्धिले स्वीकार गरेर मात्र मुक्ति हुँदैन। प्रहाण गरेर आफ्नो अनुभवले जान्नु पर्दछ। दु:खद अनुभवको प्रति द्वेषको तृष्णाबाट छुट्कारा पाउनु त सरल होला तर सुखद अनुभव भएको समय त्यस प्रतिको रागको तृष्णाबाट मुक्त हुनु त्यति सजिलो छैन। विपश्यनाको गहिरो अभ्यास गरेर सुखद संवेदनाबाट मुक्ति प्राप्त गरेपछि रुप तथा अरुपका दुबै सूक्ष्म तृष्णा छुट्छ। अंतत: निर्वाण प्राप्त गर्ने तृष्णा पनि रहँदैन, तब तृष्णाको साँच्चै निर्मूल हुन्छ। तब भव भन्दा परको निर्वाणको साक्षात्कार हुन्छ। तब दोस्रो आर्यसत्यको तेस्रो चरण सम्यक रूपले संबोध हुन्छ।

यस्तै प्रकारले तेस्रो आर्यसत्य दु:ख निरोधलाई पनि तीनै प्रकारले जान्नुपर्दछ।

३(क) जो व्यक्तिले तृष्णालाई दु:ख हुनुको कारण हो भनेर स्वीकार गर्दैन उसले तृष्णा हट्यो भने दु:ख हुँदैन भन्ने कुरालाई कसरी स्वीकार गर्दछ। ऊ आफ्नै



Downloaded from http://www.dhamma.digital

दार्शनिक मान्यताको आधारमा कोही देवता या ब्रह्मा आएर यस दुःख संसारबाट मुक्त गराई देला भन्ने पर्खाईमा बसिरहेको हुन्छ । शुद्ध धर्मको वाणी सुनेर कसैले यस मिथ्या मान्यतालाई त्यागी कुन कारणबाट दुःखको समुदय भयो, त्यस कारणलाई हटायो भने दुःख हट्छ, दुःखको निरोध हुन्छ; यस आर्यसत्यलाई सही रूपले त बुझ्यो भने पनि यो एकतर्फी मात्रै हुन्छ । यति बुझेर कोही व्यक्ति दुःखबाट विमुक्त हुन सक्दैन । उसले यस सत्यको दोस्रो चरणलाई पनि बुझ्नुपर्छ ।

(ख) यस दुःख निरोधसत्यलाई आफूले साक्षात्कार गर्नु पर्छ । यसलाई स्वीकार गर्नु यस आर्यसत्यको दोस्रो चरण हो । तर यसलाई पनि केवल बुद्धिले मात्रै स्वीकार गर्दैमा दुःखबाट मुक्त हुँदैन ।

(ग) यस विमुक्तिको लागि तेस्रो चरण सच्छिकतं अर्थात साक्षात्कार गरें भन्ने स्वअनुभव हुनुपर्छ । यस नित्य, शाश्वत, निर्वाणिक अवस्थाको साक्षात्कार जब पहिलो पल्ट हुन्छ तब उसले थाहा पाउँदछ कि–

**यं किञ्चि सुदयधम्मं सब्बं तं निरोधम्मन्ति ।**

जुन उत्पन्न हुने स्वभावको छ, त्यो निरुद्ध हुने स्वभावको पनि छ ।

यस सत्यलाई अनुभव गर्नको लागि विरज, विमल, धर्मचक्षु उत्पन्न हुनु आवश्यक छ अर्थात नाम-रुपको प्रपंचलाई शुद्ध रूपमा अनुभव गर्न सक्ने क्षमता प्राप्त हुनु पर्दछ । जुन विपश्यनाको अभ्यासद्वारा प्राप्त हुन्छ । यस अभ्यासले पहिले नाम-रूपको उत्पन्न र व्यय हुने सत्यको अनुभव हुन्छ । यसलाई तटस्थ भावले हेर्दै जाँदा चार अपाय गति तर्फ लैजाने भव बनाउने सारा संस्कार क्षीण हुन्छ तब नाम-रुप भन्दा परको, छः इन्द्रियहरू भन्दा परको नित्य र शाश्वतको पहिलो अनुभव हुन्छ । यो अवस्थालाई स्रोतापन्न भनिन्छ । भविष्यमा नितान्त विमुक्त हुन सक्ने क्षमता यस अवस्थामा प्राप्त हुन्छ । ऊ मुक्तिको स्रोतमा पुग्दछ । यस अवस्थामा पुगे पछि अपाय गतिबाट त मुक्त भएकै हुन्छ, अझ अगाडिका मार्गमा जान प्रयत्नशील हुन्छ । यस्तो व्यक्ति अधिक भन्दा अधिक सात जन्मसम्म जिएर बाँकी रहेका सारा गतिहरूबाट नितान्त विमुक्त हुन्छ ।

*[(साभार : त्रिपिटक में सम्यक सम्बुद्ध भाग-१) 'विपश्यना' बुद्ध वर्ष-२५४६; भाद्र-२०५९; वर्ष-१९; अङ्क-५]*

# दिलतता

रेसन तुलाधर

वय्तला वै आपालं थुगु धरतिइ
नियति सिर्जन घःचाःया ।
किन्तु वयाः थन यायेगु छु खः ले ?
न्ह्यप्पु वालाः छं बिचाः या ।

दुःख । दुःख !! स्वः स्वः थाय् दुःख ।
भुनातल केवल जाल सुखं ।
रथया सल थें ब्वाँजक वन रे ।
जः खः चेतना छुं हे मखं ।

चाय्कल गुम्हस्यां थुगु खँ इलय् हे
जीवन सुथः वया लूगु जुल ।
थःत इनाः जगया भिं स्वइम्हं
निरवाण लँपु ध्वदूगु जुल ।

दिलतता, छन्त व लँपुई खना जिं ।
थःगु माथं नं वनाच्वंगु ।
किन्तु भिंम किजा वनेवं छाय्
थुलि याकनं दिपाः कैगु ?

★

# धर्महीन जीवन

रामभक्त प्रधान, बनेपा

आजको यो संसारमा
धर्म छैन शरम छैन
लाज छैन नियम छैन
विवेक छैन बुद्धि छैन
नियम छैन कर्त्तव्य छैन
आमाबुबा प्रति अदव छैन
त्यसैले राम्रो कर्म रोप्न सकेन



*May all sentient being attain*
*the highest state of completeness*
*being on the foot steps of Buddha*
*Happy Vaishakha Festival*
*2547*

**H • O • T • E • L**
**Lumbini Garden**
**NEW CRYSTAL PVT. LTD.**
Buddha Nagar, Mahilwar
LUMBINI, NEPAL.
Phone: (071-580145)
Fax: 071-580045

**New hotel Crystal**
**Pokhara** (PVT.) Ltd.
Nagdhunga, Pokhara, Nepal.
Phone: (061) 520035, 520036
Fax: 977-61-520234

**Reservation/Head Office:–**
38 Chhusya (Baha) Galli, Jyatha Tole, P.O. Box 1253
Kathmandu, Nepal.
Phone: (01) 4228561, 4228011, Fax: 977-1-4228028
Internet: http//www.bestwestern.com/np/newhotelcrystal
E-mail: ajsthapit@mail.com.np

Downloaded from http://www.dhamma.digital

सप्तरत्न धन - १

# श्रद्धा-१

✍ प्रकाश बज्राचार्य

"ए बूढी सुन्यौ ? यसपाली हाम्रो गाउँमा भिक्षु धर्मालोक आउँदै छन् ।" यसो भन्दै मुसूकाजीले आफूले बोकेर ल्याएको डोको थचक्क बिसाएर जीउमा लागेको धुलो झार्न थाल्यो ।

"किन ? कथा भन्न आएको हो कि ?" भित्र आगो बाल्न नसकेर दिक्क भएकी स्वास्नी चाहिंले सोधी ।

"अनि, यसपाली ३ महिनासम्म यहीं बर्षावास बिताउने रे ।" यसो भन्दै मुसूकाजी धुलै धुलो भएको सुकुलमा थचक्क आसन जमायो ।

स्वास्नी चाहिंले दुईवटा फापरको रोटी अलिकति नून र एउटा पानीको भाँडो अगाडि पसारि दिइन् । त्यसपछि उनी त्यहीं बसी बत्ती कात्नमा तल्लीन भइन् र भनी– "खोइ के गर्ने, न पैसा छ, न अन्न । भिक्षुलाई के दान दिने ? भएको चामल पनि वैद्यराजलाई दिएँ । छोरोलाई मखमलि साहुले उनीरूको आँगनमा आयो भनेर कुकुरले टोकाएर पठाएछन् । हेर्दै डरलाग्दो घाऊ- वैद्यलाई नदेखाइ भएन ।

रोटी खाइराखेको मुसूकाजीले हरेस खाँदै भने "के गर्नु; हामी गरीबलाई सबैले हेप्छन् । सत्यलाई ठाउँ नहुने हुनाले त यसलाई कलियुग भनेको होला ! अस्ति गोरे बाजेको परेवा मखमलि साहुको छोरोले गुल्लेरी हानी मारेको भनेर भनिदिएकोले साहुजी बिग्रयो । उसको छोरोलाई पिटाउने भनेर मलाई त देखी सहँदैन । मखमलिको पनि के दोष ? धाक देखाउने उ होइन, उसको धन हो । हामी गरीब, बोल्ने ठाउँ नै छैन । दुवैजना एकै छिन चूप लाग्छन् । मौनता भंग गर्दै मुसूकाजीले भने, "जे भए पनि भिक्षुलाई केही त दान दिनै पर्ला । केही नभए दुइटा रोटी पकाएर दिनु पर्ला । बरु एक छाक भोकै बसुँला, के भयो र !"

"ए साहुनी– तिमीले सुन्यौ ?" तमाखु खाँदै विछ्यौनामा पल्टिरहेका मखमलि साहुले भन्यो ।

'के हँ ?" उत्सुक हुँदै पूजा गरिराखेकी श्रीमतीले सोधी । मुखभरी भरेको धुवाँ फाल्दै साहुले भने– "हाम्रो गाउँमा भिक्षु धर्मालोक बर्षावास बस्नको लागि आउँदैछन् । गाउँलेहरू सबै दान दिन जान्छन् । हामी पनि जानु पर्ला । आखिर हामी गाउँको साहु न हौं ? राम्ररी झकिझकाउ गरी दान दिनु पर्ला । नाउँ त राख्नै पऱ्यो । कसो; हैं ?"

"कुनै पनि गाउँले भन्दा कम हुने गरी दिने राम्रो हुँदैन है ! नदिए पनि सबैले गिज्याउलान् । यी भिक्षु भन्नेहरू पनि कुरासुरा गर्छन्, खान्छन्, हिंड्छन् । कति हाइसञ्चो ।" "जे भएपनि मुसूकाजी भन्दा नराम्रो गरी दिनु हुँदैन । यसपाली उसको नाकै तोड्नु पर्छ । जसको त केही छैन, उसैको त्यत्रो धाक ।" साहुले आफ्नै शुरमा भने । भित्र श्रीमती चाहिंले आरतीको घण्टी बजाएकी सुनियो ।

सबैको मन प्रफुल्लित छ । पहेंलो चीवर, थालभरि मोहर, दुई थाली फलफूल, एक डोको चामल । अघि-अघि कश्मिराको दौरा लगाई लट्ठी टेकी मखमलि साहु आइपुग्यो । भारतबाट झिकाएको नयाँ जुत्ता लगाउँदै, औंलामा लगाएका टल्किने औंठीहरू सबैलाई देखाउँदै साहु आइपुग्यो । हेर्दैमा ससुराली जान लागेको जमिन्दार देखिन्थ्यो । उसको पछि पछि दान दिने सामान बोकेका नोकरहरूको ताँती ।"

शान्त, निर्मल र उज्यालो मुख हुने भिक्षु धर्मालोक एउटा रूखको छहारीमा बसिराख्नु भएको थियो । अगाडि चारैतिर उपासक, उपासिकाहरू बसिरहेका थिए । धमाधम आफुले दान दिन ल्याएका सामान चढाउँदै बस्दै गर्न लागेकाहरू पनि छन् ।

सिंहको चालमा मखमलि साहु सरासर भिक्षुकहाँ गयो । सबैले बाटो छाडिदिए । साहुले भिक्षुलाई वन्दना गऱ्यो । नोकरहरूको हातबाट दान दिने सामान लिंदै दान दिन थाल्यो । बसिरहेकाहरूका मनमा खुल्दुली भए; कसै कसैले त दान दिने वस्तु हेर्नलाई गर्धन लम्ब्याए । दान दिन सिद्धिसकेपछि साहुले फनक्क फर्केर चारैतिर हेरे । छात्ति फुलाउँदै सरासर फर्के । सबै छक्क ! सबै आश्चर्य !! सबै ईर्ष्यालु !!! तर भिक्षु भने त्यस्तै शान्त, त्यस्तै निर्मल, त्यस्तै निश्चल ।

धेरैजसो श्रद्धालुगण लाजले दान दिन नै गएनन् जाने पनि कसरी सूर्यको अगाडि जुनकिरी जस्तो ।

कुनामा बावरीको अचार, फापरको दुईवटा रोटी लिइराखेका मुसूकाजी अन्तरद्वन्द्वमा पर्छन्। उसलाई पनि जाउँ कि नजाउँ हुन्छ। भिक्षुको अगाडि सजाइराखेको थालहरू एकचोटी आफ्नो हातमा भएको सामानमा एकचोटी दृष्टि दिन्छन्। अन्तमा हीन भावनालाई श्रद्धाले जित्दछ र विस्तारै पाइला चाल्दछ। भिक्षुको अगाडि घुंडाले टेकी निहुरेर दुई हातले रोटी चढाउँछ। बसिरहेका भीडको बीचबाट मखमलि साहुका मान्छेहरू गलल्ल हाँस्दछन्। त्यस्तै अरूहरू एक पछि अर्को गर्दै हाँस्न थाल्दछन्। अन्तमा त्यो वातावरण नै हाँसोले गुन्जिछन्। मुसूकाजीको मुख रातो भई आँखाबाट दुई थोपा आँसु झर्दछ। उसको लागि त्यसबेला पृथ्वी नै फाटे पनि हुन्छ जस्तो भयो।

"तिमीहरू किन हाँसेको ?" सुमधुर, शान्त, स्वर मा भिक्षुले सोधे। सबै चुप। फेरि भिक्षुले भने– "उपासक, उपासिकाहरू ! श्रद्धाले दिएको दानमा गिल्ला गर्नु ठीक छैन। मूल्यवान वस्तु नै दान दिनु पर्छ भन्ने केही छैन। दान दिंदा धनभन्दा पनि श्रद्धा नै आवश्यक पर्दछ भन्ने कुरा थाहा पाउनु। हेपेर वा हेला गरेर भिक्षु संघलाई गराएको भोजन भन्दा श्रद्धाले एक गाँस जुठो भात दान दिएको नै उत्तम हो। हेपेर सुनको महल दान दिनुभन्दा श्रद्धाले माटोको एउटा सानो भाँडो दान दिनु नै उत्तम हो। मन नलागि नलागि बगैंचा दान दिनुभन्दा श्रद्धाले, भित्री मनले दुईवटा फूल चढाउनु नै श्रेष्ठ ...। उपासक, उपासिकाहरू धनवान हुँदैमा मात्र उत्तम, सुहाउँदो, असल मान्छे हुँदैनन्। साँचैको मान्छे हुन ७ वटा गुण धर्म हुनु पर्दछ। त्यो हो श्रद्धा, शील, हिरी, ओतप्प (लज्जा, भय) श्रुत, त्याग र प्रज्ञा। यही ७ वटा गुण धर्मलाई नै सप्तरत्न वा सप्तसत्पुरुष धन भन्दछन्। सप्तरत्न धन पैसा भन्दा पनि ठूलो छ। धन चाहीं हुरी आए जस्तै आउँछ र बाढी गए जस्तै जान्छ। सप्तरत्न धनलाई न आगोले पोल्छ, न पानीले बगाउँछ, न चोर डाँकाले लुट्न सक्दछ, न त्यसलाई सुरक्षित गर्न सन्दुक भित्र नै राख्नु पर्दछ। यसको अंशबण्डा गर्नु पनि पर्दैन। पैसाको लोभले अरूले हस्तक्षेप गर्न सक्दछ, तर गुण धन आफ्नै व्यक्तिगत हो। तर आजकलको जमानामा पैसा विना बाँच्न सकिदैन। पैसा पनि चाहिन्छ तर विद्वानहरूको लागि पहिला सप्तरत्न धन ठूलो हुन्छ अनि त्यसपछि पैसा ठूलो हुन्छ। त्यसैले हामीलाई श्रद्धा नै पहिला आवश्यक पर्दछ। त्यसपछि मात्र पैसाको मूल्य हुन्छ। श्रद्धा पैसाभन्दा पनि श्रेष्ठतम हुन्छ।

भिक्षुको प्रवचन हुँदै थियो। विहारभरि नै शान्त वातावरण थियो। कुनामा बसेर खूब ध्यान दिएर आनन्दरत्न एक चित्त लगाएर सुनिराखेको छ।

"भन्ते ! यो श्रद्धा भनेको के हो ?"

"श्रद्धा कुनै व्यक्ति वा कुनै सिद्धान्तप्रति भित्री मनदेखिको विश्वास हो, आदर हो। जस्तो हामीले पञ्चशील सुन्छौं, बुझ्छौं। यसमा विश्वास भएपछि पञ्चशीलप्रति आदर हुन्छ, श्रद्धा हुन्छ। त्यसपछि हामी पञ्चशील ग्रहण गर्दछौं।

आफूसंग आइराखेका आनन्दरत्नलाई भिक्षुले बुझाउँछन्। उनीहरू दुईजना गाउँ डुलिराखेका छन्। "के यो श्रद्धा नभई हुँदैन ?"

"श्रद्धा नभई पनि हुँदैन, तर बढी हुन पनि हुँदैन।"

आनन्दरत्न आश्चर्य मान्दै भन्दछन् "कसरी ? मैले बुझिन भन्ते !"

भिक्षुले भन्नुभयो– "त्यति धेरै श्रद्धा पनि राख्नु हुँदैन जसले गर्दा हामी सधैं उम्कन नहुने गरी टाँसिएर बस्नुपर्ला, अस्ति मात्र भारतमा एकजना किसानलाई सपनामा देवी दुर्गाले भनिन्– "तिम्रो पूजाबाट म ज्यादै असन्तुष्ट छु, मलाई भोग चाहिन्छ।" साँच्चै भोलिपल्ट त्यो किसान मन्दिरमा गई आफ्नो घाँटी आफैले चटक्क काटे। सत्य घटना यस्तो धेरै श्रद्धा पनि हुँदैन जसले गर्दा धेरै दुःख कष्ट भोग्नु पर्दछ, नचाहिने धारणामा परिन्छ।"

अगाडि नै एकजना जोगी आकाशमाथि हात उठाएर बसिराख्यो। भिक्षुले जोगीलाई देखाउँदै आनन्दलाई बुझाए "हेर त्यो जोगीको हातको के महत्व भयो ? हात काम गर्नको लागि हो, त्यसै राख्नको लागि होइन। सूर्यप्रतिको उसको भक्ति नै राम्रो छैन। आफूलाई अकर्मक हुने गरी राख्ने श्रद्धा साँच्चैको श्रद्धा होइन, अन्धा भक्ति हो।"

अघिदेखि मन खुलदुल भएको आखिरमा आनन्दले भनिहाले– "श्रद्धा भनेको नै कानो हो नि, भन्ते ! श्रद्धाले हुन्छ हुँदैन भनेर हेरिरहँदैन। हेर न त्यो जोगीले हात चढाउँदाको फाइदा, बेफाइदा केही विचार नै गरेन। अघिको किसानले पनि आफ्नो ज्यान दिन पछि हटेन। यो केबाट भयो ? श्रद्धाले गर्दा नै भयो। त्यसैले श्रद्धा अन्धो हो।"

भिक्षु मुसुक्क हाँसेर– "ठीक भन्यौ, श्रद्धा अन्धो हो, तर अति भए पछि मात्र। श्रद्धा प्रकाश हो, प्रकाश


Downloaded from http://www.dhamma.digital

भए उज्यालो आउँछ, बाटो देखिन्छ, नभए अँध्यारो हुन्छ। केही पनि देखिँदैन । धेरै भए पनि हुँदैन । आँखा तिरिमिराउँछ। बाटो छुट्याउन सकिँदैन। धेरै श्रद्धा पनि हुँदैन । नभए पनि हुँदैन । बुद्धको मध्यम मार्ग अनुसार ठीक्कको श्रद्धा चाहिन्छ ।

यसरी उनीहरू बिस्तारै विस्तारै कुरा गर्दा गर्दै गइराखे । दुवैजनालाई हतार छैन । भिक्षुलाई फुर्सद छ, आनन्दलाई सुन्न उत्सुकता छ । बाटोमा हिंड्ने सबैले भिक्षुलाई वन्दना गर्दै जान्छन् । कसैले दान पनि दिएर जान्छ । त्यसैबेला फेरि आनन्दले आफ्नो शंका प्रस्तुत गर्दछ– "श्रद्धा र विश्वासले गर्दा केही कुराको पनि विकास हुँदैन । अहिलेसम्म सूर्यलाई रथको देवता भनेर विश्वास गरेको भए सूर्यको वास्तविक रूप हामीले कसरी थाहा पाउन सक्छौं । कुनै पनि कुराको शंका, उपशंकाले गर्दाखेरि त्यस विषयको प्रगति गर्न सकिन्छ, होइन, भन्ते ?"

भिक्षुले भन्नुभयो– "धेरै श्रद्धा, धेरै विश्वास हुनु हुँदैन । तर विना विश्वासले प्रगति पनि त हुन सक्दैन । आफू आफू सबैमा अविश्वास भएको खण्डमा सामुहिक कार्य केही पनि गर्न सकिँदैन । त्यसपछि कसरी प्रगति हुन्छ ? श्रद्धा राख्नैपर्छ, तर असल ठाउँमा मात्र । श्रद्धा राख्ने भन्दैमा जहाँ पायो त्यहीं राख्नु मूर्खहरूको मूर्ख्याइँ हो । बौलाहाहरूको कल्पना हो ।"

छेडीबाट एउटा बालक कुदेर आउँछ । ठक्कर खाएर त्यहीं लड्छ । भिक्षुले विस्तारै त्यस बालकलाई उठाई दुखेको ठाउँमा सुम्सुमाई दिनु हुन्छ । बालक लाजले भाग्छ । बच्चा भागेको देखेर आनन्दले हाँस्दै सोध्दछ– त्यसोभए भन्ते श्रद्धा कहाँ कहाँ राख्ने ।"

"सुनारले सुनलाई जाँच गर्छ, जाँच गर्दा त्यसलाई पोल्छ, पिट्छ, घोट्छ । अनि आफू सन्तुष्ट भएको खण्डमा मात्र उसले सुन भनेर विश्वास गर्दछ । त्यस्तै कोही प्रति श्रद्धा गर्नु अघि भक्ति र विश्वास गर्नु अघि आफूले विचार गर्नु पर्दछ, हुन्छ जस्तो लाग्दछ भने मात्र श्रद्धा राख्नुपर्छ । त्यसपछि विश्वास भए मात्र श्रद्धा हुन्छ र विचार गर्ने काम हुन्छ । आफूले थाहा नपाएको कुरा आए, यदि पूर्ण श्रद्धा भएको व्यक्तिले भनेको खण्डमा अनुकरण गर्न सजिलो हुन्छ" भनेर भिक्षुले बुझाउनु भयो ।

अगाडि सानो दुईवटा बोका "म्याँय् म्याँय्" गर्दै तानेर लगेको देखियो । अघि अघि पूजाको सारदाम लिएका दक्षिणा पाउने आशाले प्रफुल्लित भएका पुरोहित पछि पछि राम्ररी झकिझकाउ गरेर लुगा लगाएका जजमानहरू मासु खान पाइने साथै स्वर्गमा आफ्नो ठाउँ सुरक्षित हुने आशाले मख्ख छन् ।

उनीहरूलाई देखेर भिक्षुले भने– "ल हेर तिनीहरूको अन्ध विश्वास । हो, होइन, हुन्छ हुँदैन भनेर विचार नगरी श्रद्धा राख्यो भने यस्तो अन्ध विश्वासमा परिन्छ । यदि देवता शर्वशक्तिमान नै हो, वरदान दिनसक्ने भए किन अर्काले हिंसा गरेको भरमा बाँच्दछन् । बोका बलिदिए स्वर्ग गईन्छ भने मान्छेको बलिबाट स्वर्ग गइँदैन ? पुरोहितहरू भन्दछन् "यो पाप होइन पुण्य हो । यस्तो पुण्य गर्नेहरू सोझै स्वर्ग जान्छन् । तर आफू मरे पनि स्वर्ग गइन्छ भने पुरोहितहरू पनि किन कोही मर्न चाहँदैन ? यसरी केही विचार नगरी विश्वास गर्नु अन्ध श्रद्धा हो, अन्ध विश्वास हो ।"

आफ्नो मनमा अन्तर्द्वन्द्व भएको हुनाले आखिरमा आनन्दले सोधिहाले– "यस्तै हो भने, 'भन्ते श्रद्धा नै किन गर्नुपर्‍यो ? श्रद्धाले विगार्ने बाहेक सपार्दैन ।" भिक्षुले जवाफ दिन्दैन । दुवैजना सरासर गइराखे । एक ठाउँमा एउटा दुधे बालकसंग आमाचाहिं ख्याल गरिराखेको थियो । "आमा भन बाबा, आमा ।" बच्चाले आफ्नै तालले लडबडे स्वरमा भन्दछन् "आ...म्मा ।" यो देखर भिक्षुले सोध्नु हुन्छ– "आनन्द ! यो आमाचाहिंले बच्चालाई आमालाई बाबु भन्ने सिकाए के हुन्छ ?" आनन्द अकमकिन्छ बोल्न सक्दैन । भिक्षुले नै भन्नुभयो– "आमा बाबुले नै बच्चालाई किताब, 'लठ्ठी' लाई दूध भन्न सिकाए के हुन्छ ? तर यस्तो सिकाउँदैन । यो विश्वासको कुरा हो । के त्यो बच्चाले आमा बाबुले झूठ कुरा सिकाउँछ भन्ने शंका गर्ने ?"

उत्तर आउँछ– "भन्ते ! बच्चाले आमा बाबुलाई विश्वास गर्नु नै पर्दछ ।"

भन्तेले भन्नुभयो– "त्यसैले विश्वास र श्रद्धा चाहिन्छ नै । आफूले राम्ररी भन्न नसक्दाखेरी नजानेको बेला अर्काको विश्वासमा नै बस्नु पर्दछ । पुस्तक बोकी आएका बच्चाहरू स्कूल गइराखेको देखेर भिक्षुले फेरि भन्नुभयो– "उ त्यो बच्चाहरू देख्यौ ? के त्यो बच्चाहरूलाई शिक्षकले नभएको सिकाउँछ भन्ने शंका गर्दछ ? उनीहरूलाई विर्गादछ भन्ने मनमा राख्ने ? उनीहरू गुरु (शिक्षक) प्रति विश्वास भएर नै सिक्न गएका । शिक्षकले के सिकाए त्यही नै अनुकरण गर्दछ ।

किनभने उनीरूको गुरुप्रति विश्वास छ। यदि विश्वास र श्रद्धा नै नभएका मान्छे भए उसले के सिक्न सक्दछन् ?" "बुक" माने पुस्तक भनेर जसले भने पनि विश्वास गर्दैन भने उसले 'बुक" माने पुस्तक भन्ने कहिले पनि थाहा पाउन सक्दैन। आमा बाबुले सिकाएको भाषामा विश्वास गरेन भने उसले भाषा कहिले पनि सिक्न सक्दैन। त्यसैले बिश्वास नभई हुँदैन। विश्वास भएका व्यक्तिप्रति श्रद्धा हुन्छ। त्यसैले हामीले आमा, बाबु, गुरुप्रति श्रद्धा राखौं आदर राखौं, मान मर्यादा राखौं।

कुरा गर्दा गर्दै एउटा पसलनिर आइपुग्दछ। आनन्दले फेरि सोधे– "भन्ते ! थकाइलाग्यो होला, अलि आराम लिनुहोस्। पसल हाम्रो नै हो।" भन्तेले त्यहीं थकाइमार्नु भयो। चीसो पानीले तिर्खा मेट्यो। भन्तेले भन्नुभयो– "विना विश्वासले काम बन्दैन। लेनदेन र व्यापारमा पनि विश्वास नभई हुँदैन। विश्वास नभएको मान्छे विश्वमा बाँच्छु भन्ने कल्पनासम्म पनि गर्नु डर लाग्दो हुन्छ।

विश्वास र आदर नभएको केही पनि व्यवस्था सम्भव छैन। चाहे त्यो समाजवाद नै होस् चाहे पुंजीवाद। केही वेरपछि भन्तेले फेरि भन्नुभयो– "आफूले नजानेको थाहा नभएको छ भने त्यो मान्छेले सिक्न अरूको भरोसा लिनु पर्दछ। उसलाई विश्वास गर्नुपर्दछ। त्यसैले बौद्धहरू बुद्धप्रति, भिक्षुहरूप्रति श्रद्धा राख्दछन्। जस्तो एउटा बाटो हराएको व्यक्तिले बाटो देखाइदिएका व्यक्तिप्रति विश्वास गरी पछि पछि लाग्दछ। त्यस्तै हामीले पनि हामीलाई सिकाउनेप्रति श्रद्धा राख्नुपर्छ। फेरि अर्काको श्रद्धा विगार्नु पनि मानवता होइन। अर्काको विश्वास र श्रद्धा जित्न सक्ने मान्छे ढुक्क हुन्छ, सन्तोष र सुखी हुन्छ। पैसा मात्र भएर निडर सन्तोष र सुखी हुँदैन। त्यसैले श्रद्धा धन नै ठूलो हो। केही चिज सिक्न धन मात्र भएर पुग्दैन, श्रद्धा पनि चाहिन्छ। श्रद्धा निर्मल, निश्चल र शुद्ध हुनु पर्दछ। श्रद्धाले जातपात र धनी गरीबको भेदभाव राख्दैन।

आनन्दरत्न सन्तुष्ट हुन्छ, भिक्षुलाई बन्दना गर्दछन्। त्यसैबेला एकजना डोको बोकेकी एउटी बुढीले आफ्नो डोको बिसाउँछिन्। हेर्दै चाउरे परेको मुख, झुत्रो लुगा लगाएकी दुब्लो त्यो बुढीको हातमा झुत्रो कपडामा पोको पारेको केही चीज छ। बिस्तारै-बिस्तारै भिक्षुकहाँ जान्छिन्। पोको फुकाउँछ। पोकोमा अलिकता मकै देखिन्छ। पसलभित्रका पसले कराएर ल्याउँछ "ऐऽ.ऽऐऽ.ऽ के गर्न लागेकी ? तिमीले पनि दान दिनु हुन्छ ? जसले छोएको पानी त पिउन हुँदैन। उसले मकै दान दिनु हुन्छ ?"

नजीक बसिराखेकाहरू सबै गलल्ल हाँस्दछ। आनन्दरत्नलाई अप्ठ्यारो लाग्दछ। अर्को एकजना व्यक्तिले भने–

"भन्ते दान नलिनुहोस् ! त्यो कामिनी हो, त्यसलाई छुनु हुँदैन। फेरि अर्को बोल्दछ– "जाउ-जाउ, बुढी आफ्नो घर। कुवाँले भ्यागुतोले हिमाल चढ्ने कोशिश नगर्नु।"

बुढीले आँखाभरी आँसु पारी पोका बन्द गरी फनक्क फर्कन्छ।

"उपासिका !" भिक्षुले मधुर स्वरमा डाक्यो। बुढीले पछाडि हेऱ्यो भन्तेसँग पात्र नभएकोले चीवरमा नै थाप्नुभयो। बुढी खुशी भई मकै खन्याइदिई। भुइँमा घुँडाले टेकी वन्दना गरी। वन्दना गर्दा दुईथोपा आँसु पनि झारी।

आनन्दरत्नको मन नै प्रफुल्लित हुन्छ भन्तेको निर्मल हृदय देखी, बुढीको भित्री मनदेखिको श्रद्धादेखी ...। ■


**विश्वमा शान्तिका प्रवर्तक महामानव गौतम बुद्धको त्रिसंयोग महिमा बोकेको**

**२५४७ औं बुद्ध पूर्णिमाको सुखद् उपलक्ष्यमा**

**सबैमा मंगलमय शुभकामना !**

बुद्ध शासन अनुशरण गरेका एशियाका प्रख्यात बौद्ध देशहरू थाइलैण्ड, म्यान्मार (बर्मा) र सिंगापुरका ख्यातिप्राप्त बौद्ध स्थलहरू तथा सांस्कृतिक अवलोकन गर्न इच्छुक उपासक उपासिकाहरूलाई सरल, सुविधायुक्त तथा मनासिब खर्चमा तीर्थयात्राको ब्यवस्था गरिएको छ।

*सम्पर्क: उद्योगरत्न तुलाधर, वनस्थली, बालाजु। फोन: ४३५०५२८*




Downloaded from http://www.dhamma.digital

नमोतस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स



# सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

"लुम्बिनी दर्शन शान्ति विश्राम"ले धार्मिक सेवा भावना लिई सम्पूर्ण देशवासी नेपाली दाजु-भाई, दिदी-बहिनीहरूलाई सुविधाजनक खान, बस्न सबै सुविधा दिई माइक्रोभ्यान A/C भएको तथा एअरबस A/C भएको गाडीद्वारा माहामानव गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा सम्पूर्ण तयारी भएको बौद्ध विहार ९-१० ठाउँमा निर्माण भएको अवलोकन गराउने र कपिलवस्तुस्थित कनकमुनि बुद्ध जन्म भएको ठाउँमा अशोक महाराज सवारी भै त्यस ठाउँमा अशोक स्तम्भ र शुद्धोधन माहाराजको दरवार साथै ककुच्छन्द बुद्ध जन्म भएको ठाउँमा अशोक महाराजले राखेर गएको अशोक स्तम्भ र शाक्यहरूलाई मारेर गाडेको ठाउँ र भगवान बुद्धको आठ (८) भाग अस्ती धातु मध्ये एक (१) भाग अस्ती धातु रहेको ठाउँ रामग्राम साथै भगवान बुद्धको मावली, मायादेवीको माइती 'देवदह' आदि यी सबै १५-१६ ठाउँ अवलोकन गराई दुई (२) रात तीन (३) दिन प्याकेज यात्रा गराई ल्याउने भएको छ ।

मानव-मानवमा धार्मिक भावना लिनुभै हाम्रो नेपालस्थित महामानव शान्तिका अग्रदूत भगवान बुद्धको जन्मस्थलमा दर्शन गर्न जाउँ भन्ने भावना लिनुभै यस 'लुम्बिनी दर्शन शान्ति विश्राम' मा सम्पर्क राख्न हुन सम्पूर्ण नेपाली दाजु-भाई, दिदी-बहिनीहरूमा विनम्र अनुरोध गर्दछु ।

## होटेल हीरा प्रा. लि.

ठँहिटी, क्वाबहाल, काठमाडौं, नेपाल ।

**फोनः** ४२५९५४२, ४२५९६७१



## जुनम एण्ड पुनम इन्टरप्राइजेज

स्पेशल हाण्डीक्राफ्टको लागि सम्झनुहोस् ।

## जे.वि. ह्याण्डिक्राफ्ट इन्टरप्राइजेज

ह:खा टोल, ललितपुर

फोनः ५५३७६२७ **मोबाइलः** ९८१०-३८४६९



*With best Compliments*

**FROM**

BELTRONIX

COMPUTER & ELECTRONICS ENGINEERS

PO BOX 1064
PRATAP BHAWAN
KANTIPATH, KATHMANDU
NEPAL

Tel.: 4249684, 4249784, 4249984, 4249285
Fax: 977-1-4249059
e-mail: beltronix@bcd.wlink.com.np
url: ...www.beltronix.com.np



*May all sentient beings be enlightened through emanating waves from the fountain of world peace !*
*Happy Vaisakh Festival 2547 !*

MLK

**Multi - Link (P.) Ltd.**

Dilli Bazar, Kathmandu, NEPAL
Tel.: 4420-200, 4421-578
Fax: 977-1-4431437

***Our Services:***
CIVIL ENGINEERING SERVICE
PROPERTY VALUATION
SECRETARIAL SERVICE
COMMUNICATION SERVICE



**Best Wishes !**

**RED SUN**

**Sports point**

***Sports and Musical Goods Wholeseller and Retailer***
Kantipath, Jyatha, Kathmandu, Nepal

**Also Remember us for:**
Manufacturing of School Belts,
Badges, Medals, Name Plates, Shields, Trophy,
Electroplating, Etching and
all types of screen prints as per your desired order

☎ **4267069, 4248856**
Res. : **4259870**
Fax : **977-1-4269284**
sportspoint@mail.com.np



२५४७ औं बैशाख पूर्णिमाको उपलक्ष्यमा सम्पूर्ण मानवमात्रको कल्याण कामना गर्दछौं ।

**श्री सिद्धि विनायक क्याटरिङ्ग सर्भिस्**

चारखाल डिल्लीबजार, काठमाडौं ।
फोनः ४४२२९६०
पेजरः ९६८१-१६५३४

विवाह, व्रतवन्ध, पास्नी, पिकनिक र सेमिनारहरूमा लञ्च, डिनर, टिपिन, ब्रेकफास्ट, हाफ-फुल क्याटरिङ्गका साथै पाल, मेच, भाँडाकुँडाहरू र कुक, वेटर, मसल्ची मात्र पनि उपलव्ध गरिन्छ ।


Downloaded from http://www.dhamma.digital

# २१ औं शताब्दीको नेपालमा बौद्ध धर्मको अवस्था

✍ खेन्पो ङग्वाङ वोशेर लामा

## आरम्भ

सिद्धार्थ गौतम बुद्धका जन्मभूमि नेपाल (काठमाडौं उपत्यका) बाट ७ औं शताब्दीको शुरुतिर बुद्ध धर्म हिमवत खण्डका प्रान्तमा प्रवेश गरे । त्यहाँ महारानी भृकुटी देवी (बलजाठिचुन) ले राजधानी ल्हासामा अक्षोभ्य बुद्ध मन्दिर स्थापना गर्न लगाईन । जो त्यस प्रान्तका प्रथम बौद्ध गोम्पा र हालसम्म ज्होखाङ्को नामले प्रख्यात छन् । त्यसपछि धर्मराजा स्रोङचनगाम्पो र उहाँका महारानी भृकुटी देवीको खलाँती धर्मराजा ठिस्रोङदेउचनको समयकाल (सन ७८७) मा काठमाडौंबाट महोपध्याय शान्तरक्षित र पद्मसंभव (गुरु रिन्पोक्षे) भोट जानु भई समये महाविहार स्थापना गरेर बौद्ध धर्मको अध्ययन-अध्यापनको शुभ आरम्भ गरेका थिए । बौद्ध धर्मलाई प्रोत्साहन दिन गुगे राजाका निमन्त्रणामा नालन्दका महा विद्वान् अतिश दीपङ्कर श्रीज्ञान (सन् ९८२-१०४५) ताका भोटमा जानुभयो । धर्म प्रचार गर्ने क्रममा उहाँ तिब्बतका ङेथाङ नामक स्थानमा परलोक हुनुभयो । भोटका बौद्ध विद्वान् डोगमीबाट संस्कृत भाषा सिकेका गुरु मर्पा (सन १०१२-९७) आफै पनि नेपाल र भारतमा बौद्ध धर्मका बारेमा गहन अध्ययन गर्न गए । उहाँबाट कर्ग्युद धर्म सम्प्रदायको प्रचार भयो । मर्पाका चेला महायोगी मिलाऱ्पा (सन १०३९-११२२) नामुद फिरन्ते सिद्ध थिए । उनले नेपालका उत्तरी हिमाली क्षेत्रका गुफाहरूमा ध्यान गरेर ती क्षेत्रहरूमा बौद्ध धर्मका जग बलियो पार्ने काम गर्नुभयो ।

## नेपालका महायानी लामाहरू

नेपालका विभिन्न भू-भाग मध्ये काठमाडौं उपत्यका र हिमाली क्षेत्र बुद्ध धर्मका अनुयायीहरूको मूल थलो मानिन्छ तर काठमाडौं उपत्यकाको थेरवादीहरूको सम्बन्ध भारत र श्रीलंका आदि देश सित थियो भने हिमाली क्षेत्रका सम्बन्ध तिब्बतसित । ऐतिहासिक प्रमाण अनुसार हिमाली क्षेत्रका बौद्ध लामाहरूको खस मल्ल राजाहरूसंग राम्रो सम्बन्ध भएको देखिन्छ । १७ औं शताब्दीताका भूटानका लामाहरूको काठमाडौं र गोरखाका शाहाराज्यहरूसंग राम्रो सम्पर्क भएको नेपाल भूटान सम्बन्धी पुरानो कागजपत्रमा पाइन्छ । त्यसैगरी स्वयंभू महाचैत्यको परिसरमा अवस्थित मरमे ल्हाखाङ (गोम्पा) वि.सं. १८३४ - ५४ ताका रण बहादुर शाहको पालामा निर्माण भएको उक्त गोम्पा १९१२ सालमा नेपाल र भोटको लँडाई हुँदा भुटानका देव धर्म भोट तर्फ लागि नेपाल विरोधी काममा लागेकोले जंग बहादुरको प्रधानमन्त्रीत्वमा खारेज गरेको कुरा लामा सन्तवीर (२०४०) ले जनाएको छ ।

स्थानीय बासिन्दाहरूका भनाई अनुसार राजा जगतजय मल्लको पाला (सन १७२३) मा कान्तिपुरमा ठूलो महामारी फैलेर देश संकटमा परेको बेलामा किरोङ प्रान्तका लामा ञिमा सङ्ग्यलाई आमण्त्रण गरी महामारी रोकथाम गर्न लगाइएको थियो । त्यसको दक्षिणा स्वरूप लामालाई एकसय घोडा दान दिनुभएको र त्यसबाट योल्मो तर्ग्यग्याङ स्थापना गरेको हो । तर्ग्यग्याङको अर्थ एकसय घोडाको गोम्पा भन्ने हुन्छ । त्यसैगरी १२ औं शताब्दीमा नै भोटका डिगुङ गोम्पाका सङ्ग्ये लामाले हुम्ला जिल्लाको हलली गाउँमा गोम्पा स्थापना गरेर धर्म प्रचार गरेको, त्यसैगरी १५ औं शताब्दीको पूर्वार्द्धमा मुस्ताङ राज्य स्थापना गरी बौद्ध धर्मअनुसार राज्य संचालन गरेका थिए । विश्वका सर्वोच्च शिखर सगरमाथाका आसपासमा ११ औं शताब्दीतिरै बौद्ध धर्म प्रचार भएतापनि प्रकाशमा आउन सकेन, पछि १८ औं शताब्दीका जारोङफु गोम्पाको लामाका प्रभावले गर्दा खुम्बु क्षेत्रमा धर्म प्रचार गर्न मद्दत पुगेको छ।

सन १९१७ मा खुम्ज्युङका लामा गुरुले विश्वका उच्च स्थानमा अवस्थित तेङपोक्षे गोम्पा स्थापना गर्नुभयो । यसलाई १० वर्ष पछि ९० सालको महाभूकम्पले क्षतिग्रस्त पारेतापनि निकट कालमा नै पुन निर्माण गर्ने काम सफल भयो । यहीताका फबलुपा लामासङ्ग्यले पनि सोलुमा च्छिवाङ गोम्पाको स्थापना गर्नुभएको थियो । सन १९३५ मा भुटानका शेराब दोर्जे लामाले बखाङ योल्मो (सिन्धुपाल्चोक) मा गोम्पा

निर्माण गरी डुग्पा कर्ग्युद परम्पराका मतहरू प्रचार प्रसार गरी बौद्ध धर्मका उत्थान गर्ने काम गरेको थियो। यसरी पूर्व मेची देखी पश्चिम महाकाली सम्मका उत्तरी हिमाली क्षेत्रहरूमा धेरै गोम्पाहरू बनाइएको थियो । लामा भिक्षु-भिक्षुणी उपासक-उपासिका सबैले खाइ नखाई बौद्ध धर्मका संरक्षण गर्ने अविस्मरणीय कामहरू गरे । जसका फलस्वरूप हाल अधिराज्यमा हिमाली परम्पराका गोम्पा संख्या ४५०० जति भएको अनुमान छ, यी सबैले आ-आफ्नो तर्फबाट बौद्ध धर्मका झण्डोत्तोलन गर्ने काम गरिरहेको छ भन्दा अत्युक्ति नहोला ।

## नेपालका स्थविरवादी भिक्षुहरू

नेपालका थेरवादको प्राचीन इतिहास स्पष्ट छैन । सन ६३६ को अन्त्यतिर भारतबाट लुम्बिनीमा तीर्थ गर्न आएका चीनीया तिर्थयात्री ह्वेनसाङको यात्रामा कपिलवस्तुमा स्थवीरवादको उल्लेखको साथै नेपाल उपत्यकामा तीन हजार जति थेरवादी भिक्षुहरू भएको उल्लेख भएतापनि उपत्यकामा स्थवीरवादको पुन: प्रवेश भने २० औं शताब्दीको प्रारम्भतिर भएको मान्न सकिन्छ । बालचन्द्र शर्माले "नेपालको ऐतिहासिक रुपरेखा" पृ. १२३ मा "नेपालका भाषा वंशावली अनुसार शंकराचार्य भगोडा बौद्धमार्गीहरूलाई लखेट्दै नेपाल पनि आए । यहाँ उनले भएभरका बौद्धहरूलाई पराजित गरेर हिन्दु धर्ममा दीक्षित गरे । बौद्ध भिक्षुणीहरूको जबरजस्ती विवाह गराइयो र उनीहरूलाई गृहस्थी हुनमा कर लगाइयो । यस अवसरमा शंकराचार्यले ८४ हजार बौद्ध ग्रन्थ पनि जलाइएको कुरा वंशावलीमा उल्लेख छ" भनी कइरनले लेखेको छ। त्यस घटनाबाट थेरबाद भिक्षु-भिक्षुणीको संघ विस्थापित भएको जनाएपनि निम्न उल्लेखित प्रमाणले १८ औं शताब्दी सम्म काठमाडौं उपत्यकामा भिक्षुहरू भएको अनुमान हुन्छ ।

नेपाल सम्वत ५०० मा राजा भएका जयस्थिति मल्लले नेपाल सम्वत ५१५ मा ब्राह्मण गुरु पुरोहितद्वारा कलश स्थापना गराई सामाजिक सुधार भन्दै नयाँ नियम लागु गरे। मनुस्मृति अनुसार ४ वर्ण ३६ जातको कानुन लागु गर्दा यहाँका बौद्ध मार्गीहरूले विरोध गरे । ती विरोधको सामना गर्ने भिक्षुहरू माथि आक्रमण गरियो। प्रत्येक भिक्षुहरूको चीवर हरण गरी थेरवादी विहार-हरूमा भिक्षुहरू खाली गर्दै त्यस उप्रान्त कुनै पनि व्यक्ति थेरवादी भिक्षु हुन नपाउने आदेश जारी गरे । यसको अलावा उपत्यका बाहिरका थेरवादी विहारहरूबाट भिक्षुहरू लखेट्ने मात्र होइन, त्यहाँका विहारहरू समेत भत्काउने कार्य गरे। अनैतिक र भ्रष्ट आचरणबाट टाढा रहने भिक्षुहरूको उन्मुलन गरेपछि गृहस्थमा फर्केका यी भिक्षुहरू महायान धर्ममा लाग्न बाध्य गराइ दियो । यसैकारणले थेरवादी भिक्षुहरू एकपछि अर्को गर्दै बेवारिसे अवस्थामा पुग्न गएको धर्मोदयले प्रष्ट पारेको छ ।

१९ औं शताब्दीको पूर्वार्द्धमा नेपाल खाल्डोमा थेरवाद बौद्धपरम्पराको शुरुवात ल्हासा (पूर्वी तिब्बतका खाम) बाट आउनुभएका क्यान्छा (क्याङ्छ्याग) लामाबाट भएको हो । उहाँले पूर्व तिब्बतको खामबाट लगभग ३ बर्ष लगातार कठोर साष्टांग ढोग गर्दै नेपालका स्वयंभू महाचैत्य र बौद्धनाथ चैत्य (छ्योर्तेन ज्यारुङखशोर) को दर्शन गर्न आउनुभएकोले क्याङ्छ्याग (साष्टांग ढोग) गर्ने लामा भनिएको बुझिन्छ । लामाज्यूको नामसंग जोडिएको अर्को व्यक्तित्व धर्ममान साहु हुनुहुन्छ। साहुज्यूले स्वयंम्भू महाचैत्यको जिर्णोद्धार कार्य गर्नुका साथै यो धर्मले मूल जरो गाड्ने काममा बीजारोपण गर्ने कार्य समेत गर्नुभयो । बौद्ध धर्म प्रति साहु धर्ममानको आस्था तथा ल्हासासितको घनिष्ट सम्बन्धको कारणले क्यान्छा लामाज्यू धर्ममान साहुको आतिथ्यमा रहनुभएको थियो । यसबाट भगवान बुद्धले दिनुभएको धर्मोपदेश बारे थाहा पाउने र धर्म प्रवचनहरू दिने कार्यको थालनी भयो । वि.सं. १९८७ सालमा श्रामणेर भिक्षु कर्मशील तिब्बती भाषामा ठिन्ल्य छुल्ठिम काठमाडौंमा आएर भिक्षाटन गरेपछि यहाँको बुद्ध धर्ममा नयाँ चेतना र उत्साह थपियो । ने.सं. १०४८ मा २८ बर्षको उमेरमा तिब्बतको राजधानी ल्हासामा फोर्खा रिन्पोक्षेको उपाध्यायत्वमा गेलुङ (भिक्षु) को दीक्षा लिनुभइ स्वदेशमा नै धर्म प्रचार गर्न आएका इटुम्बाहल निवासी कुलमान सिंह हुन जो थेरवादमा लाग्नुभएपछि प्रज्ञानन्द भनी प्रसिद्ध हुनुभएको छ । यस अघि बौद्ध धर्मको आधारशिला भिक्षुसंघ भएको कुरा मनन गरी वि.सं. १९८१ सालमा छेरिङ नोर्बु लामाले नातीकाजी श्रेष्ठ (पछि थेरवादमा लाग्नुभएपश्चात भिक्षु महाप्रज्ञा) कान्छा वन्देज्यू (भिक्षु महाचन्द) दालचिनीसाहु (भिक्षु



Downloaded from http://www.dhamma.digital

महाज्ञान) बेखराज (भिक्षु महावीर्य) ज्ञान रत्न (भिक्षु महाशान्ति) लाई लामा भिक्षु बनाइएको थियो । यिनीहरूले धर्म परिवर्तन गरे भन्ने अभियोग लगाई तिनीहरूमाथी मुद्दा चलाइयो र लामा भिक्षु छेरिङ नोर्बुलाई अपराधी घोषणा गरेर बि.सं. २००१ (सन १९३४) साल तिर राणा प्र.म.जुद्ध शमशेरले तिनीहरू सबैलाई देश निकालाको सजाए दिए । यस्तै नेपाल अधिराज्यभित्र जोसुकै भिक्षुभएपनि देश निकाला गरे । विशेषगरी भिक्षु महाप्रज्ञा जन्मजातको हिन्दु नेवार भएको र मुलुकी ऐन अनुसार हिन्दू धर्मान्तरण गैरकानुन थियो ।

सन १९४६ नेपालमा भिक्षुहरूलाई स्वतन्त्रता दिनुपर्छ भनेर श्रीलंकाका नारदमहास्थवीर, भिक्षु अमृतानन्द प्र.म. पद्मशमशेरसँग वाता गर्न नेपाल आए । त्यसपछि देश निकाला भएका भिक्षुहरूमध्ये सर्वप्रथम धर्मालोक नेपालमा प्रवेश गरे । त्यहाँ देखि नेपालमा थेरवादले पुन: जीवन प्राप्त गर्ने गरेको देखिन्छ।

त्यसपछि धर्मप्रति आस्थावान धार्मिक प्रवृत्तिका श्रद्धालु उपासक उपासिकाहरू अत्यन्त आकर्षित भएर पुन: बुद्ध धर्म प्रस्फुटन हुनथाल्यो । यसरी प्रेरित हुने व्यक्तिहरूमध्ये पहिले गेलुगपा सम्प्रदायको लामाबाट भिक्षुशील लिनुभएको भिक्षु महाप्रज्ञा, भिक्षु प्रज्ञानन्द महास्थवीर र महावीर्य हुनुहुन्छ। उहाँहरूले सन १९३० तिर कुशी नगरमा चन्द्रमणी महास्थविरका उपाध्यायत्वमा स्थविरवादको नियम अनुसार क्रमश: श्रामणेर र भिक्षुको शील लिनुभयो । तसर्थ उहाँलाई नेपालका बौद्धहरूले 'त: धीम्ह भन्ते" (जेठा) भन्तेका नामबाट चिन्दछन् र नेपालमा थेरवाद भिक्षुका पहिलो व्यक्तित्वहरू उहाँहरू नै भएको बोध हुन्छ।

बुद्ध भूमि नेपालमा बुद्ध धर्म प्रचार गरेको अभियोगमा वि.सं. २००१ साल (सन १९३४) मा राणा प्र.म.जुद्ध शमशेरले ८ जना नेपाली भिक्षु तथा श्रामणेर हरूलाई देश निकाला गरे पनि यस अगाडि नै अनागारिका धम्मचारीले क्याङ छ्याग लामाबाट शिक्षा प्राप्त गरी अष्टशील व्रत लिने र बौद्ध परम्पराका पूजा संचालन गरी बौद्ध धर्मको प्रवाहलाई अघि वढाउने तथा गति दिने काम गर्नुभयो । राणा सरकारको दवावका बावजुद पनि उनले गाउँ-गाउँमा गएर धर्म प्रचार गरेकाले २० औं शताब्दीमा नेपालका बुद्ध धर्ममा गुरुमाँहरूको पनि ठूलो देन रहेको देखिन्छ । त्यसपछि उहाँहरूकै प्रेरणामा वर्तमान श्रद्धेय भिक्षु महास्थविर भन्तेज्यू र गुरुमाँहरूले स्थवीर बुद्ध शासनलाई अगाडि बढाउन ठूलो प्रयास गर्दै आउनुभएको परिणामस्वरूप अखिल नेपाल भिक्षु महासंघ, विश्व शान्ति विहार, बुद्ध विहार लगायतका धेरै संख्यामा स्थविर बौद्ध परम्पराका विहारहरू स्थापना भएको देखिन्छ।

*क्रमश: ...*

## धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू

क्र.सं. ३९४

***तुमला बज्राचार्य***

बनेपा १०, शुभकामना हल अगाडि

(पनौती रोड)

रु. १००१/-

क्र. सं. ३९५

***घो मय्जु महर्जन***

ठमेल, काठमाडौं ।

रु. १००५/-

क्र. सं. ३९६

***श्रीमती कुसुम शाक्य***

कुलेश्वर, काठमाडौं ।

रु. १,१११/-

क्र. सं. ३९७

***ज्ञानशोभा तुलाधर***

बोरीचुक, असन

रु. १,००५/-

क्र. सं. ३९८

***श्यामनान बज्राचार्य***

कोपुण्डोल, ललितपुर

रु. १,००५/-



*May all sentient beings be enlightened through emanating waves from the fountain of world peace !*

*Happy Vaisakh Festival 2547 !*

**Stationery Center**

New Road, Kathmandu
NEPAL
Phone: 4223949



२५४७ औं बैशाख पूर्णिमाको
उपलक्ष्यमा
समस्त प्राणीमात्रमा सुखमय जीवन
बिताउन सकोस् भन्ने
शुभकामना ब्यक्त गर्दछु ।

**नेपाल आदर्श निर्माण कं. (प्रा.) लि.**

कुलेश्वर, काठमाडौं, नेपाल ।
फोन: ४२७८६२५



२५४७ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा
समस्त ग्राहक वर्गहरूमा हार्दिक मंगलमय
शुभ-कामना गर्दछौं ।

**लुम्बिनी फाइनान्स एण्ड लिजिङ्ग कं. लि.**

पोष्ट बक्स नं. ११५०३
त्रिदेवमार्ग, ठमेल, काठमाडौं ।
फोन: ४४२३४४५, फ्याक्स: ९७७-१-४४२५६५५
e-mail: lufil@mos.com.np



बुद्ध जयन्तीको पावन अवसरमा
समस्त जगतको सुख समृद्धिको
कामना गर्दछौं ।



सुन, चाँदीको गरगहना बनाउने
विश्वासिलो एवं भरपर्दो ठाउँ

**शाक्य ज्यासः पसः**

डिल्लीबजार, काठमाडौं
फोन: ४४२१३८२

Downloaded from http://www.dhamma.digital

*( कुरा पुरानो हो तर आज पनि ताजै छ । - सं.)*

# सम्मेलनले मानसिक धरातल माथि उठाउने विश्वास

*(राजधानी काठमाडौं, पूर्वाञ्चलको धरान, बुद्ध जन्मस्थल लुम्बिनी, राजा शुद्धोदनको राज्यको राजधानी कपिलवस्तु हुँदै राष्ट्रिय बौद्ध सम्मेलनले यस पटक पोखरा सम्मको यात्रा तय गर्दैछ । प्रत्येक २ बर्षमा गरिने राष्ट्रिय बौद्ध सम्मेलन यही पुस ८, ९ र १० गते यहाँ सम्पन्न हुँदैछ र यहींबाट २ बर्ष पछि कहाँ गर्ने त्यो ठाउँको तय हुनेछ । पाँचौं राष्ट्रिय बौद्ध सम्मेलन व्यवस्थापनको जिम्मा धर्मोदय सभा, कास्कीले लिएको छ । सम्मेलनको उद्देश्य, तयारी तथा बौद्ध धर्मका अन्य समसामयिक पक्षहरूमा धर्मोदय सभा कास्कीका अध्यक्ष विल बहादुर गुरुङ्गसंग जनमत दैनिकका तर्फबाट लिइएको अन्तर्वार्ता प्रस्तुत गरेका छौं - सं.)*

**- राष्ट्रिय बौद्ध सम्मेलन गर्ने स्थान कसरी छनौट गरिन्छ प्रकाश पारिदिनु हुन्छ कि ?**

*श्री गुरुङ्ग-* प्रथम राष्ट्रिय बौद्ध सम्मेलन २०४४ सालमा काठमाडौंमा सम्पन्न भयो । त्यस बेला सम्मेलनका सहभागीहरूले राजधानी वाहिर सम्मेलन गरिनु पर्ने विचार व्यक्त गरे पछि प्रत्येक २ बर्षमा गरिने यो सम्मेलन क्रमश: राजधानी वाहिर भइरहेको छ । बौद्ध सम्मेलन गर्न ईच्छुक जिल्लाले विधिवत् निर्णय गरेर पठाए पछि केन्द्रले स्थान निर्धारण गर्छ ।

**- बौद्ध सम्मेलन संयोजन गर्न सरकारी स्तरबाट सहयोग प्राप्त हुन्छ कि ?**

*श्री गुरुङ्ग-* तिलौराकोटमा भएको सम्मेलनका लागि सरकारले डेढलाख रुपिया दिएको थियो । हाम्रो यसपटकको खर्च करीव ८ लाख हुने अनुमान छ । हामीले रु ४ लाख माग गरेका थियौं तर यस पटक पनि सरकारले डेढलाख मात्र दिने कुरा सुनेको छु ।

**- धर्मोदय सभा कास्कीले के उद्देश्य राखेर यो सम्मेलनको आयोजना गरेको हो, स्पष्ट पारिदिनु हुन्छ कि ?**

*श्री गुरुङ्ग-* मूलत: बौद्धहरूमा जागरण ल्याउने उद्देश्यले नै सम्मेलनको आयोजना गरेका हौं । पोखरा दोश्रो महत्वपूर्ण पर्यटन क्षेत्र तथा चेतनशील क्षेत्र भउको हुँदा राष्ट्रव्यापी रुपमा पर्यावरणीय चेतना जगाउने दृष्टिकोण पनि यसले लिएको छ ।

**- कतै आध्यात्मिक पक्ष भन्दा पर्यटकीय प्रचार प्रसार लाई बढी महत्व त दिइएको छैन ?**

*श्री गुरुङ्ग-* बौद्ध शिक्षाको प्रचार प्रसार नै हाम्रो प्रमुख उद्देश्य हो ।

**- सम्मेलनमा प्रस्तुत गरिने पूर्यावरण, बुद्धधर्म र पोखरा सम्वन्धी कार्यपत्रले बुद्ध धर्मलाई संकुचित बनाएन र ? सिंगो नेपाललाई नै कार्यपत्रले समेट्नु राम्रो हुन्थ्यो कि ?**

*श्री गुरुङ्ग-* विश्वमा शान्ति र अमन चैन कायम होस् भन्ने हामी बुद्धमार्गीहरूको मूल ध्येय हो । यहाँ भएका वौद्धहरूलाई चेतनशील र जागरुक बनाउन यस किसिमको कार्यपत्र प्रस्तुत गरिन लागेको जस्तो मलाई लाग्छ ।

**- यो सम्मेलन आध्यात्मिक उन्नति र चेतना विकासका लागि कत्तिको सहयोगी होला भन्ने यहाँलाई लाग्छ ?**

*श्री गुरुङ्ग-* यसका लागि धेरै चिन्तन मननको खाँचो छ । छोटो समयमा त्यत्ति गहिरिएर जान त संभव नहोला । तर "नेवार पनि बौद्धमार्गी हुन् ? गुरूङ्ग पनि बौद्धमार्गी हुन्छन् ?" भन्ने मानसिक धरातलबाट माथि उठ्न सम्मेलनले मद्दत गर्छ मेरो विश्वास छ ।

**- बुद्ध शिक्षालाई यहाँले कुन दृष्टिले हुर्न भएको छ ?**

*श्री गुरुङ्ग-* "भाले काटेर पूजा गर्ने र बुद्धको मूर्ति राखेर ढ्यांग्रो ठटाउने संस्कार लिएर म हुर्केको हुँ", मैले बुद्ध धर्म धेरै बुझेको छैन तथापि बुद्ध धर्म बैज्ञानिक र व्यवहारिक छ र यसलाई व्यवहारिक हिसावले अगाडि बढाउनु पर्छ भन्ने मलाई लाग्छ ।

**- यो सम्मेलनले बुद्ध धर्मलाई व्यवहारिक रूपमा अगाडि बढाउन कत्तिको मद्दत गर्ला भन्ने यहाँलाई लाग्छ ?**

*श्री गुरुङ्ग-* व्यवहारिक रुपमा अगाडि बढाउनु पर्छ भन्ने मेरो व्यक्तिगत आग्रह हो । सम्मेलन के कस्तो निर्णयमा पुग्छ त्यो त प्रतीक्षाको विषय हो ।

**- सम्मेलनका लागि स्थानीय सहयोग कत्तिको जुटेको छ ?**

*श्री गुरुङ्ग-* हामीले आवास, खाजा र भोजनका लागि स्थानीय सहयोग जुटाएका छौं । ■ *'साभार: जनमत दैनिक पत्रिका'*



२५४७ औं स्वांया पुन्हीया
लसताय् सकल नेपामिं पिन्त
दुनुगलं निसें भिन्तुना ।

**सम्याक जेम्स एण्ड ज्वेलर्स**

न्हू सतकः यें, नेपाः
फोनः ४२४४६५८
e-mail: ktcraft@bs.wlink.com.np



शान्ति नायक गौतम बुद्धको
जन्म, सम्बोधि तथा महापरिनिर्वाण संगालेको
२५४७ औं बैशाख उत्सवमा सबैको
मंगलमय शुभ-कामना !

| नमूना सिलाई | नमूना कटेज | भेष भूषा |
|---|---|---|
| नयाँ सडक | बाँसबारी | विशाल बजार |
| फोन: ४२५६६६८ | फोन: ४३७२०८१, ४३७७२०१ | फोन: ४२४३२३६ |



**All the Best Wishes**
**on the auspicious occasion of**
**Vaisakh Festival 2547 !**

# TAKURA

**NEBULA FRUIT PRODUCTS**
*(Manufacturer of Fruit Squash and Jam)*
KHA-1-625, KALIMATI
KATHMANDU-4, NEPAL
TEL.: 4270309 FAX: 977-1-4271439
e-mail: sail@wlink.com.np



२५४७ औं बैशाख पूर्णिमाको उपलक्ष्मा
समस्त ग्राहक वर्गमा हार्दिक
**शुभ-कामना**
व्यक्त गर्दछौं ।

**होटल क्यानरी**

पोष्ट बक्स नं. २२१०, बागबजार
काठमाडौं, नेपाल ।
फोन: ४२२०७४०, ४२४१३२७
**e-mail: canary@ccsl.com.np**

Downloaded from http://www.dhamma.digital

# शंका रहित सम्यक् मार्ग

✍ आचार्य श्रीधर राणा

थेरवाद अनुसार स्रोत आपन्न भन्नु वा महायान अनुसार दर्शन मार्ग भन्नु र अविकल्प अनुभूति भन्नु उही कुरा हुन् । बौद्ध धर्मको सन्दर्भमा अविकल्प अनुभूति भनेको असंस्कृतको सीधा साक्षात्कार या प्रत्यक्ष अनुभूति हुनु हो । जबसम्म हामीसँग अनुशय धातुको रूपमा क्लेशहरू हुन्छन्, तब सम्म हाम्रो चित्तमा संञ्ज्ञाविपर्यसको निरन्तरता कायमै रहने हुनाले यसले हाम्रा अनुभूतिहरूलाई बिकृत पारिरहेका हुन्छन् । हाम्रो हेराइमा (अनुभवमा) आउने त्यो बिकृतिलाई नै विकल्प (Concept) भन्दछन् । र जब ती सकृय हुन थाल्छन् त्यसबेला 'तृष्णा' भनिन्छ । तृष्णा भन्दा पनि अगाडि त्यो बिकृतिलाई उत्पन्न गराउने तीन कुराहरू हुन्छन् ।

१. तृष्णा (वीज रूपमा)
२. अस्मिमान (म छु, त्यो छ आदि प्रकारका सूक्ष्म धारणाहरू)
३. दृष्टि (गलत शिक्षा, आफूले लिएका गलत निष्कर्ष आदिको कारणले अवचेतनमा घुसेका मिथ्या धारणाहरू)

यी तीन कुराहरू चित्तले केही नसोचेको बेलामा पनि दुर्बल विकल्पहरूको रूपमा रहिरहेका हुन्छन् । यी दुर्बल विकल्पहरू द्वारा बिगारिएका देखाइलाई विपर्यास संज्ञा भन्दछन् । यी बिकृत हेराइले (विपर्यास संज्ञाले) गर्दा चित्त स्पष्ट र कुनै पनि स्थूल विकल्पहरूबाट मुक्त हुँदा हुँदै पनि हाम्रो हेराइमा चार बिपर्यास दृष्टि उत्पन्न हुन्छ जसले गर्दा हामीलाई दु:ख पनि सुख जस्तो, अनित्य पनि नित्य जस्तो, अशुभ पनि शुभ जस्तो र अनात्मा पनि आत्मा जस्तो लाग्छ ।

त्यसैकारण जबसम्म १) क्लेश (तृष्णा) २) अस्मिममान र ३) दृष्टि अनुशय धातुको रूपमा चित्तमा रहन्छन् तब सम्म साँच्चिकै अविकल्प बन्न सकिँदैन । त्यसकारण यी तीन कुरालाई केही पनि नगरेर केवल बिचारलाई रोक्ने प्रयास गर्दैमा या सीधै हेर्ने प्रयत्न गर्दैमा सही अविकल्प अवस्थातिर लागिदैन । किनकी यी तीन कुराहरू बीजरूपमा त्यहाँ रहिरहेका हुन्छन् र अविकल्प मानिसको अनुभूतिलाई बिकृत पारिराखेका हुन्छन् । त्यस्ता अवस्थाहरू साँच्चिकै अविकल्प नभएर मोह ब्याप्त भएका अवस्थाहरू हुन् जहाँ बिचारहरू हुँदैनन् र चित्तले संज्ञाविपर्यासलाई सीधैं बिचार रहित अवस्थाबाट अनुभव गरिरहेको हुन्छ र यी संज्ञा विपर्यासलाई नै अविकल्प वास्तविक (तथ्य) भनेर विश्वास गरिरहेको हुन्छ ।

त्यसकारण हामीले पहिले तृष्णा-वीज, अस्मिमान-वीज र दृष्टि-वीजलाई क्षय गर्दै अन्त गर्नु पर्छ र अनी मात्र अविकल्प अवस्थाको कुरा सम्म गर्न सकिन्छ । यी तीन कुराबाट र संज्ञा विपर्यासबाट मुक्त भएको चित्त वास्तवमा अविकृत (न विग्रिएको) भैसकेको हुन्छ । अविकृत भन्नाले यसले धर्महरूलाई यथाभूत याने जस्ताको तस्तै देख्छ । 'यथाभूत' भन्नु नै अविकल्प भन्नु सरह हो । अविकल्प असंस्कृतलाई कुनै प्रयत्नद्वारा उत्पन्न गरिने होइन । त्यसकारण जसले कुनै प्रकारको प्रयत्नबाट या कुनै प्रकारको ध्यान विधिबाट अविकल्प बन्ने प्रयास गरिरहन्छन् उनीहरूले स्वयंमै बिरोधपूर्ण काम गरिरहेका हुन्छन् । जसले 'असंस्कृत' लाई प्राप्त गर्नया उत्पन्न गर्न प्रयास गर्छन् तिनीहरू पनि आफैमा बिरोध गरिरहेका हुन्छन् । असंस्कृतलाई कुनै प्रयासबाट पनि उत्पन्न गर्नया पाउन सकिंदैन । यदि यसलाई पाइयो या उत्पन्न गर्न सकियो भने त्यो संस्कृतै हो र असंस्कृत होइन ! आखिर संस्कृत भनेको नै 'उत्पन्न गरिएको' हो भन्ने परिभाषा छ ।

त्यसो भए के को लागि हामीले प्रयत्न गर्ने त ? के को लागि ध्यान गर्ने त ? त्यो त 'अविकल्प' लाई उत्पन्न गर्न होइन । अविकल्प हुनलाई प्रयत्न गर्नु पनि असंस्कृतिलाई उत्पन्न गर्न प्रयत्न गर्नु सरह विरोधपूर्ण हुन्छ । हामीले त चित्तलाई 'अविकल्प' या 'असंस्कृत' अवस्थामा रहन वाधा पुऱ्याइरहेका संस्कारहरूलाई हटाउन प्रयत्न गर्छौं र ध्यान गर्छौं । ती संस्कारहरू तृष्णा, अस्मिमान, र दृष्टि नै भएका हुनाले सम्यक मार्गहरूमा यी तीनवटालाई घटाउन र अन्तमा प्रहाण गर्नु सँग सम्वन्धित हुनै पर्छ । यी तीन कुराहरूको प्रहाण भैसके पछि संज्ञा बिपर्यास स्वत: रोकिन्छ । संज्ञा

विपर्यास लाई रोक्न अरू केही गर्नु पर्दैन किनकि यो यिनै तीन कुराबाट आएको हुन्छ । यो त जुन गुफाको अँध्यारो हटिसकेको छ त्यसलाई केही पनि गर्नु नपरे जस्तै हो । जव संज्ञा विपर्यास हट्छ तव चित्तले धर्महरू यथाभूत देख्न थाल्छ । यसरी कुनै कुराले अभिसंस्कृत न तुल्याइएको चित्तलाई नै 'असंस्कृत' चित्त भन्दछन् । चित्तले सबै धर्महरूलाई यथाभूत अनुभूति गरेपछि त्यही नै 'अविकल्प अनुभूति' भनिन्छ याने त्यस्तो अनुभूति जो वास्तविक अनुभूतिमा हुँदैनभएका ती विकल्पहरूलाई रोक्ने र सीधै हेर्ने भन्ने होइन । जस्तो रजनीश आदी गुरुहरूले मान्यतापूर्वक भन्ने गरिन्छ । हामीले त्यसो गर्‍यौं भने पनि तृष्णा, अस्मिमान र दृष्टि यी तीन सूक्ष्म (दुर्बल) विकल्पहरूले अझै पनि हामीले के हेर्न खोजेको हो त्यसलाई विकृत बनाईराखेका हुन्छन् । त्यसैले यी तीन विकल्पहरू संग सामना नगर्ने ध्यान विधिले अविकल्प अनुभूतिमा आईपुग्न सकिदैन चाहे त्यस्ता ध्यान तीन असंख्य कल्पसम्मै किन नगरोस् ।

तृष्णा सीधै क्लेशसंग सम्बन्धित भएको र क्लेश कुशल-अकुशल कर्मसंग सम्बन्धित भएको हुनाले कुशल र अकुशल कर्मको एक-एक बुझाई हुनुका साथै दैनिक जीवनमा तिनीहरूलाई अभ्यासमा उतार्नु एक दिन आफ्नो चित्त असंस्कृत अवस्थामा आइपुग्नको लागि धेरै नै महत्वपूर्ण भाग छुन जान्छ । वौद्ध ध्यानले यथाभूत अनुभूतिको उत्पादनगरी वाधा दिइरहेका संस्कारहरूलाई हटाउने काम गर्छ । त्यसैले बौद्ध धर्ममा 'मार्ग' भनेको त किनारा सम्म पुऱ्याउने डुँङ्गा मात्र हो । किनारामा पुगेपछि यसको जरुरी हुँदैन । मार्गले यी तीन कुरालाई पूर्णरूपमा हटाई सकेपछि हामी अविकल्पया असंस्कृत या यथाभूत को किनारामा आई पुग्छौं । बौद्ध सम्यक् मार्गमा यथाभूत अवस्थाको चिन्ता नगरी कतिहद सम्म यी तीन मूल विकल्पहरूलाई हटायौं भन्ने बारेमा चिन्ता गरिन्छ ।

सबै बौद्ध अभ्यासहरू सूत्र, तन्त्र, महामुद्रा, महासन्धि, माध्यामिक, थेरवाद, महायान, बज्रयान आदि-यिनै तीन मूल विकल्पलाई हटाउने विभिन्न उपाय हुन् । यिनीहरू हटिसकेपछि फेरि कुनै प्रकारको ध्यान गर्नुया कुनै मार्गमा हिंड्नु आवश्यक पर्दैन । यी हटाउनु नै चित्तकमल लाई अविकल्प-असंस्कृत यथाभूत-कुमुदको रूपमा फक्रिन पर्याप्त हुन्छ । त्यही नै अशैक्षहरूको अवस्था हो र महायान अनुसार पञ्च मार्ग मध्ये पाचौं र अन्तिम तह हो । अशैक्ष भनेको त्यो हो जसले यी तीन मूल विकल्पहरूलाई पूर्ण रूपले एक-एक गरी प्रहाण गरि सकेका हुन्छन् र तिनीहरूलाई जब कसरी प्रहाण गर्ने भन्ने वारेमा केही पनि सिकिराख्नु पर्ने कुरा बाँकी हुदैन । अत: यी अनित्य-दु:ख-अनात्मा-शून्य आदि प्रतिपक्ष धारणाहरूलाई तबसम्म प्रयोग गरिन्छ जवसम्म यी तीन मूल विकल्पलाई प्रहाण गरेर अविकल्प भईदैन ।

आखिरमा यथाभूत भनेको पनि त सवै अनुभूतिहरूको अनित्य-दु:ख-अनात्मा-शून्यतालाई अविकल्प रूपमा प्रत्यक्ष देख्ने हो किनकि तिनीहरूको यथार्थ स्वभाव नै त्यही हो । यी मूल विकल्पहरूलाई नहटाइकन यथाभूतमा पुग्ने अर्को तरीका नभएकोले वास्तवमा यो एकायनो मग्गो नै हो । त्यसलाई यदि हामी क्लेशावरण याने तृष्णा र ज्ञेयावरण याने अस्मिमान र स्वाभावसिद्धता जस्ता दृष्टिवाट जुन तह सम्म मुक्त भईन्छ, त्यही हदसम्म यथाभूत, अविकल्प र असंस्कृतको नगिच आई पुग्छौं । यसमा कुनै शंका छैन ।

—: त्रिरत्न शरणम् :—

***संकलक : विजय सर्ग:***

## ध्यानकुटी बाल आश्रमलाई सहयोग

बनेपा ध्यानकुटी मेत्ता सेन्टर बाल आश्रमका १२ जना बालिकाहरूलाई जापानका ओकासे आसुचि लगायत साथीहरूको एक समूहले स्कूल जाने युनिफर्म ड्रेस एकरूपको लुगा १२ जोडी दान गरेको छ । ती यसरी रहेका छन्—

१. पाइन्ट १२ वटा
२. ऊनी सुरुवाल ११ वटा
३. रेनकोट १५ वटा
४. मोजा १२ जोडी
५. स्वेटर १२ वटा
६. हलको गलैंचा सफागर्ने मेशीन १ वटा
७. जुजुकाजी शाक्य बनेपा रु. २५००/—



Downloaded from http://www.dhamma.digital

# उत्सुकता र उन्मुक्तताले परिपूर्ण सारनाथको भ्रमण

- धनश्याम राजकर्णिकार



सारनाथको नयाँ मूलगन्धकुटी मन्दिर

सारनाथमा म पहिले दुई पटक पुगिसकेको भए पनि तेस्रो पटक जाँदा मेरो मन-मन्दिरमा उत्तिकै उत्सकुता थियो, उत्तिकै उन्मुक्तता मानौं म नयाँ ठाउँमा गइरहेछु। यसलाई मैले बुद्धदेव प्रतिको मेरो असीम श्रद्धाको अभिव्यक्ति ठानें। सारनाथको त्यो भव्य, सुन्दर तथा रमणीय उद्यानभित्र पस्नासाथ मेरो मन सञ्चो, जिउ हलुंगो भयो। सोझै 'धमेख स्तूप' तिर गएँ। यो त्यही प्रसिद्ध स्तूप हो जहाँ सिद्धार्थ गौतमले सम्यक सम्बोधि प्राप्त गरी बुद्ध भइसकेपछि सर्वप्रथम पाँचजना भिक्षुलाई मोक्ष र निर्वाण प्राप्त गर्न शिक्षा र दीक्षा दिनुभएको थियो जसलाई धर्म-चक्र-प्रवर्तन गरिएको भनिन्छ।

त्यसपछि गाइडले मलाई धर्मराजिक स्तूपको भग्नावशेष भएतिर लगे। सन् १९०८ को उत्खनबाट त्यहाँ भएका अरू स्तूपहरूमध्ये यो धर्मराजिक स्तूप सर्वाधिक महत्त्व, पवित्र र उच्च भएको प्रमाणित भएको छ भनी गाइडले भने। यहाँ पाइएका अस्तिधातुहरू अरू कसैको नभई भगवान् बुद्धको नै हो भनी गाइडले बताए। त्यसपछि नजिकै उत्तरतिर रहेको मुख्य मन्दिर (Main Shrine) को भग्नावशेषतिर गएँ। यहाँ म पहिले गएको थिइन। बुद्धदेवले आफ्ना ६० जना भिक्षुहरूसँग पहिलो वर्षायाम बसेको पवित्र ठाउँ यही हो भन्ने कुरा गाइडबाट थाहा पाउँदा म आनन्दले विभोर भएँ। प्रसिद्ध चिनियाँ यात्री ह्वेन साँगले यहीं भगवान् बुद्ध आराम गर्नु हुन्थ्यो, वर्षावास बस्नुहुन्थ्यो, ध्यान गर्नुहुन्थ्यो भनेर आफ्नो यात्रा- विवरणमा लेखेको पाइन्छ। त्यतै उत्तरतिर विहार नं. २ र विहार नं ३ (Monastery II र Monastery III) का भग्नावशेष पनि पहिलो पटक देखें। त्यहाँ एघारौं शताब्दिमा बौद्ध महारानी कुमार देवीले बताएको भव्य 'धर्म चक्रजिन विहार' को भग्नावशेष पनि गाइडले मलाई देखाए।

यसरी सारनाथमा रहेका स्तूप, चैत्य, विहार तथा मन्दिरहरूका भग्नावशेषहरू देख्ता भगवान् बुद्ध प्रति उहिलेका पूर्खाहरूमा भएको धार्मिक चेतनाको आभासले ममा धेरै उत्सुकता र प्रेरणा जागृत भयो।

सारनाथको भ्रमण गर्दा त्यहाँको नयाँ मूलगन्धकुटी मन्दिरभित्र पसेर हेर्दा त्यसको गरिमा र भव्यताले मलाई निकै बेरसम्म अल्हादित तुल्याइरह्यो। मलाई निकै प्रभाव पारेको त्यो मन्दिरबारे मेरा केही अनुभव र अनुभूतिहरू कोर्न म लालायित छु।

यस मन्दिरभित्र पस्दा ठूलो बैठकजस्तो कोठाको पर कुनामा ८ फूट अग्लो सुनको जलप लगाएको धर्म-चक्र प्रवर्तन मुद्रामा निर्मित सुन्दर बुद्ध मूर्ति देख्ता म आनन्दले विभोर भएँ। त्यस सुन्दर बुद्ध प्रतिमा नजिक पुग्नासाथ मैले आफ्नो श्रद्धा सुमन चढाउन साष्टाङ दण्डवत गरें र त्यतैतिर एकछिन पलेटी मारेर बसिरहें। यतिकैमा त्यहाँ कुनातिर रहेको अंग्रेजी भाषामा लेखिएको एउटा विवरण-पाटीमा मेरो आँखा पर्न गयो। उत्सुकतावस म बिस्तारै उठेर त्यतैतिर गई त्यो विवरण पाटी पढन् थालें। त्यसको भावार्थ यस प्रकार छ - यो विहार (मूलगन्धकुटी मन्दिर) मा

चांदीको वाकस भित्र रहेको बुद्धको अवशेष जुन छ त्यसलाई सन् १९१३-१४ मा सर जोन मार्शलले पन्जावको प्राचीन शहर टाक्सिलामा चांदीको सानो मुठामा बेरेर राखेको अवस्थामा पाइएको हो र यसलाई तत्कालीन भारतका भाइसराय अर्ल अफ विलिङडनले सन् १९३१ मा भारतका सम्राट जर्ज पाँचौको राज्यारोहण भएको बाइसौं वर्षको उपलक्ष्यमा सारनाथको महाबोधि सोसाइटीलाई हस्तान्तरण गरिएको रहेछ ।

यो विवरण पढेर बुद्धदेवको अवशेष परिमाणको दृष्टिले जतिसुकै सानो भएपनि हालसम्म यथावत् रहेको थाहा पाउँदा साह्रै गद्‌गद् भएँ। साथै त्यो अवशेष भएको चांदीको सानो सन्दूस यही मूलगन्धकुटी मन्दिरको सुन्दर बुद्धप्रतिमाको मुन्तिर जतनसाथ राखिएको कुरा पनि थाहा पाएँ ।

यस मन्दिरको बैठक कोठाभित्र दायाँ-बायाँ र दक्षिण तिरको भित्तामा जन्मदेखि निर्वाण सम्मका बुद्धको जीवनसँग सम्बन्धित प्रमुख घटनाका ठूला ठूला राम्रा राम्रा चित्रहरू प्रस्तुत गरिएको अति सुन्दर अति मार्मिक लाग्यो। यी चित्रहरू जापानका प्रसिद्ध चित्रकार कोसेत्स नोसु (Kosets Nosu) ले बुद्धदेवप्रतिको श्रद्धा सुमन वापत सन् १९३२ देखि १९३६ सम्म ४ वर्ष लगाएर बनाएका हुन् भन्ने कुरा पनि गाइडबाट थाहा पाएँ। साँच्चै जापानीहरू जस्तै हामी नेपाली पनि बुद्धप्रति आस्था र श्रद्धा व्यक्त गर्न जान्ने भएको भए बुद्ध भूमि नेपालको गरिमा कति उच्च हुने थियो होला भन्ने भावनामा किन किन पर्न गयो ।

जापानको त्रिचकारले ४-४ बर्ष लगाएर बनाएका भगवान् बुद्धका ती प्रमुख जीवन-झांकीहरूलाई 'लाटाले केरा हेरे' झैं सरसर्ति हेर्नुमा मात्र मैले चित्त बुझाउन, यथेष्ट ठानिन। सर्वप्रथम ती सवै चित्रलाई मैले आफ्नो भिडियो क्यामेरा भित्र संगालें । त्यसपछि ती चित्रवारे गाइडलाई विस्तार वर्णन गर्न अनुरोध गरें । मेरो अनुरोधलाई स्वीकार्दै हाम्रा विज्ञ गाइडले ती चित्रवारे सविस्तार वर्णन गर्न थाले । मैले ती कुराहरू छोटकरीमा आफ्नो नोट बुकमा लेख्दै गएं । गाइडले सर्वप्रथम त्यस मन्दिरको प्रवेश-द्वार अर्थात् दक्षिण भित्ताका चित्रहरूलाई अवलोकन गराएउँदै वर्णन गर्नथाले ।

**दक्षिणी भित्ताः** यसको माथि पूर्व कुनामा मैले देखें - देवगणहरू बोधिसत्व समक्ष हात जोड्दै मृत्युलोकमा जन्मलिनको लागि प्रार्थना गरिरहेका छन्। यसैको तलतिरको चित्रमा रानी महामाया सपना देखिरहेकी छिन् । यी दुवै चित्रको दायाँ अर्थात पश्चिमतिर लुम्बिनीमा सिद्धार्थको जन्म भएको सुन्दर चित्र कोरिएको छ। यतै तलतिर सिद्धार्थको जन्म भएको खुशियालीमा दान क्रियाका चित्र छन् । यससंगैको चित्रमा असित ऋषि सिद्धार्थलाई आदरपूर्वक लिएर हेरिरहेका छन्। यसैको दायाँ माथितिर सिद्धार्थ गौतम एउटा ठूलो वृक्षमुनि पलेटी मारेर ध्यान भावनामा हुनु हुन्छ भने यसैको सामुन्ने अघिल्तिर महाराज शुद्धोधनले हलो जोतिरहनु भएको छ । यसको तलतिर सिद्धार्थ गौतमको गृहत्यागको चित्र बडो मार्मिक तरीकाले कोरिएको छ। यसमा सुतिरहेकी रानी यशोधरा र शिशु राजकुमार राहुललाई सिद्धार्थ गौतम अन्तिम पटक ढोकाबाट चियाएर हेरिरहनु भएको मर्मस्पर्शी चित्रले जस्तोसुकै कठोर हृदयमा पनि भावनाका लहरहरू नफैलाउला भन्न सकिन्न ।

**पश्चिमी भित्ताः** त्यसपछि हामी पश्चिमी भित्तातिर हेर्न थाल्यौं । माथि बायाँ कुनातिर महाभिनिष्क्रमण अर्थात सिद्धार्थ गौतमको गृहत्यागको चित्र बडो राम्ररी प्रस्तुत गरिएको छ। यो चित्रको दायाँ अर्थात उत्तरतिर सिद्धार्थ सत्यको खोजीमा आलार कालम भन्ने एकजना ऋषिसँग कुराकानी गरिहनु भएको छ । यसेको तलतिर सिद्धार्थका पंचभद्र मित्रहरूका चित्रहरू छन् । यतै फेरि तलतिर तपस्यामा लीन हुनु भएका सिद्धार्थलाई सुजाताले क्षीर अर्पण गरिरहेको सुन्दर चित्रले मेरा नेत्रद्वयलाई हुन सम्म तानिरह्यो । यो पश्चिमी भित्ताको बीचमा रहेको ढोका माथि विभिन्न थरिका मारहरू आइलागे पनि सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गर्नु


Downloaded from http://www.dhamma.digital

भएको चित्र मलाई अति सुन्दर, शान्त, महान् लाग्यो । महामना बुद्ध प्रति नतमस्तक बनी शिर झुकाई मैले आफ्नो श्रद्धाभाव व्यक्त गरें । यस चित्रको माथि र तल दुईओटा चित्रहरूमध्ये माथितिर बुद्धदेव धर्म-चक्र-प्रवर्तन गरिरहनु भएको र तलतिर राजा बिम्बिसारलाई उपदेश दिइरहनु भएको छ । यस पश्चिम भित्ताको अन्तमा जेतवन विहार बनाउन अनाथपिण्डकले दिइरहेको दान चित्र कोरिएको छ । पश्चिमी भित्ताका चित्रहरू हेर्दैजाँदा अन्त्यमा हामी त्यस मन्दिरको मुख्य ठाउँ अर्थात् बुद्ध प्रतिमा सम्मुख फेरि पुग्यौं । हेर्दा अहिले नै प्रवचन दिन मुख खोल्नु हुन्छ कि जस्तो लाग्ने त्यस सुन्दर बुद्ध मूर्ति प्रति फेरि एकपटक शिर झुकाई नमस्कार गरी पूर्वी भित्तातिरका चित्रहरू अवलोकन गर्न तल्लीन भएँ ।

**पूर्वी भित्ता:** यो भित्ताको उत्तर कुनावाट हेर्दै जाँदा सर्वप्रथम भगवान् बुद्ध एकजना रोगी भिक्षुको सेवा शुश्रुषा गरिरहनु भएको चित्र देखें । त्यसपछि पानीको लागि युद्ध गर्न तत्पर शाकय र कोलियहरूलाई बुद्ध उपदेश दिंदै हुनुहुन्छ । यसको तलतिर भिक्षु-संघ सहित बुद्धदेव कपिलवस्तुमा हुनुभएको देखें । साथै, महाराज शुद्धोदन र राजकुमार राहुल पनि त्यतैतिर देखिन्छन् । यतैतिर माथिल्लो भागको एउटा चित्रमा देवदत्त र अजातशत्रु बुद्धको विरुद्धमा केहि षडयन्त्र रच्न कुराकानी गरिरहेका छन् । यो देख्ता हामी मानिस उकलेर बुद्धजस्तो महान र ओर्लेर देवदत्त जस्तो छुद्र हुन सक्ने रहेछौं भन्ने भावना मेरो मनमा आयो । यसैको तल एउटी अछूत केटीले भिक्षु आनन्दलाई खानेपानी अर्पण गरिरहेकी छिन् । त्यतैतिर एक ठाउँमा बुद्धदेव हत्यारा अंगुलीमाललाई उपदेश दिंदै हुनुहुन्छ । यस भित्ताको वीचभाग तिर रहेको ढोका माथि चाहि कुशिनगरमा भगवान् बुद्धको महापरिनिर्वाणको चित्र बडो मर्मस्पर्शी ढंगले देखाइएको छ ।

यसरी मूलगन्धकुटी मन्दिर भित्रका भित्ताहरूमा अंकित सुन्दर चित्रहरू एक एक गरी हेर्दै उपयुक्त वर्णन साथ त्यसमा सजीवता भरिदिने गाइड देखि म साह्रै गद्गद् भएँ । त्यसैले काठमाडौं फर्केर आएपछि यिनलाई मैले एउटा प्रशंसा-पत्र (Letter of Appreciation) पनि पठाउन चुकिन । प्रशंसा गर्न योग्यलाई हामीले मौकैमा प्रशंसा गरिहाल्नु पर्छ कन्जुस्याइँ गर्नुहुन्न । यसबाट हाम्रो उदारता मात्र झल्कने होइन, प्रशंसा पाउने व्यक्तिको मनोवल पनि दरो हुन्छ । शायद यस्तैलाई आन्तरिक विकास भनिंदो हो । बुद्धको प्रमुख उपदेश पनि मरेपछि स्वर्गको आशा गर्नुभन्दा यही जीवनमा हामीले आफूलाई विकसित गर्दै मोक्ष (मोहको क्षय) प्राप्त गर्नुपर्छ भन्ने हो । ■

## शान्ति नायकको सम्झना

*- 'ज्योति' शाक्य, का.बु.*

बुद्ध, तिमी हौ धर्म-गगनका
उज्वल महान तारा
शान्ति चाहने मानव सबका
तिमी नै एक सहारा ।

जीवन जगको सत्य बुझेर
बहाई ज्ञानको धारा
दियौ सुशिक्षा, सब नरनारी
समान सम्झी सारा ।

नबन्नू भन्दै, तृष्णा मोहका
लोभले ग्रस्त कमारा
पुण्यको आर्जन गर्न सिकायौ
शील सुचर्याद्वारा ।

हिंसा, युद्ध र द्वेष घृणाको
तोड्न दानवी कारा
लोक हितार्थ सदा सुनायौ
मैत्री प्रेमको नारा ।

हे करूणा अनन्त सागर
मानवताका प्यारा
महिमा तिम्रै सदैव गाउँछौं
सभक्ति हामी सारा ॥



**LET THE GROWING FAITH ON THE TRIPLE GEM BE FIRM PILLAR FOR SUSTAINABLE WORLD PEACE IN THE NEW MILLENIUM !**

mtt

**Manang Tours & Travels (P) Ltd.**

PO Box 5854, Thamel, Kathmandu, Nepal.
Tel: 977-1-4414712 (Hunting Line), Fax: 977-1-4439285
E-mail: info@manang.com
Website: www.manang.com, www.mountainflights.com




JYOTI

*Authorised Distributor:*
**SYAKAR COMPANY LTD.**
Jyoti Bhawan, Kantipath, Kathmandu, Nepal
Tel : 4225132, 4240801, 4256199, 4257488

**Branches:-** • Jyoti Bhawan, Kantipath Tel: 4225377, 4225490 •Teku Tel: 4261227, 4251761 • Tripureswor Tel: 4248861 • Putalisadak Tel: 4435155 • Balaju Chowk Tel: 4361786 • Lalitpur Tel: 5541798 • Bhaktapu Tel: 6611370 • Biratnagar-530334 • Birgunj Ghantaghar-529667 • Birgunj Kalaiya- 550120 • Bhairahawa-524290 • Bharatpur-524217 • Narayanghat-520297 • Hetauda-521881 • Janakpur-520322 • Nepalgunj-520374 • Pokhara-521922 • Butwal-547158 • Birtamod-540452 • Dhangadhi-522018 • Dharan-525168, • B.P. Chowk, Butwal-540648, • Lahan-560955 • Palpa-521166 • Dang-560052 • Damak-581463

Downloaded from http://www.dhamma.digital

# मरेपछि दान

– सुवर्ण शाक्य, ॐ बहाल, काठमाडौं

नेपालमा आफ्ना आफन्त मरेपछि त्यसको नाउँबाट दान दिने चलन छ । यहाँको परंपरागत सांस्कृतिक विधिअनुसार पनि मरेकै दिनदेखि मर्नेको लुगाफाटोदेखि लिएर उनको नामबाट उनी जिउँदो रहँदा उनले उपभोग गर्ने गरेका बस्तुहरूसहित रुपियाँ पैसा दान दिने गरिन्छ । मरेकाको ७ दिने, १० दिने, १३ दिने, १५ दिने, ४५ दिने, ३ महिने, ६ महिने, वर्ष दिने र २ वर्षे आदि दिनहरूमा उनको लागि मोक्षप्राप्ति, वैकुण्ठवास, सुखावतीभुबनवास होस् भनी पुरोहित, संन्यासी, भिक्षुवर्ग आदिमा दान दिने गरी वर्षेपिच्छे श्राद्धको रूपमा दानप्रदान गर्ने गरिन्छ । मरेपछिको त्यसको नाउँबाट दान दिएर आफ्नो मान्छेप्रति देखाएको संझना, श्रद्धा र आत्मीयता ज्यादै उल्लेखनीय सहृदयता हो । उनले उनको जीवनकालमा पाप गरेको भए मृत्युपछि पुराण आदिमा उल्लेख गरिएअनुसार नाना दु:ख भोग्नुपर्ने जस्ता नर कादिमा पुगेर दु:ख भोग्न नपरोस् भनी उनको सुखको कामना गरी दान दिने र पूजा भावना आदि विधि अपनाउने गरिन्छ । मृत्युपदमा पुगेका आफ्ना आमाबाबुको श्रद्धामा आमाबाबुको मुख हेर्ने दिनमा छोराछोरीले तीर्थस्नान गरी दान दछिना प्रदान गर्ने गरिन्छ । नयाँ धारणा जागृत भए अनुसार कोही आफन्तको संझनामा उनको सालिक राख्दछन् । मरेका आफन्तका नाउँमा बस्तु दान दिने, पुस्तक प्रकाशित गरिदिने, पुरस्कारको लागि अक्षयकोष राखिदिने आदि गरी दान स्वरूप संपत्ति अर्पण गरिने पनि हुन्छ । यसरी मरेकाको हित सुख चाहेर आफूसँग रहेको बस्तु दान दिने गरिन्छ ।

बुद्धधर्ममा दानको माहात्म्य ठूलो छ । कुनैपनि बेला, कुनैपनि प्रकारले गरिएको दान मानवीय गुणमध्ये उच्च प्रकारको गुणमा गन्छि । यसरी मरेपछिको संझनास्वरूप दिइने दान एकप्रकारको विशेष दान नै भन्न सकिन्छ ।

मरेपछि आफ्ना आफन्तको गुण र आफन्तपनलाई प्रतीत गरेर आफूसँग भई नभई आफ्नो हकको धन संपत्ति दान गरी त्यस्ताको भावी जुनिहरूमा समेत हित कल्याण चाहना गर्ने गरिएझैं मृत्युपदमा पुगेका त्यस्ता मान्छे प्रति बाँचिरहेकै बेलामा पनि उत्तिकै हितकामी भई आत्मीय भावले उनको जीवन रक्षार्थ बिरामी, वृद्ध र विपन्न अवस्थामा श्रद्धा र सहयोगबाट सुश्रूषा अपनाउनु मरेपछिको दानले श्रद्धा दर्शाउनुभन्दा कम आत्मीय ठहरिँदैन । बुद्धधर्मको शिक्षापदमा त झन् आफन्तप्रतिको व्यवहारसंबन्धी नीति, नियम र आचरण स्पष्टरूपमा किटिदिएको छ । आफन्तप्रतिको श्रद्धा करुणा आदिलाई अँगाली पूर्व-पश्चिम आदि १० दिशालाई प्रतीकात्मक रुपमा दिनहुँ नमस्कार गर्ने नियम नै बुद्धधर्ममा विद्यमान छ । आफन्त भनेपछि व्यवहारमा ठूलो सानो भन्ने हुँदैन र सबै नै उत्तिकै श्रद्धेय र प्रियमा गनिने हुन्छ । यति भएर पनि मरेपछिको श्रद्धाभाव प्रदर्शन गरिएझैं मर्नुअघि जिउँदो बेलामा त्यसरी श्रद्धाभावले वर्ताव गरिएको भने यदा कदा कहीं कहीं मात्र देखिने सुनिने भएको छ । मरेपछिको गरिने यस्ता कर्मक्रियाझैं समाजमा जीवित कालमै श्रद्धाभाव पोख्ने खालको नेपाली संस्कृति नभएको होइन । व्रत उपवास आदि र चाडपर्वमा श्रद्धास्वरूपको जीवनपद्धतिको प्रथा पनि नेपाली समाजमा रहेका छन् । यस किसिमले छोराछोरी दिवस, साथीभाइदिवस, दाजुभाइदिदीवहिनीदिवस, ज्वाइँ ससुरा दिवस, लोग्ने स्वास्नी दिवस, आदि दिवसै दिवसले भरिएको संस्कृति नेपालीको छ । यस्ता प्रथाहरूमा आपसमा दानप्रदानै चलन छ । आज यस्ता आफन्तीय श्रद्धाका चलन सबै विधिमा मात्र सीमित भएर वास्तविक श्रद्धाको उदार भावना खस्किएको छ । आफ्नो संस्कृतिप्रति संरक्षण, सुधार र सद्व्यवहारमा लागेर नयाँ युगअनुकूल वैज्ञानिक किसिमले त्यसलाई उपयोग गरिनु इहलोककै विकास र लोक उद्धारको काम हुने थियो । संस्कृतिको सुधार संरक्षण र व्यवहारमा लाग्ने विचारलाई वास्ता नगरिंदा शान्तभूमि सुन्दर शान्त विशाल भनिने नेपाल अशान्तिले छाएर भताभुंग अवस्थामा गुज्रँदै गएको अनुभव गर्नुपरिराखेको छ । यो शान्तिप्रिय देवभूमिमा देवीदेवताको त कुरै छोडूँ ऐतिहासिक विश्व प्रसिद्ध महामानव भगवान् गौतम बुद्धको शिक्षासम्म पनि शुद्धरूपमा कज्याउन सकिएको छैन । बुद्धलाई शान्तिको प्रतीक मान्दछन् आजको दुनियामा, यो कुरा निर्विवाद छ ।

मरेपछि त्यसप्रति गरिने श्रद्धालाई त्यसै स्थानमा राखी जीवन्तकालमै पनि त्यसप्रति श्रद्धा, आत्मीयता र

हिताभिलाषितालाई दैनिक आचार व्यवहारले व्यक्त गर्ने प्रयास भएमा धर्मशास्त्रहरूमा उल्लिखित काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, ईर्ष्या, द्वेष र रागादि सबैमा विजय प्राप्त भई दान, शील, क्षान्ति, वीर्य, ध्यान, प्रज्ञा बल आदिको अभिवृद्धि भई नेपालभूमि वास्तविक पुण्यभूमि नहोला भन्न सकिँदैन । देवभूमि, शान्तिभूमि, पुण्यभूमि, तपोभूमि,म धर्मभूमि र आनन्दभूमि आदि भनी यस देशको नाउँ लिइनै रहेका छौं भने यसलाई सार्थक कुरा हो भनेर मान्न सकिने पनि हुन्छ । यस्ता भूमि भनिने देशलाई आरोपित गर्न सकिने पर्यायवाची नाउँलाई हात्तीको देखाउने दाँतभैँ मात्र मान्ने गरी गौरव प्रकाश गर्ने किसिमले शब्द मात्र भट्याउने हो भने शास्त्रहरू पनि जलाइदिए हुन्छ, नदीमा बगाइदिए हुन्छ, माटोमा पुरिदिए हुन्छ भन्नुमा हिच्किचाउनुपर्दैन होला ।

'उद्देश्य के लिनु उडी छुनु एक चन्द्र' भन्ने भनाइ उचित हो भनेर संभने हो भने नेपाली संस्कृतिका आचार विचारका कुरा पनि बकंफ्वास भनी संभनु उचित नहोला । पुराना पुराण र शास्त्रमा बर्णित चमत्कारपूर्ण कुरालाई विश्वास गरी त्यस्ताको प्रतिपालनस्वरूप सांस्कृतिक विधि अपनाइआएको छ भने बुद्धले कल्पना गरेको बहुजन हिताय, सुखायको कुरा असम्भव मान्नु उचित नहोला । बुद्ध द्वारा बताइएका आर्यअष्टांगिक मार्गका कुरा घोक्ने र लेख्ने बस्तुमात्र भएर बुद्धधर्म मान्ने भनी बस्ने हो भने बुद्ध दिनानुदिन हास्यको पात्र बनी विश्वमा शान्तिको समेत अवमूल्यन नहोला भन्न सकिँदैन । जगतमा विज्ञानले जति जति ठोस कुरालाई प्रकट गरी सक्कलीपन ल्यायो मानिसको व्यवहारमा उति उति नक्कलीपनले भरिँदै गएको छ । नेपालमा विश्वबजारको हावा जतिसुकै बहेपनि नेपालस्थित विश्व भरिको उच्च हिमाल जस्तोसुकै हुरी बतास र आँधीबेरीले डेग नचलाइने भएभैँ नेपालीजगत् शान्ति आचरणमा अडिग रहन सक्ने विश्वास लिन सक्नु एकमात्र महामानव बुद्धसँग सापेक्ष रहन सक्नु हुनेछ । कसैले नगरेको कुरा र कहींपनि नभएको कुरालाई नमूना गरी देखाउनु बहादुरी हुन्छ र अरुको नक्कलमात्र गर्नु त दास बन्दैजाने मात्र हुनेछ ।

मानिसप्रतिको मरेपछि मात्र गरिने श्रद्धाभि-व्यक्तिलाई जिउँदो अवस्थामा नै पनि प्रतिपालन गरी व्यवहारमा ल्याउने दिवसको रूपमा बुद्धजयन्तीका दिनलाई छान्ने गर्नु एउटा नयाँ प्रस्ताव हुनेछ । बुद्धदिवसलाई लुम्बिनी दिवसको रुपमा मनाउने गरिएभैँ लुम्बिनी दिवसलाई बुद्धशिक्षाको व्यवहारदिवसको रुपमा मनाउने बौद्धहरूको जमर्को हुनु वाञ्छनीय भएको कुरा अस्वाभाविक हुँदैन होला ।

नेवारभाषामा एउटा आह्वान छ, 'दत्तले कुचा:, मदयेका: बिचा:, प्यन्हुदयेका: ल्व:चा: (लोकाचार) (बाँचुन्जेल बाधा संभेर राम्रो व्यवहार नगर्ने, मरेपछि विचार गर्ने भनी लाग्ने, मरेको चारौं दिनमा लोकाचार गरी शोक व्यक्त गर्ने) । मरेपछिको त्यसको नाउँमा दानका विधि व्यवहार गर्ने कुरासंग यस आह्वानको ठूलो सम्बन्ध छ । मरेपछिको दानदिने कुरालाई नराम्रो संभिएको होइन परन्तु जीवितावस्थामा भोगेको दु:खलाई वास्ता नगरी मरेपछिको त्यसरी प्रकट गरिएको श्रद्धा पूर्णश्रद्धा स्वरूपको नभै स्वार्थी र नक्कली व्यवहारभैँ देखिन गएकोले यसप्रकारको अपांग व्यवहारलाई सच्याउनुपर्ने चेतना दिन खोजिएको हो । आजकाल जिउँदो मान्छेलाई त मान्छेले मान्छे नै नगन्ने व्यवहार पलित भएको छ । बाँचुञ्जेल भोकै रहँदा पनि, दु:ख कष्टका साथ ठोकर खाइरहेपनि मानवतालाई जगाउने गरिएको देखिँदैन । बाँचुन्जेल आमाबाबुलाई छोराछोरीले पर्यन्त हेर्न भ्याउँदैनन् । मरेपछि तिनको नाउँमा भूमिदान, अन्नदान, वस्त्रदान, द्रव्यदान, पुष्पफलादि दानैदान ब्यहोरिन्छ । आज देखिएकोछ, जीवनलाई घृणा गरिन्छ जति मृत्युलाई प्रेम र सम्मान गरिन्छ ।

पूर्वजन्म र उत्तरजन्ममा फँसेर वर्तमान जीवनलाई व्यर्थ नपार भन्ने बुद्धको शिक्षा छ । कुनैपनि राम्रो र वास्तविक शिक्षालाई कागजी शिक्षा बनाउने जमानाले कागजी प्रमाणपत्रलाई शिक्षितपनको कसी बनाइदिएको छ । जीवन सुध्रिने आचरण र व्यवहारको प्रयोगात्मक परीक्षा र मूल्यांकन रहेन । यस सन्दर्भमा मृत्युपछिको दानलाई मानिसको जीवनकालमा नै सार्थक बनाई दानस्वरूप व्यवहारमा उतार्ने प्रकारको शिक्षा लिने खालको वाक्यांशको रुपमा ग्रहण गर्नु नयाँ सोच हुनेछ । यस्ता सोचाइले ढोंगीपन, अन्धविश्वास, यशकीर्तिको लोभ, दुराचारको आर्जन, घट्न गई सदाचारको प्रतिपालन हुने होला भनी विचार गर्न सकिने ठाउँ हुन आउने हुन्छ । तब इहलोक परलोक दुबै सप्रने धारणामा प्रोत्साहित हुन सकिनेछ । ■



Downloaded from http://www.dhamma.digital

भ्रमण

# सिद्धार्थ गौतम बुद्धको जन्म स्थल लुम्बिनीको यात्रा

✍ बिनिता बाडे
*मैत्री केन्द्र बाल आश्रम, ध्यान कुटी बनेपा काभ्रे*

कुनै पनि स्थानमा गई त्यहाँको रहन सहन, धर्म संस्कृति इतिहास सम्बन्धित अवलोकन गर्नुलाई शैक्षिक भ्रमण भनिन्छ ।

भ्रमणकै सिलसिलामा २०५९ चैत्र १४ गते, शुक्रबारका दिन हामी काठमाडौं धर्मकीर्ति विहारमा बास बसी भोलिपल्ट बिहानै ७ बजे माइक्रोभ्यानबाट आफ्नो यात्रा शुरू गऱ्यौं ।

बाटो निकै ओरालो उकालो घुमाउरो र डरलाग्दो थियो । तर पनि हामी डराएका थिएनौं । हाम्रो ध्यान ती नागबेली बाटोमा नभई दायँबायाँका बिशाल बिशाल पहाडहरू र तीनबाट झरेका सुन्दर झरनाहरू अटुट रूपमा बगिरहेका नदिहरूमा थियो । नदि वारपार गरीरहेका डुङ्गा रोप-वे, केबुलकार देख्दा आफैं नै त्यहाँ पुगे जस्तो भान भयो । तर हामी त गाडीबाट यात्राको क्रममा मुग्लिङ्ग पुगेका थियौं । त्यहीं ओर्लेर हामीले बिहानी खाना पौने एघारमा खायौं । फेरी आफ्नो बाटो लाग्यौं ।

कालोपत्र गरिएका पक्की बाटोको घुम्ति ओरालो उकालो हुँदै हामी भैरहवाबाट भगवान बुद्धको अस्थिधातु आठभाग मध्ये एक भाग राखिएको रामग्राममा गयौं । त्यहाँ एउटा ठूलो स्तूप रहेछ । बर्षेनी नजिकै रहेको नदीले त्यहाँको माटो बगाउँदो रहेछ । त्यसको केही तल एउटा जापानद्वारा निर्मित सिद्धार्थको मूर्ति थियो । त्यहाँ हामीले केही फोटोहरू खिच्यौं । त्यहाँबाट भगवान् गौतम बुद्धको मावली देवदह नगर गयौं । त्यहाँ एउटा मन्दिर रहेछ । त्यसपश्चात् हामी केही पर रहेको विशाल झ्याम्म परेको तर कुनै पनि पन्छीहरूको बास नभएको आश्चर्य लाग्दो रूख हेर्न गयौं । साँच्चि नै त्यस रूखमा कतै कुनै पन्छीको गुँड देखिन्दैन थियो । छैन त आश्चर्य लाग्दो ?

सम्म बाटो हुँदै हामी लुम्बिनीमा पुग्यौं । लुम्बिनीको नेपाली विहार धर्मकीर्ति विहारद्वारा निर्मित गौतमी भिक्षुणी बिहारमा आराम गऱ्यौं । रात्री खाना पौने नौ मा खाएर सुत्यौं । भोलिपल्ट बिहानै उठी आफ्नो काम सकी लुम्बिनी भित्रका बिभिन्न देशहरूबाट बनेका बर्मिज, श्रीलङ्कन, थाइ, चिनियाँ , कोरियन गुम्बाहरू हेर्न गयौं । त्यहाँ बनेका बिभिन्न भवनहरू अत्यन्तै राम्रो आकर्षक, र सुन्दर थिए ।

बिहानी खाना ११ बजे तिर खाएर हामी निग्लिहवामा स्थित अशोक स्तम्भ हेर्न गयौं । पहिले पहिले शाक्यहरू मारेर पुरेको ठूलो खाल्डो भएको सगरहवामा पनि गयौं । त्यो एउटा ठूलो खाल्डो अहिले घाँस र झारपातले भरिएको छ । त्यहाँबाट जाने क्रममा हामीले बिशाल पोखरी देख्यौं । त्यो देखेर दङ्ग पऱ्यौं । हामीले अहिलेसम्म त्यस्तो विशाल पोखरी देखेका थिएनौं ।

यात्राकै क्रममा हामी तिलौराकोटको राजा शुद्धोदनको दरबारको भग्नावशेष राज्यको पूर्वी, पश्चिमी, र दक्षिणी द्वारहरू देख्यौं । उत्खनन् गर्दा भेटिएका छिनो, तामाका मोहोर सिक्काहरू, गर गहनाहरू त्यहाँको सङ्ग्राहालयमा राखिएको छ । त्यस पछि हामी गोटीहवामा रहेको अशोक स्तम्भ हेर्न गयौं । त्यहाँबाट हामी राजा शुद्धोदनले दान गरेको विहार, प्रजापति गौतमीले चीवर दान गरेको विहार, राहुल कुमार प्रव्रजित भएको भग्नावशेष निग्रोधाराम विहारको अवलोकन पछि हामी जापानद्वारा बनेको बिशाल चैत्य हेरी आफ्नो एकदिनको सम्पूर्ण काम सकि भोलिपल्टको दिनमा बिहान ७ बजे घर तर्फ लाग्यौं ।

हामीले लुम्बिनी र कपिलबस्तुको भ्रमणबाट बिभिन्न इतिहास सम्बन्धी ज्ञान हासिल गर्न पायौं । यसरी हामीलाई माइक्रोभ्यानबाट नि:शुल्क करिब ४०० कि.मि. टाढा पुऱ्याएर समेत भ्रमण गराइदिनु हुने श्री जुजुभाई शाक्य दाईलाई हाम्रो हृदयदेखि नै धेरै-धेरै धन्यवाद छ । ■

# Our Hearty Felicitation to Dharmakirti Buddhist Study Circle & All On the Auspicious Occasion of Vaisakh Festival 2547

## International Trekkers Pvt. Ltd.

P.O. Box: 1273, Dhumbarahi, Kathmandu, Nepal
Tel.: 4371397, 4370714, 4371537, Fax: 977-1-4371561
E-mail: nepal@intrek.wlink.com.np





## बुद्ध सम्बत् २५४७ या उपलक्षस सकल नेपामी पिन्त भिन्तुना !

**न्यू जेम्स रेय् ट्रेडर्स**
न्हू सतक, १६२ यें
फोनः ४२४४-७५१

**जीत अर्नामेन्टस्**
वनबहाः, गाबहाः यल ।
फोन : ५५४०-७५७

*If jewellery is your pleasure, your trust in our treasure*


Downloaded from http://www.dhamma.digital

# ध्यान

✍ सिम्रिकमान तुलाधर, *असन किसिध्वाका*

आमाले छोरालाई भनिरहेको 'ध्यान लगाएर राम्रोसित पढ ।"

फेरि साहुले आफ्नो कामगर्ने कर्मचारीलाई भनेको– "काममा ध्यान छैन, राम्रोसित ध्यान लगाएर गर ।"

ध्यान भनेको के हो ? केलाई ध्यान भन्छ ? माथिका संवाद अनुसार आमाले छोरालाई पढ्दा विपश्यना ध्यान गरेर पढ भनेको त ? कि साहुले कामगर्नेलाई आनापान (साँस भित्र गयो, बाहिर गयो अभ्यास) गरेर काम गर्नु भनेको ?

मलाई लाग्छ ध्यान भनेको मन र मस्तिष्कको केन्द्र भूमि हो । जहाँ मन र मस्तिष्कको मिलन हुन्छ, जब विपश्यना गर्छौं, त्यति बेला मनले श्वासलाई मात्र हेर्ने र मस्तिष्कले स्वाँसले कहाँ कहाँ छोयो भन्ने अनुभव गर्छौं । त्यस्तै गरि जब हामी काम गर्छौं, त्यति बेला पनि काममा मन लगाएर र राम्रोसित दिमागको प्रयोग गर्‍यौं भने कार्य सफल हुन्छ । विपश्यना गरिसके पछि जति आनन्द र खुसी देखिन्छ त्यति नै कार्य-पूर्ण भएपछि पनि देख्छौं ।

सारांशमा "ध्यान" भनेको नै मन र मस्तिष्कलाई एक ठाउँमा केन्द्रित गर्नु हो । जब कुनै व्यक्तिले आफ्नो मन र मस्तिष्कलाई एकै ठाउँमा केन्द्रित गर्छ, त्यो नै ध्यान गर्नु हो । त्यसको फलस्वरूप कार्य पनि सिद्ध हुन्छ । व्यक्तिको अनुहार सधैं हँसिलो र उज्यालो देखिन्छ । चरित्र र स्वभावमा पनि सुधार आउँछ । त्यसैले हाम्रो हरेक कार्यमा ध्यानदिनु, होशियार हुनु अति आवश्यक छ । ■

# जन्म लेऊ !

✍ समिर शाक्य (सुगत)
बेनी वजार, म्याग्दी

*मेरो अन्तीम सलामी शान्तिको खोजमा*
*महामानव बुद्धलाई गर्दछु*
*संघलाई गर्दछु, धम्मलाई गर्दछु*
*यी तीन अमुल्य रत्नलाई गर्दछु*
*"हिंड्न चाहे बुद्ध बाटो हो धर्ती हो*
*मिल्न चाहे बुद्ध माटो हो, अर्ति हो*
*हे ! बुद्ध कस्तो सृजना गर्‍यौ*
*यी कोमललाई शान्तिको घरमा राखि*
*न त जाडो, न त गर्मी न त कुविचार*
*केवल शान्ति र सद्‌भावको भावना*
*तर हे ! महामानव,*
*वर्तमान अवस्थामा ?*
*सहयोग र सन्तुष्टीको के हो मोल छैन्*
*जसले*
*शान्तिको घरलाई मसानंघाट र युद्धभूमि बनाएका छन्*
*तिम्रा बोली वचनलाई खरानीको डल्ला मानेका छन्*
*त्यसैले तिमी विना क्रान्तिको अंध्येरी रातलाई*
*शान्तिको मिर्मिरेमा परिणत गराउन*
*केवल आशाहरू मात्र बाँकी छन्*
*केवल तिम्रा शिष्यहरूलाई नयाँ मोड दिन मात्र बाँकी छ*
*केवल तिम्रा वचनहरूलाई नयाँ जन्म दिन मात्र बाकी छ*
*अबकी*
*अहिलेको अवस्था हेरी अनुसार लक्ष्य राख्नु नै छ*
*सद्‌भावको*
*साथै मनभित्र केवल शान्तिको*
*चित्कार गुन्जाउनु छ*
*त्यसैले जन्म लेऊ*
*हे महामानव*
*म तिम्रो आमाको*
*मनलाई फेरी सिंगार्न*
*फेरी विश्व सृजना गर्न*
*जन्म लेऊ, जन्म लेऊ*

नमो तस्स भगवतो अरहतो सम्मासम्बुदतसः ।।

## २५४७ औं बैशाख पुन्हीया लसताय् सकल प्राणीया सुस्वास्थ्य व विश्व शान्तिया कामना यानाच्वना ।



जिमि पुजायाय् वहम्ह अबु **कुमार महर्जन** २०५० ज्येष्ठ २३ गते, खुन्हु आकाभाका मदुगुलिं सकल परिवार दुजलं लुमंका च्वना ।

श्रीमती मय्जु महर्जन
कीर्तिपुर, इटागोल-१८
काठमाडौं ।

काय् / म्ह्यापिं:
विणा महर्जन, ज्ञानेन्द्र महर्जन
दीपक महर्जन, सविना महर्जन


5 YEARS WARRANTY

ROSHA SEWING MACHINE

विभिन्न किसिमको सिलाई मेशिन बिक्री साथै मर्मत गरिन्छ




ROSHA
SEWING MACHINE

*Marketed by:*
RONEX STORE (PATAN)
Tel.: 5548109
RATNA STORE (TEBAHAL)
Tel.: 4244321
e-mail: rupendranakarmi@hotmail.com

*Distributors:*
Rosha Hira, Metro, Rajson, Comet,
Sewing Machine & Spears Parts


## के तपाईलाई थाहा छ ?

धर्मकीर्ति विहार स्वास्थ्य कमिटीले विहार भित्र हरेक शनिवार विहान ८:००–९:३० सम्म स्वास्थ्य क्लिनिक सञ्चालन गरिदै आएको छ । श्रद्धेय भिक्षु, भिक्षुणी, अनागारिका तथा उपासक-उपासिकाहरूलाई आफ्नो आयु आरोग्यको निम्ति सम्पर्क राख्नुहुन विनम्र अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रत्येक महिनाको पहिलो शनिवार | - डा. योगेन्द्र शाक्य |
| प्रत्येक महिनाको दोश्रो र चौथो शनिवार | - डा. मोतीराज बज्राचार्य |
| प्रत्येक महिनाको तेश्रो र पाँचौं शनिवार | - डा. चन्द्रेशरत्न तुलाधर |

Downloaded from http://www.dhamma.digital

# कालाम सूत्र र हाम्रो विश्वास

रीना तुलाधर
'परियत्ति सद्धम्म कोविद'

स्वतन्त्र भई खाने, लाउने डुल्ने सुत्ने प्राणीमात्रको चाहना हुन्छ। मानव मात्र होइन पशु, पंक्षी पनि आ-आफ्नो ढंगले स्वतन्त्र भई बाँच्न चाहन्छन्। मानवलाई त अझ एक थप स्वतन्त्रता चाहिन्छ। त्यो हो वैचारिक स्वतन्त्रता अर्थात स्वतन्त्र चिन्तन। आजको युगमा स्वतन्त्रताका पक्षपाती मानव जातीले जान्न योग्य छ २५ शताब्दी अघि देखि नै गौतम बुद्धले मानव जातिको लागि स्वतन्त्र चिन्तनको उपहार छोडेर जानु भएको थियो। गौतम बुद्धले कालामहरूलाई दिनु भएको उपदेश, स्वतन्त्र चिन्तनको ज्वलन्त उदाहरण हो। उक्त उपदेशलाई **"केसपुत्तिसुत्तं"** वा कालाम सूत्रको नाममा जानिन्छ। **'कालाम सूत्र'** त्रिपिटकमा सूत्र पिटक अन्तर्गत अंगुत्तर निकाय, तिक निपातमा उल्लेख भएको छ।

बुद्धकालिन एक घटना हो। केशपुत्र नामको एउटा गाउँमा कालामहरूले विभिन्न मतवादका विभिन्न सत्पुरुषहरूले भनेका वचनहरूमध्ये कुनलाई सत्य वा कुनलाई झुठो मान्ने निर्णय गर्न सकेनन्।

तिनीहरूले भगवान बुद्धकहाँ आएर यसरी आफ्नो संदेश व्यक्त गरे- **"सन्ति, भन्ते, एके समण ब्राह्मणा केसपुत्तं आगच्छन्ति। ते सकंयेव वादं दीपेन्ति जोतेन्ति, परप्पवादं पन खुंसेन्ति वम्भेन्ति परिभवन्ति ओमक्खिं करोन्ति। अपरे पि, भन्ते, एके समण ब्राह्मणा केसपुंत्रं आगच्छन्ति। ते पि सकंयेव वादं दीपेन्ति जोतेन्त्, परप्पवादं पन खुंसेन्ति वम्भेन्ति परिभवन्तिं ओमक्खिं करोन्ति। तेसं नो, भन्ते, अम्हाकं होतेव कङ्खा होति विचिकिच्छा - 'को सु नाम इमेसं भवतं समण ब्राह्मणानं सच्चं आह, को मुसा" ति ?"** यस पालि भाषाको भावार्थ यसरी छ– "भन्ते, कुनै साधु ब्राह्मण केशपुत्रमा आउँछन्, आफ्नै वादको प्रकाशित गर्छन्, अरुको वादमा निन्दा गर्छन्। फेरि अर्को साधु आउँछन्, आफ्नै वादको प्रकाशित गर्छन्, अरुको वादमा रिसाउँछन्। तब हामीलाई संदेह हुन्छ यी मध्ये कुन सत्य हो, कुन झुठो हो।"

तिनीरूलाई बुद्धले यसरी जवाफ दिनु भयो– **"अलं हि वो, कालामा, कङ्खितुं अलं विचिकिच्छितुं। कङ्खनीयेव पन वो ठाने विचिकिच्छा उप्पन्ना। एथ तुम्हे, कालामा, मा उअनुस्सवेन, मा परम्पराय, मा इतिकिराय, मा पिटकसम्पदानेन, मा तक्क हेतु, मा नयहेतु, मा आकार परिपितक्केन, मा दिट्ठिनिज्झा-नक्खन्तिया, मा भब्बरूपताय, मा समणो नो गरुति। यदा तुम्हे, कालामा, अत्तना व जानेय्याथ– 'इमे धम्मा अकुसला, इमे धम्मा सावज्जा, इमे धम्मा विञ्ञुग-रहिता, इमे धम्मा समत्ता समादिन्ना अहिताय दुक्खाय संवत्तन्ती' ति, अथ तुम्हे, कालामा, पजहेय्याथ।"**

यस पालि भाषाको भावार्थ यसरी छ– "हे कालामहरू आऊ। तिमीहरू कुनै कुरालाई केवल यस कारण स्वीकार नगर कि त्यो तिमीले सुनेका हौ। केवल यस कारण स्वीकार नगर कि यो कुरा परस्परगत हो। केवल यस कारण स्वीकार नगर कि यो हाम्रो धर्म ग्रन्थ सँग मिल्छ। केवल यस कारण स्वीकार नगर कि यो न्याय (शास्त्र) सम्मत छ। केवल यस कारण स्वीकार नगर कि यो आकार-प्रकार सुन्दर छ। केवल यस कारण स्वीकार नगर कि यो हाम्रो मतको अनुकूल छ। केवल यस कारण स्वीकार नगर कि बताउने व्यक्तिको व्यक्तित्व आकर्षक छ। केवल यस कारण स्वीकार नगर कि बताउने श्रमण हाम्रो पूज्य छ। हे कालामहरू। जब तिमीले आत्मानुभावले आफैले यो जान्छौ कि यी कुराहरू अकुशल छन्, यी कुराहरू दोषपूर्ण छन्, यी कुराहरू विद्वान पुरुषहरूद्वारा निन्दित छन्, यी कुराहरू अनुसार चल्नाले अहित हुन्छ, दु:ख हुन्छ - तब हे कालामहरू तिमीहरूले त्यस्ता कुराहरू छोडीदेउ।"

कालाम सूत्रमा यति भन्नु भई सकेपछि बुद्धले लोभ, दोष, मोहबाट हित हुन्छ कि अहित हुन्छ जस्तो लाग्छ भनीकन सोध्नु भयो। अहित हुन्छ भन्ने लाग्छ भने त्यसबाट बञ्चित हौ। त्यस्तै अलोभ, अदोष, अमोहबाट

हित हुन्छ जस्तो लग्छ भने त्यस्तो कुशलाचरण गर्नु भन्नु भयो । एवं प्रकार बुद्धले धर्म अपनाउनमा आफ्नो स्वविवेकले सोधनमा जोड दिनु भएको यस सूत्र उपदेशबाट स्पष्ट छ ।

आज बुद्ध धर्मका अनुयायीहरूमा कतिपय तथाकथित कथनहरूले जरो गाडीसकेको छ कि बौद्धहरूको स्वतन्त्र चिन्तनको ढुकुटीमा ताला बन्दी भई रहेको छ । बुद्धले दिनु भएको स्वतन्त्र चिन्तनको उपहारलाई अस्वीकार गरेर बसेका छन् शायद बौद्धहरू । एकपल्ट गहिरिएर सोचौं । स्वतन्त्र भई चिन्तन गरौं ।

बुद्धको सम्बन्धमा त्रिपिटकमा ? लेखिएको छ रे– बुद्ध सँधै जम्बुद्वीपमा मात्र पैदा हुन्छन् । जम्बुद्वीप माने भारतवर्ष । जबकि चित्त माथि नियन्त्रण गरेर जो सुकै बुद्ध बन्न सक्छन् भने किन बुद्ध भारतमा मात्र उत्पन्न हुन्छन् भनिएको होला । शायद भारतीयहरूको जाल हो यो ।

यस्तो पनि भनिन्छ– "बुद्ध हुनेले ब्राह्मण र क्षेत्रीय परिवारमा मात्र जन्म लिन्छन् रे । गौतम बुद्ध संभवत: मानव इतिहासका पहिला व्यक्ति थिए जसले जातिवादको विरोधमा सामाजिक आन्दोलन चलाई धर्ममा सबै जातिलाई स्वतन्त्रता दिनु भयो । कथित अति शुद्र जातलाई पनि बुद्ध शासनमा भित्र्याउनु भयो । बुद्धकालिन कति शुद्ध जातीले अरहत्व लाभ गरे, निर्वाण पद प्राप्त गरे । तब बुद्धले ब्राह्मण र क्षेत्री जाती मात्रै बुद्धत्वका हकदार हुन् भन्नु भयो भन्ने कुरो कसरी मानुं । भारतवर्षमा जातिवादको नाममा मानव जातिको जिउने अधिकार लुट्दै आएका ब्राह्मण क्षेत्रीहरूको साजिश हुन सक्छ यो कि तिनीहरूले आफ्नो शोषणको जाल त्रिपिटकसम्म फैलाए ।

भनिन्छ– बुद्ध हुन पुरुषै भएर जन्मनु पर्छ । जसले सद्धर्म बुझेर जागृत भए ऊ नै बुद्ध बन्दछ । के नारीले अरहत्व प्राप्त गरेका थिएनन् ? बुद्धकालमा प्रजापती गौतमी, यशोधरा, पटाचारा, खेमा, उत्पलवण्णा कैयौं नारीहरू थिए जसले अरहत्व लाभ गरेर बोध भएर निर्वाण पद प्राप्त गरे । संसारकै इतिहासले हजारौं वर्षदेखि पुरुषले नारीलाई शोषण गर्दै आएको बताउँछ । शोषणकै उदाहरण हो – नारीलाई दासी बनाइए, बेश्या बनाइए । नारी शोषणको जग बलियो पार्न अनेकौं सामाजिक नियमहरू बनाइए, संस्कृतिहरू थोपरिए, कैयौं कथा, कहानी, साहित्य रचना गरिए । नारीलाई अधिकार च्यूत पार्न नारीशोषकहरूले त्रिपिटकसम्म पनि नछोडेको उदाहरण हो यो ।

भगवान बुद्ध श्रृष्टिकर्ता ईश्वरको अस्तित्व नमान्ने धर्म प्रवर्त्तक हुनु हुन्थ्यो । तर बौद्धहरूले नै आज श्रृष्टिकान्त लोकेश्वर देखि अनगिन्ति काल्पनिक देवी देवताहरूको पूजा गर्ने गर्छन् । स्वतन्त्र चिन्तन कहाँ गयो ?

प्राणी हिंसा कदापि गर्नु हुन्न । मद्यपान कहिल्यै गर्नु हुन्न । यो पनि बुद्धकै उपदेश हो । तर बुद्धकै नाममा पूजा गरी नाना थरकि माछा, मासु, रक्सी राखेर भोज खाइन्छ । एउटा उदाहरण नेवार बौद्धहरूको नेपालमा श्रावण शुक्ल पक्षदेखि भाद्र कृष्ण पक्ष सम्म **'गुँला धर्म'**को नाममा विशेष रूपले धार्मिक क्रियाकलापहरू गर्ने प्रचलन छ । नेवार समुदायको बिच । यही बिच स्वयम्भूमा **'निस्लाः छायेगु'** प्रचलन छ माने बुद्धलाई पूजा चढाउने । त्यस दिन बिहान **'निस्लाः छायेगु'** पूजा गरेर त्यही दिन बेलुकी नाना थरिको मासुको प्रकार राखेर सयौं मान्छेले भोज खान्छन्- **'निस्लाः छायेगु भ्वय्'** को नाममा । ती सयौं मान्छेलाई भोज तयार गर्न कतिवटा रांगा, भैंसी काटिइन्छ होला । बुद्धकै नाममा पूजा गर्नु, फेरि बुद्धकै उपदेश विपरित प्राणी काटेर भोज खानु । परम्परागत मान्यतालाई नै अँगालेर बसौं हामी वा बुद्धले दिनु भएको स्वतन्त्र चिन्तनको उपयोग गरौं ।

भगवान बुद्ध जातीवादीको विरोधी हुनुहुन्थ्यो रे । नेपालमा नेवार बौद्ध भनाउँदाहरू जस्तै: बज्राचार्य, शाक्य, महर्जन, तुलाधर, मानन्धरहरूको गुठी गानामा जातिपातिको विषयलाई लिएर ठूलठूलो झगडा हुने गर्छ । **'भालुलाई पुराण, मूर्खलाई ज्ञान'** भनेको यही हो । भारतका बौद्ध विद्वान राहुल साँ कृत्यायनले ठीकै भनेका छन्– जहाँ जातिवाद



Downloaded from http://www.dhamma.digital

हुन्छ त्यहाँ बुद्ध धर्मको विकास हुँदैन ।

भनिन्छ - महिलालाई प्रव्रज्या दिलाउनु अघि बुद्धले तीन पटक सम्म अस्वीकार गर्नु भयो रे । भिक्षु आनन्दको जिद्दीले मात्र 'आठवटा गरु धर्म (कठीन नियम) पालना गर्न सके महिलालाई प्रव्रज्या दिने भएँ' भनेर बुद्धले भन्नु भयो रे । अन्त कतै यस्तो पनि भनिएको छ कि भगवान बुद्धले विना कारण कुनै नियम (विनय) बनाउनु हुन्न रे । त नियम बनाउनु पर्ने कुनै धटना घट्नु अघि नै बुद्धले आठ आठवटा कठिन नियम भिक्षुणीहरूको लागि बनाउनु भयो ? स्वतन्त्र चिन्तनले सोच्यौं भने यी जम्मै कुरा बुझ्न कता कता अल्मलिन्छ ।

यस्तो पनि हल्ला कहिं कतै सुन्नमा आई सक्यो कि प्रव्रजित महिलाहरू बस्ने निवास स्थानलाई **'विहार'** भन्नु हुन्न । 'उपासिकाराम' भन्नुपर्छ अरे । पुरुष प्रव्रजित व्यक्तिहरू बस्ने निवासस्थानलाई मात्र 'विहार' भन्नु हुन्छ अरे । नारी पुरुष माथि रत्तिभर भेदभाव नराखी धर्म उपदेश दिनु हुने भगवान बुद्धले प्रव्रजितहरू बस्ने 'निवासस्थानको नाम' जाबोलाई लिएर भेदभाव राख्नु भयो होला ! विश्वास गर्न सकिने ठाउँ छैन ।

थेरवादी बौद्ध परम्परा अनुसार भिक्षुणी शासन लोप भई सक्यो रे । अत: अब कहिल्यै संसारमा कुनै महिला 'भिक्षुणी' बन्न सक्दैन रे । कहिं बुद्धले यस्तो भन्नु भएको छ रे– बुद्ध शासनको रथलाई डोऱ्याउने चार पांग्रा (परिषद) भिक्षु, भिक्षुणी, उपासक, उपासिका परिषद हुन् । अब चार पांग्रा मध्ये एक पांग्रा नभएपछि रथ अघि बढाउन नसकिने देखियो । जब सिद्धार्थ गौत्तम नामका व्यक्तिले सद्धर्मको खोज गरीरहेका थिए तब पनि संसारमा सद्धर्म लोभ भई बसेको थियो । सिद्धार्थ गौतमले लोप भईसकेको सत्य-सद्धर्मको खोज तलास गरे र प्राणी मात्रको भलो गरे । राम्रो कुरो हो भने लोप भई सकेकै भएपनि कुनै पक्षको पुनर्स्थापना गर्नाले कहिं कतैहानि त हुँदैन, लाभै हुन्छ बरु । भिक्षुणीरू लोप भए तर भिक्षुणी विनय त लोप भएको छैन । भिक्षुणी विनयको नाममा तोकिएको ३११ वटा नियम पालना गरेर कुनै महिला आज पनि सद्धर्मको अभ्यास गर्न चाहन्छन् भने त्यसमाथि रोकतोक गर्नु माने स्वयम् बुद्धसँग बेइमानी गरेको ठहरिंदैन र ? बुद्ध चाहनु हुथ्यो– मानव मात्रले सद्धर्मको अभ्यास गरुन् ।

स्वतन्त्र चिन्तनले सोची स्वविवेकले सही निर्णय लिन सक्नु नै बुद्धिमानीको चिन्ह हो । आफ्नो विवेक बुद्धिले नसोची अरुकै होहल्लामा लागेर गलत निर्णय लिनु विवेकशील प्राणी मानवको लागि सुहाउँदैन । ■

## बुद्धको मूल शिक्षा

*'सब्ब पापस्स अकरणं, कसलस्स उपसंम्पदा; सचित्त परियोदपनं एतं बुद्धान सासनं'*

अर्थ- 'कुनै प्रकारका पापकर्म नगर्नु, कुशल (राम्रो) काम गर्नु र आफ्नो चित्तलाई परिशुद्ध राख्नु ।'

***Not to do Evil, To Cultivate Merit, To Purify One's Own Mind.***

*भावार्थ- पाप कर्म नगर्दैमा पुग्दैन र कुशल कर्महरू मात्र गरेर पनि पुग्दैन । मुख्य कुरो त आफ्नो चित्त शुद्ध हुनुपर्छ । - बुद्ध*

New Nepal Press
H.O. cum Press: Gha 2-260 Naxal, Nagpokhari, Kathmandu
Tel.: 4434-850, 4434-753, Fax: (977-1) 4433-929
E-mail: neppress@info.com.np

Business Office: 6/598 Shukra Path, New Road, Kathmandu
Tel.: 4259-032, 4259-450, Fax: (977-1) 4258-678

# मेरो जिउनुको मकसद

✍ चित्र रत्न शाक्य
कुतिवहाल, ललितपुर

यो कोलाहलको संसार भित्र
यो संसारको दौडधूप बिच
म आफू जिउनुको मकसद खोजि रहेछु

म दिनभर काम गर्छु, कडा परिश्रम गर्छु
बेलुकी मलाई ज्याला मिल्छ
त्यो ज्याला खाँदा लाउँदा सिद्धिन्छ
त्यो मेरो कामको, परिश्रमको मकसद हो
जिउनुको होइन

म अपार धन कमाउन सक्छु
भौतिक सुख सबै जुटाउन सक्छु
परिवारको समाजको रक्षा म गर्न सक्छु
त्यो सबै मेरो दायित्वको मकसद मात्र हो
ती सबै छाडेर, म जानु पर्छ
त्यो पनि मेरो जिउनुको मकसद होइन

म दु:खीको सेवा गर्छु, बेसहाराको सहारा बन्छु,
त्यसबाट मलाई आनन्द मिल्छ, पुण्य मिल्छ
त्यो आनन्द पनि अनित्य छ
पुण्यको फल सुख भोगेर सकिन्छ
त्यो मेरो कर्तव्यको मकसद हो
जिउनुको होइन

एउटा कलम किन्दा सोच्छु कि
मैले किनेको कलम, धेरै समयसम्म टिकोस्
एउटा घर बनाउँदा विचार राख्छु कि
पुस्तौं पुस्तासम्म टिकोस्
ती सबै तत् क्षणको कामको मकसद हो
जुन अनित्यताको शिकार बन्छ

देखापर्दै हराउँदै जानु पर्ने
यो सांसारिक धर्म
उत्पत्ति विनाश रहित अर्को
श्रेष्ठतम निर्वाण धर्म छ
निर्वाणको विकल्पमा रोज्ने अरु कुनै छँदै छैन
भवबाट छुटकारा मिल्नु जस्तो
परमलाभ अरु छैन

निर्वाण सुख सांसारिक दु:खको विपरित होईन
सांसारिक दु:खको विपरित सांसारिक सुख हुन्छ
त्यो पनि दु:ख नै हो
निर्वाण सुख सांसारिक दु:खको अभावमा होइन
त्यसको कारणको अभावमा हुन्छ

त्यसैले निर्वाण सुख केवल सुख हो
त्यसको तुलना हुन सक्दैन
जिविकोपार्जन, कर्त्तब्य र दायित्व पूरा गर्दै
शील, समाधि र प्रज्ञाले युक्त बन्दै
निर्वाण पथमा लम्कनु नै
मेरो जिउनुको मकसद हो ।



Downloaded from http://www.dhamma.digital

जातक कथा

# बकुल्ला र गँगटो

✍ केदार शाक्य

उहिले नै हिमालय पर्वतको फेदीमा एउटा अतिरमणीय जंगल थियो । त्यही जंगलको छेउमा एउटा सुन्दर तलाउ थियो । जंगलमा थरीथरीका रूख विरुवाहरू पनि थिए । त्यसमध्ये एउटा रूख वृक्षदेवता थिए । तलाउमा थुप्रै माछा थिए । एकपटक खडेरीले गर्दा पानी परेन । पोखरीको सबै पानी सुक्यो । माछाहरू माथिमाथि नै देखिए । कति माछाहरू हिलोमा पसेर लुकिरहे । कतिचाहिं छटपटिरहेको बाहिरबाटै देखिन्थ्यो ।



माछाहरू यस्तो दयनीय अवस्थामा छटपटाइरहेको एउटा सेतो बकुल्लाले देख्यो । उसले माछाहरूलाई छलगर्दै भकाभक खाने उपाय सोच्न थाल्यो । बकुल्लाले एउटा कुरा मनमा विचार गऱ्यो । अनि ऊ तलाउको किनारमा एउटा खुट्टाले टेकेर झोक्रिएर उभिइरह्यो ।

बकुल्लालाई झोक्राएको देखेर तलाउका माछाहरूले सोधे ।

"हे, बकुल्ला ! तिमी यसरी किन झोक्राएको ?"

"तिमीहरूको हालत देखेर साह्रै चिन्ता लाग्यो ।" बकुल्लाले पनि माछाहरूप्रति सहानुभूति राखे झैं गरी जवाफ दियो । "तिमीहरूको सेवा गर्नपाए मलाई सन्तोष हुने थियो । यही कारणले यसरी झोक्राएको हुँ ।"

"अब के गर्ने विचार छ त ?" माछाहरूले एउटै आवाजमा सोधे ।

"यदि तिमीहरू मेरो कुरा मान्छौ भने र मलाई विश्वास गर्छौ भने तिमीहरू सबैलाई एक एक गरेर अर्को पानी भएको सुन्दर तलाउमा पुऱ्याई दिन्छु । कसो मान्छौ तिमीहरू ?"

"हे, बकुल्ला ! सृष्टिकालदेखि नै माछाहरूका लागि बकुल्ला चिन्तित भएको हामीले सुनेका छैनौं । उपकार गरेको कुनै उदाहरण छैन । तिमीले हामीलाई खाने इच्छाले यस्तो कुरा गरेका होलाउ होइन ?"

"हैन, हैन सत्य धरोधर्म होइन । तिमीहरू मलाई साँच्ची नै विश्वास गर्छौ भने म तिमीहरूलाई खान्न । पक्का पनि यो भन्दा राम्रो धेरै पानी भएको तलाउमा तिमीहरूलाई पुऱ्याई दिन्छु । धन्दा नमान । यदि तिमीहरूलाई मेरो विश्वास नभए तिमीहरूमध्ये कसैलाई मसंग पठाउ । अर्को धेरै पानी भएको पोखरी छ कि छैन उसले हेरेर मसँगै फर्केर आउँछ ।"

"लौ त त्यसो हो भने हुन्छ ।"

पानीमा र जमीनमा बस्नसक्ने काँड भन्ने माछालाई लिएर जाउ त भनी सबै माछाहरूले सहमती दिए ।

बकुल्लाले अर्को ठाउँको तलाउ देखाएर काँड माछालाई फेरि उसको साथीरू भएको ठाउँमा नै फिर्ता ल्याइदियो । यसले अर्को पोखरीको बयान गऱ्यो । त्यसपछि सबै माछाहरूले पनि "त्यसो हो भने । हामीलाई त्यहाँ लगि देऊ ?"

बकुल्ला र माछाहरूको यति कुराकानी भएपछि बकुल्लाले सबैभन्दा पहिले त्यही काँड माछालाई नै पहिले लिएर गयो । बकुल्ला अलिपरको एउटा रूखमा गयो । उसले त्यही रूखको च्यापमा राखेर माछालाई खायो । त्यहाँबाट फर्किएर फेरि अर्को माछालाई लगेर त्यसै गरी अघाउञ्जेल खायो । यसरी पटक पटक गरी पोखरीमा भएका माछाहरूलाई लगातार खाईरह्यो । आखिरमा त्यो पोखरीमा एउटा गँगटो बाँकी थियो ।



बकुल्लाले उसलाई पनि खाने विचारले आऊ तिमीलाई पनि अर्को पोखरीमा पुऱ्याईदिन्छु भन्यो । गंगाटोले सोध्यो मलाई कसरी लिएर जाने विचार गऱ्यौ ? बकुल्लाले भन्यो । तिमीलाई पनि मेरो चुच्चाले च्यापेर लैजान्छु ।

"तिमी मलाई लान त लान्छौ तर कहीं कतै खसाइदिने त होइन ?"

"हैन हैन तिमी मदेखि डराउनु पर्दैन ।"

बकुल्लाको कुरा सुनेर गँगटोले मनमा यस्तो विचार गऱ्यो ।

बकुल्लाले माछाहरूलाई बचाउँछ भन्ने कुरा त पत्याईनसक्नुछ । यसले मलाई अर्को पोखरीमा लगेर छाडिदिए त राम्रै भो । यदि यसले त्यस्तो गरेन भने यसको घांटी नै निमोठर चुँडाईदिन्छु । जे होला । यति कुरा मनमा राखेर गँगटोले भन्यो ।

"हे बकुल्ला ! तिमीले मलाई बलियोसँग समात्न सक्तैनौ । यदि मेरो हातले तिम्रो घाँटी समाएर जान पाएँ भने जान्छु नत्र म त जान्न । गँगटोले छल गरेर भनेको होला भन्ने बकुल्लाको मनमा परेन । शंका मनमा नभएकोले बकुल्लाले पनि हुन्छ भन्यो ।

गँगटोले कैंची जस्तो हातले बकुल्लाको घाँटीमा बलियो गरी समायो बकुल्लाले पनि गँगटोको मासु खाने लोभले आफ्नो घाँटी गँगटोलाई समाउन दिएर उड्दै उड्दै पोखरीको छेउमा पुग्यो । अरू माछाहरूलाई जस्तैगरी गँगटोलाई पनि बकुल्लाले अलिपरको रूखको च्यापमा लग्यो । गँगटोले भन्यो– "हे बकुल्ला मामा ! पोखरीतिर नगई रूखको च्यापभित्र किन गएको ?"

बकुल्लाले भनयो– हे गँगटो ! तिमीले मलाई साँच्चिकै आफ्नो मामा संझेका रहेछौ कि क्याहो ? म तिम्रो मामा हुँदै होईन । न त म तिम्रो नोकर नै हुँ । तिमीलाई सित्तिमा त्यहाँदेखि बोकेर ल्याउन मलाई के खाँचो ? तिमीले यो रूखको फेदमा यत्तिका माछाका हड्डी देखेनौ ? माछाहरूको जुन गति तिम्रो पनि त्यही गति भनेर थाहा छैन ?

गँगटोले भन्यो : हे बकुल्ला माछाहरूले त आफ्नो मूर्खताले गर्दा आफूलाई तिम्रो आहारा बनाए । तर तिमीलाई मैले छलेको कुरा तिमीलाई थाहै छैन रहेछ । दुवैजना खसेर मर्न तयार छु । तर तिम्रो सुरिलो घाँटी म छाड्नेवाला छैन । तिम्रो घाँटी टुक्रा नपारून्जेल यो मेरो सनासो जस्तो हात छाड्ने छैन बुझ्यौ ? तिमीले मलाई चिनेकै छैनौ । म त्यसै कहाँ छाडुँला । यसो भन्दै गँगटोले बकुल्लाको सुरिलो घाँटी झन् कसेर समायो । अब भने गँगटोको हातबाट मर्ने भईयो भन्ने डरले हे ! गँगटो मलाई नमार । बरु म तिमीलाई खान्न । मेरो ज्यान बचाइदेऊ । आँखाबाट बरबर्ती आँसु झार्दै बकुल्लाले गँगटोसँग बिन्ती बिसायो ।

त्यसो भए मलाई यहींबाट पोखरीमा लैजाउ । बकुल्लाले गँगटोलाई पोखरीको छेउमा लग्यो । पोखरीको डिलमा पुगेपछि गँगटोले बकुल्लाको सुरिलो घाँटी फूलको डाँठलाई कैंचीले चटक्क छिनाए झैं टुक्रा पारी दियो । गँगटो पोखरीमा लुसुक्क पस्यो ।

***यो आश्चर्य देखेर त्यहाँ छेउमा बसेका वृक्षदेवताले सारा वन थर्कने गरी साधुकार गर्दै भने : "कपट बुद्धिले कसैको पनि भलो हुँदैन । सधैं सुख हुँदैन । कपट बुद्धिले गरेको कामको फल उसले एकदिन अवश्य आफैं भोग्नुपर्दछ । जसरी गँगटोबाट बकुल्लाले भोग्नुपऱ्यो ।"*** ■





Downloaded from http://www.dhamma.digital

जातक कथा

# छट्टु स्याल र लोभी ब्राह्मण

✍ भिक्षु संघरक्षित, संघाराम

कुनै एउटा जंगलमा एउटा स्याल बस्दथ्यो । एकपल्ट त्यो जंगलबाट राती निस्केर शहरभित्र पस्यो । शहरमा चाडपर्व थियो । मान्छेहरू प्रत्येक दोबाटोमा मासु-रक्सी आदि चढाएर गएका थिए । त्यो स्यालले मस्तसंग त्यो मासु र रक्सी खाँदै गयो । अनि एक ठाउँमा मस्तसँग निदायो ।

स्याललाई नशाले छोड्दै ल्यायो । त्यो निद्राबाट ब्युँउभियो । ब्युउभिँदा त उज्यालो भइसकेको थियो । त्यो बाहिर आउन पनि डरायो । एउटा झाङमुनि लुकेर बसिराख्यो ।

एकछिनमा त्यही बाटोबाट एउटा ब्राह्मण आयो । ऊ बिहान मुख धुनको लागि निस्केको थियो । ब्राह्मणलाई देखेर छट्टु स्यालले विचार गर्‍यो– "ब्राह्मण भनेको सार्‍है लोभी हुने गर्छ । त्यसकारण यसैलाई धनको लोभ देखाएर शहरबाट बाहिर निस्कने उपाय गर्नुपर्ला ।"

यसरी विचार गरेर स्याल बाटोको छेऊमा आयो । जब ब्राह्मण त्यहाँ नजिकै आइपुग्यो, स्यालले बोलायो– "ब्राह्मण ! हे ब्राह्मण बाजे !"

ब्राह्मणले त्यो बोलाएको सुनेर टक्क अडियो । अनि उसले दायाँ-बायाँ हेर्‍यो । त्यहाँ कसैलाई नदेखेर उसले भन्यो– "को हो त्यो, जसले मलाई बोलाइराखेको छ ?"

स्याल ब्राह्मणले देखिने गरी बाहिर आयो र भन्यो- "हे ब्राह्मण । मैले नै तपाईंलाई बोलाएको हूँ ।"

ब्राह्मणले सोध्यो– "हे स्याल ! किन त तिमीले मलाई बोलाएको ?"

स्यालले भन्यो– "हे ब्राह्मण ! मसँग धेरै धनसम्पत्ति छ । मलाई त्यसको केही काम छैन । तसर्थ ती धन म तपाईंलाई दिन चाहन्छु ।

धनको कुरा सुनेर ब्राह्मणको आँखा चम्क्यो । उसले भन्यो– "हुन्छ नि ! त्यो धन मलाई नै देऊ ।"

स्यालले भन्यो– हे ब्राह्मण ! त्यो धन मैले जंगलको छेऊमा राखेको छु । यदि तिमीले मलाई कसैले नदेखिने गरी तिम्रो खास्टोमा लुकाएर, राम्रोसंग मलाई काखी च्यापेर त्यहाँ पुर्‍याउछौ भने ती धन सबै म तिमीलाई दिनेछु ।"

ब्राह्मणले स्यालको कुरामा मञ्जुरी दियो । त्यसपछि उसले स्याललाई खास्टोले छोपेर काखी च्याप्यो र विस्तारै स्यालले भनेको जंगलतिर अघि बढ्यो ।

केही समयपछि स्यालले सोध्यो– "हे ब्राह्मण । हामी कहाँ आइपुगेका छौं ?"

ब्राह्मणले भन्यो– "हे स्याल ! हामी फलानो ठाउँमा आइपुग्यौं ।"

स्यालले भन्यो -"हे ब्राह्मण ! त्यसो भए अझ अलि जान पुगेको छैन ।"

यसरी बाटोभरि सोद्धै जवाफ दिँदै उनीहरू जंगलतिर बढिरह्यो । अब जंगल छेऊको मशानमा पुग्यो, तब स्यालले सोध्यो– "हे ब्राह्मण ! अब हामी कहाँ पुग्यौं त ?"

"हामी जंगल नजिकको मशानमा आइपुग्यौं ।"

"हे ब्राह्मण त्यसो भए मलाई भुईंमा राखिदेऊ भुईंमा तिम्रो खास्टो पनि ओछ्याई देऊ ।"

ब्राह्मणले पनि त्यस्तै गर्‍यो । अनि ब्राह्मणकै खास्टोमा बसेर स्यालले भन्यो– "हे ब्राह्मण ! ऊ त्यो रूखको तल खाल्डो खनेर हेर । त्यहाँ धेरै धन छ । त्यो धन सबै अब तिम्रो भयो ।"

ब्राह्मण खुशी हुँदै रूखमुनि खन्न थाल्यो । यता स्यालले ब्राह्मणको खास्टोमा चार कुनामा चारचोटि र बिचमा एकचोटि आचि गर्‍यो । त्यसपछि स्याल नजिकको जंगलमा कुलेलम ठोक्यो ।

रूखमा बसेको बोधिसत्त्व बृक्षदेवताले यो कारण देखेर ब्राह्मणलाई भन्यो– "हे ब्राह्मण ! तिमी कस्तो मूर्ख रहेछौ । जोसँग एक पैसा छैन, त्योबाट तिमीलाई कसरी धन प्राप्त हुनसक्छ र ? स्यालले तिमीलाई नराम्ररी छलाइसक्यो । अब तिमी आफ्नो खास्टो लिएर फर्क ।"

***बृक्षदेवताको यो कुरा सुनेर ब्राह्मणको मनमा ठूलो चोट लाग्यो । उसलाई सार्‍है दुक्ख भयो । स्याल प्रति अनन्त ब्रह्माण्डदेखि रिस पनि उठ्यो । तर गर्न नै के सक्थ्यो र ? अन्तमा विचरा ब्राह्मणले फोहर भइसकेको आफ्नो खास्टो टिप्यो र चस् चस् मुटु दुखाउँदै आफ्नो बाटो लाग्यो । – सिगाल जातक***

# बुद्धको अन्तिम सन्देश

✍ भिक्षु अश्वघोष

गौतम बुद्ध ८० वर्ष पुग्नु भएपछि भिक्षु आनन्दलाई उहाँले भन्नुभयो– "आनन्द ! अब म धेरै दिन बाँच्दिन । मेरो शरीर थोत्रो गाडी चले जस्तै जसो तसो चलिरहेको छ । त्यसैले भविष्यमा तिमीले सम्झिराख्नु पर्ने केही जरुरी कुराहरू भन्न चाहन्छु– म मरेपछि कसैले मेरो उपदेश वा शिक्षालाई आलोचना गरेपनि तिमीहरू (भिक्षुहरू) नरिसाउनु । तर तिमीहरूले तिनीहरूको आलोचना र दोषारोपणको कारणलाई अवश्य पनि सोच्न र अध्ययन गर्न नबिर्सनु । मेरो शिक्षामा केही गल्ति र कमजोरी रहेको छ वा छैन, त्यस विषयमा अध्ययन गर्नु तिमीहरूको कर्त्तब्य हुनेछ । त्यस्तै कसैले मेरो शिक्षालाई प्रशंसा गरेको खण्डमा पनि तिमीहरू विना सोच विचारले धेरै खुशी नहुनु । प्रशंसाको कारणलाई बुझ्नु राम्रो हुनेछ । अर्थात् मेरो शिक्षामा कुनचाहिँ सत्य कुरो समावेश भएकोले प्रशंसा गरेको हो । त्यसलाई पत्ता लगाउनु राम्रो हुनेछ ।

**आकङ्खमानो आनन्द संघो ममच्चयेन**

**खुद्दानु खुद्दकानि सिक्खापदानि समूहनतु ।**

अर्थात्–

आनन्द ! म बितिसकेपछि मैले बनाएकाससाना नियमहरूलाई समयानुकुल फेरे पनि हुन्छ । (छोडे पनि हुन्छ) ।

यसरी बुद्धले समय र ठाउँ अनुसार जीवन बिताउन सजिलो हुने गरी नियमहरू बनाउनु भएको छ । स्वयं बुद्धले पनि आफुले बनाउनु भएको नियमहरूलाई समय सापेक्ष हुने गरी बदल्नु भएको थियो । एउटा नियमलाई सदाकालिक र सबैठाउँमा लागु गर्नै पर्छ भन्ने कुरो व्यवहारिक र सम्भव नहुने हुनाले अवैज्ञानिक पनि हुन जान्छ ।

एकपटक भिक्षुहरूले यसरी प्रार्थना गर्नुभएको थियो– "भो शास्ता ! छन्न भिक्षु धेरै घमण्डी र अनुशासनहीन बन्नु भएको छ, त्यसैले उहाँलाई तपाईंले केही शिक्षा दिनु भए हुन्थ्यो । उहाँले हामी जस्ता भिक्षुहरूको कुरो सुन्दैन र मान्दैन पनि ।"

गौतम बुद्धले भन्नु भयो– "छन्न भिक्षु म (बुद्ध) बाँचुञ्जेल सम्म पनि सुधिन्दैन । म मरेपछि भिक्षु संघले छन्न भिक्षुलाई ब्रह्मदण्ड दिनु ।"

ब्रह्मदण्डको विषयमा स्पष्ट पार्नको लागि भिक्षुहरूले बुद्ध समक्ष प्रार्थना गरेपछि बुद्धले भन्नुभयो "भिक्षुसंघले छन्न भिक्षुलाई सामूहिक बहिष्कार गर्नु अर्थात् उसलाई कसैले पनि केही कुरा नगरी वास्ता नगर्नु । अनि मात्र उ ठीक स्थानमा आउनेछ ।"

बुद्धले भन्नुभएको आज्ञा शिरोपर गरी भिक्षुहरूले छन्न भिक्षुलाई ब्रह्मदण्ड दिएपछि मात्र छन्न भिक्षुले आफ्नो गल्तिलाई महशूस गरी भिक्षुसंघ समक्ष क्षमा मागी अनुशासन प्रिय बन्न पुगे ।

यहाँ विचारणीय कुरो के छ भने बुद्धले छन्न भिक्षुलाई तह लगाउन सक्नु भएन । यो त एकदम अचम्मको कुरो हो । तर बुद्धले नै भन्नुभएको छ,–

**"सुद्धि असुद्धि पच्चत्तं नाञ्ञमञ्ञं विसोधये"**

अर्थात्– "सुधिनु र नसुधिनु आ-आफ्नो मनको कुरो हो । कसैले कसैलाई सुधार्नु र तह लगाउने जिम्मा लिन सक्दैन । जसले आफ्नो गल्ती महशूस गर्न सक्छ, त्यही ब्यक्ति मात्र सुधिन सक्छ । यस कुराले के बुझिन्छ भने बुद्ध भन्ने वित्तिकै उहाँ अस्वाभाविक शक्तिशाली व्यक्तित्त्व हुनुहुन्न । त्यसैले उहाँले हामीले चिताएको इच्छा पुरा गरिदिने जिम्मा लिन सक्नु हुन्न । उहाँ त एक असाधारण मानिस मात्र हुनुहुन्छ । जसले हामी जस्ता अज्ञानीलाई ज्ञानले भरिपूर्ण बाटो सम्म देखाइदिनु हुन्छ ।

त्यसैले बुद्ध ८० बर्ष उमेर पुग्नु हुँदा उहाँ आफू बुढो र अशक्त भएको महशूस गर्नुभयो ।

गौतम बुद्धले भिक्षुहरूसंग यसरी सोध्नु भएको थियो–

**"सिया खो पन भिक्खवे । एक भिक्खुस्सपि कङ्खा वा विमति वा धम्मे वा संघे वा मग्गे वा पटिपदाय पुच्छथ भिक्खवे मा पच्छा विप्पटि सारिनो**



Downloaded from http://www.dhamma.digital

**अहुवत्थ - सम्मुखी भूतो नो सत्था अहोसी न मयं सक्खिम्ह भगवन्तं सम्मुखा पटि पुच्छितुं ।**

अर्थात्– कुनै एक भिक्षुलाई बुद्धले दिनु भएको धर्म, मार्ग र संघको आचरण बारे शंका छ भने सोध । यसो गरेमा तथागत शास्ता जीवित अवस्थामा नबुझेका कुराहरू सोध्न सकिएन भनेर पश्चाताप गरिरहनु पर्ने छैन । यसरी स्पष्ट रूपमा बुद्धले भन्नुभएपनि सबै भिक्षुहरू मौन भएर बसेका थिए ।

बुद्ध परिनिर्वाण पछि संगायना हुँदा मात्र बुद्ध जीवितमान कालमा उहाँले भन्नु भएको कुरा (समय र ठाउँ अनुसार ससाना नियमहरू छोडे पनि हुन्छ) मा कुन कुन नियमहरूलाई त्याग्ने भन्ने बारे विवाद उत्पन्न भयो । निष्कर्षमा पुग्न सकेनन् । त्यसैले आनन्द भिक्षुलाई अरू थुप्रै अरहन्त भिक्षुहरूले यी शंकाहरूबारे बुद्ध संग किन नसोधेको भनी दोष लगाए । यस घटनाले अरहन्त भिक्षुहरूको योग्यता बारे प्रश्न चिन्ह खडा गरेको छ ।

अहिलेसम्म पनि कट्टरपन्थि भिक्षुहरूको समूहले लोप भइसकेको भिक्षुणीसंघलाई पुनः खडा गरी बुद्ध शासन रूपी रथको चारवटै पांग्रालाई बलियो बनाउन चाहेको देखिंदैन । बुद्धको मनसाय नबुझेर हो कि, सम्यक दृष्टि नभएर यस्तो भएको हो कि बुझ्नै गाह्रो परिरहेको छ ।

एकपटक आनन्द भिक्षुले बुद्ध समक्ष प्रश्न राख्नु भयो– "बुद्ध पछि भिक्षुसंघलाई कसले निर्देशन दिने होला अर्थात् भिक्षु संघको नेतृत्त्व कसले गर्ने होला ?" बुद्धले भन्नुभयो– "आनन्द ! भविष्यमा अर्थात् मेरो जीवन पछि मेरो उत्तराधिकारी कोही हुनेछैन । मैले जुन शिक्षा दिएको छु, त्यही पछि तिमीहरूको गुरु हुनेछ ।"

यसले के बुझिन्छ भने भगवान बुद्ध साम्प्रदायिक भावनाबाट मुक्त हुनुहुन्छ । यदि उहाँले आफ्नो उत्तराधिकारी राखिदिनु भएको भए अन्य धर्म जस्तै बुद्ध धर्म पनि कटर साम्प्रदायिक बन्न सक्थ्यो ।

भिक्षु आनन्द– "भो शास्ता ! तपाइँ पछि हामीले तपाइँको शरीर प्रति कसरी पूजा सत्कार र सम्मान गर्ने ?

भगवान बुद्ध– "**अब्यावटा तम्हे आनन्द होथ, तथागतस्स सरीर पूजाय । इङ्घ तुम्हे आनन्द सदत्थे अनुयुञ्जथ, सदत्थे अप्पमत्ता आतापिनो पहितत्ता विहरथ-"**

अर्थात्–

आनन्द ! तथागत (बुद्धको) शरीर पूजा गर्नमा चिन्ता र पीर नगर्नु । मेरो पूजा भन्नु नै राम्रो काममा संलग्न रहनु र सधैं राम्रो चिन्तनमा सतर्क र सावधान भई बस्नु । मेरो शरीरको पूजा त गृहस्थीहरूले गर्नेछन् ।

यी कुराले गर्दा युवावर्गले प्रश्न उठाउने गर्छ– बुद्ध त मूर्ति पूजा विरोधी हुनुहुन्छ तर पनि आजका बुद्ध धर्मावलम्बीहरू धेरैजसो बुद्धमूर्ति पूजामा व्यस्त रहेका देखिन्छन् ।

बुद्ध मूर्ति पूजा त महायानीरूको कोसेली नै हो नि । महायानीहरूले जन समर्थनको लागि मूर्ति पूजा शुरु गरेको हो । थेरवादीहरू पनि प्रतिस्पर्धाको लागि बुद्धलाई गुरुको रूपमा पूजा गर्न शुरू गरे । उता महायानीरूले ईश्वर या देवताको रूपमा बुद्ध पूजा गर्न लागे । जे होस्, मूर्ति निर्माणले गर्दा बुद्ध शिक्षालाई नै कहाँबाट कहाँसम्म पुऱ्याइदिएको छ भन्ने प्रमाण पाइएको छ । अफगानिस्तानमा त ठूलो बुद्ध मूर्ति नै फेला पारेको छ ।

बुद्धले एकदिन आनन्द भिक्षुलाई भन्नु भएको थियो– आनन्द ! मलाई थकाई लागेको छ । त्यसैले मैले आराम लिन चाहन्छु । खाट बिछ्याइदेउ ।

**"मञ्चकं पञ्ञापेहि"**–

बुद्धले फेरि यसरी भन्नुभएको छ –

**"वय धम्मा संखारा अप्पमादेन सम्पादेथ"**

अर्थात् संसारमा जति पनि बस्तुहरू छन्, ती सबै नाशवान् छन् त्यसैले सबै सजग र सतर्क तथा सचेत भई बस्नु राम्रो हुनेछ ।

उहाँले यसरी पनि भन्नुभएको छ- "अत्तदीपो भव अत्त सरणो"

अर्थात्– "आफ्नो भरोसा आफै बन्नु, आफ्नो शरण आफै हो ।"

यस संसारमा बुद्धको यस अन्तिम वचनलाई नविर्सेपनि यसलाई पालन गर्ने व्यबहारमा उतार्न सक्ने व्यक्तिहरू भने दुर्लभ नै देखिन्छ । ■

# बहुश्रुत जीवनया महत्त्व

✍ भदन्त कोलित भिक्षु *(संघाराम विहार)*

बुद्धिमान सत्पुरूषपिनि पाखें भिंगु सत्यगु उपदेश न्यना बहुश्रुत ज्वीगु नं उन्नत्तिया लंपु खः। स्वी च्यागु मंगल मध्ये छगू मंगल बहुश्रुत ज्वीगु नं खः। यक्व सियागु पाखें यक्व लुमंका तय्‌फुगु गुणयात हे बहुश्रुत धाइ। थन यक्व सिया पाखेंया अर्थ बुद्धिमान सत्पुरूषपिं खःसा यक्व लुमंकेगुया अर्थ थःत नं समाजयात नं भिनीगु सत्य धर्मयात लुमंका तय्‌गु खः। सत्य धर्म सत्पुरूष मनूयाके दैगु जुया निंतिं थःथःगु जीवन बहुश्रुत याय्‌गु जूसा सत्पुरुषपिं सत्संगत याय्‌माःगु दु।

संसारे मनुत भिंनीगुनं मभिंनीगुनं सत्संगतं याना हे खः। उकिं न्ह्यामेसियागु जीवने नं दकले न्हापां सत्संगत बाँलाय् माः। अथे धाइगुया मतलब थःके मदुगु ज्ञान गुण धर्म बढे याय्‌या लागिं व थःके दुगु दुर्गुण बानी मदय्‌किया लागिं उपदेश बीपिं बुद्धिमान सत्पुरूषपिं सत्संगत याय् माः धाःगु खः। थुकथं उपदेश बीपिं सत्पुरूषपिं हे मनुष्य समाजे बहुश्रुत जीवनया लागिं मदय्‌कं मगापिं खः। सय्‌का सीका तय्‌मात्रं न्हयाम्हं बुद्धिमान ज्वी मखु, न्हयाम्हं सत्पुरूष मनू ज्वी मखु। गुलिं मूर्ख नं दु, गुलिं पापि असत्पुरूष नं दु। उकिं पण्डितपिंसं धयातःगु दु "मूर्खपिं पासापिं सिबेनं बुद्धिमानपिं शत्रुपिं हे ज्यू"। मूर्खपिं पासापिनि पाखें बहुश्रुत ज्वी अपु मजू तर शत्रु जूसानं व मनू बुद्धिमान खःसा वइके सत्पुरुष भावना दुगुलिं वयागु उपदेश जीवने महत्त्व दैच्वनी। उकिं बुद्धिमान शत्रुपिनिगु उपदेश बहुश्रुत जीवनयात महत्त्व दु।

प्यम्ह सत्पुरूषपिनि बारे सिगालोवाद सूत्रे थथे धयातःगु दु–

**"उपकारो च यो मित्तो – यो च मित्तो सुखे दुखे**
**अत्थक्खायी च यो मित्तो – यो च मित्तानु कम्पको**
**एते खो मित्ते चत्तारो – इति विञ्ञाय पण्डितो**
**सक्कच्चं पयिरूपासेय्य – माता पुत्तं च ओरसं"**

१. न्ह्याबलें उपकारयाय्‌त तत्पर ज्वीम्ह मित्र (पासा)
२. न्ह्याबले दुक्खे नं सुखे नं समानकथं स्यूम्ह थूम्ह मित्र,
३. न्ह्याबलें भिंगु खँ न्यंका भिंगु लँपुई छोइम्ह मित्र,
४. न्हयाबलें अनुकम्पा दयामाया बिलिबिलि जाःम्ह मित्र।

थुपिं प्यंगु प्रकारयापिं मित्रपिं हे सत्पुरूष बुद्धिमान पासापिं खः। थज्यागु महान गुण सम्पन्नपिं मित्रपिनिगु संगत याना मनू याकनं बहुश्रुत ज्वीत अःपु। वथेन्तुं मनं बाँलाक बिचाः याना, वचनं बाँलागु सत्य खँ ल्हाना, शरीरं बाँलागु भिंगु ज्या याय्‌गु बुद्धिमान सत्पुरूषपिनिगु लक्षण खः। अथे हे श्रद्धा, शील, त्याग, प्रज्ञा आदि गुण नं सत्पुरूषपिनिगु मन परिपूर्ण जुयाच्वनि।

न्ह्याम्हं सःस्यूपिं गुणवान मजू, न्ह्याम्हं गुणवानपिं सःस्यू मजू। तर बाँलाक सत्यकथं मनू उन्नत्तिया लागिं सःस्यूम्ह नं ज्वीमा, गुणवान धर्मात्मानं ज्वीमा। **"सुसुते लभते पञ्ञं"** धाःगु कथं न्यन्यं हे जक प्रज्ञा वृद्धि ज्वी। थन न्यन्यं धाःगुया अर्थ थःत नं समाजयात नं बेफाइदा हानि ज्वीगु खँ न्यं धाःगु मखुकि, थःत नं समाजयात नं न्ह्याबलें फाइदा ज्वीगु, भिनीगु, प्रज्ञा वृद्धि ज्वीगु सत्य धर्म ज्ञानया उपदेश बुद्धिमान सत्पुरूषपिनिपाखें न्यना बहुश्रुत जु धाःगु खः।

बुद्धिमान सत्पुरूष पण्डितपिंस मनू बहुश्रुत याय्‌या लागिं न्ह्याबले दोंगु भूलयात क्यना उपदेश बी, अववाद याई। तर मूर्खपिंस उकियात अववाद उपदेश कथं खनी मखु। अववादयात अववाद धका उपदेशयात उपदेश धकाः सत्य तथ्य कथं खनीगुनं बुद्धिमान सत्पुरूषपिंसं हे खः। उकिं सत्पुरूषपिन्त बहुश्रुतपिं धाय् ल्वः।

**"निधिनंव पवत्तारं यं पस्से वज्जदस्सिनं...."** धका धम्मपदे पण्डित वर्गे धयातःगु कथं तनाच्वंगु धन यात क्यना ब्यूपिं कल्याणमित्र थें समझे जुया थःगु भूल स्वीकार याना बानि सुधार याय्‌गु स्वभाव नं बहुश्रुत मनूयाके दयाच्वनी। उकिं याना व मनूया जीवन उन्नत्ति ज्वीत यक्व टेवा ज्वी। अथे हे प्रज्ञा बढे याना उन्नतिया लँपुइ वनेया लागिं बुद्धिमान सत्पुरुषपिनि पाखें सत्य ज्ञानया उपदेश न्यनेगु हे बहुश्रुत जीवन वृद्धिया लागिं बहुमुल्य समान खः।

**॥ पञ्ञा नरानं रतनं ॥**



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

***धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको वार्षिक भेलामा प्रस्तुत गरिएका विभिन्न प्रतिवेदनहरू–***

***धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा २०५९ चैत्र ८ गते निर्वाण मूर्ति किण्डोलमा संचालित वार्षिक भेलामा प्रस्तुत गरिएका प्रतिवेदनहरू मध्ये हालसम्म प्राप्त भएका प्रतिवेदनहरू–***

***धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा संचालित शनीवारीय कक्षाहरू मध्ये २०५९ चैत्र १० गते देखि २०५९ साल चैत्र १ गतेसम्म जम्मा ५२ हप्ता गरी संचालित कक्षा संख्या र कक्षामा प्रवचन गर्नुहुने व्यक्तिहरूको नाम–***

| क्र.सं. | प्रवचक | कक्षा संख्या |
|---|---|---|
| १. | भिक्षु अश्वघोष | ८ |
| २. | भिक्षु आनन्द | ३ |
| ३. | भिक्षु भद्दिय | २ |
| ४. | भिक्षु शोभित | १ |
| ५. | दो गुणवती गुरुमां | १ |
| ६. | धम्मवती गुरुमां | ३ |
| ७. | धम्मदिन्ना गुरुमां | १ |
| ८. | अनुपमा गुरुमां | २ |
| ९. | ञाणवती गुरुमां | १ |
| १०. | खेमावती गुरुमां | १ |
| ११. | कुशुम गुरुमां | १ |
| १२. | इन्दावती गुरुमां | ४ |
| १३. | जयवती गुरुमां | १ |
| १४. | वीर्यवती गुरुमां | ४ |
| १५. | मदनरत्न मानन्धर | ४ |
| १६. | सोभियत रत्न तुलाधर | ४ |
| १७. | श्यामलाल चित्रकार | १ |
| १८. | प्रत्येक ताम्राकार | १ |
| १९. | रीना तुलार | १ |
| २०. | रीना तुलाधर र लोचनतारा तुलाधर | १ |
| | **जम्मा** | **४५** |
| | **अन्य कार्यक्रमहरू** | **७** |
| | **जम्मा** | **५२** |

*प्रस्तोता : श्यामलाल चित्रकार*

## धर्मकीर्ति स्वास्थ्य कमिटीको आर्थिक विवरण

**२०५८ श्रावण १ गते देखि २०५९ असार ३० गतेसम्म**

**आम्दानी तर्फ**

| | | |
|---|---|---|
| पहिलाको बचन खातामा बाँकी (नेपाल बैंक लिमिटेड) | रु. | १,४८१३६/४८ |
| कागती गाउँको शिविरबाट बचत | रु. | २८०४/– |
| लुम्बिनी शिविरबाट बचत | रु. | ६५,०००/– |
| मदत नेपालबाट प्राप्त दान | रु. | २५,०००/– |
| द्रव्यमानसिं तुलाधरबाट प्राप्त दान | रु. | २,००,०००/– |
| क्लिनिकबाट आम्दानी | रु. | ४९८५/– |
| ब्याज आम्दानी | रु. | २१५५०/५० |
| पुरानो मुद्दतीबाट | रु. | १,००,०००/– |
| **जम्मा** | **रु.** | **५,७०,४०५/९८** |

**खर्च तर्फ**

| | | |
|---|---|---|
| औषधि खरिद | रु. | ६३३२/७८ |
| यातायात खर्च (डाक्टरलाई) | रु. | ९२५०/– |
| कमला गुरुमाँलाई दान | रु. | १०,०००/– |
| मुद्दती खातामा जम्मा | रु. | ४,००,०००/– |
| बचत खातामा अन्तिम मौज्दात | रु. | १,४१,४३६/९८ |
| नगद मौज्दात | रु. | ३१३६/२२ |
| **जम्मा** | **रु.** | **५,७०,४०५/९८** |

*प्रस्तोता : रोशनकाजी तुलाधर*

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको वार्षिक कार्यक्रम

## बुद्ध सम्बत् २५४७, ने.सं. ११२३-२४, वि.सं. २०६०

| क्र.सं. | मिति | कार्यक्रम | संयोजक | फोन |
|---|---|---|---|---|
| १. | बैशाख २०, शनिवार | चारुवती विहारमा बुद्धपूजा र अध्ययन गोष्ठी कार्यक्रम | ध्रुवराज कर्णिकार<br>स्वयम्भूरत्न तुलाधर | ४४३७१२७<br>४२२९१२२ |
| २. | बैशाख २७, शनिवार | रक्तदान | | |
| ३. | ज्येष्ठ ३, शनिवार | बाल चित्रकला प्रशिक्षण | कान्ति तुलाधर | ४२७६२९६ |
| ४. | ज्येष्ठ १६-१८ गते, शुक्र-आइतवार | प्रस्तुतीकरण कला प्रशिक्षण | प्रफुल्लकमल ताम्राकार | ४२७५६४९ |
| ५. | असार १-७ गते, आइत-शनिवार | अल्पकालिन प्रव्रज्या शिविर + प्रव्रज्या दिवस समापन | मीना तुलाधर र<br>विकासरत्न तुलाधर | ४२५५५६९<br>४२४९५३३ |
| ६. | असार २९, आइतवार | गुरु पूजा (भन्ते गुरुमाँहरूलाई) | श्यामलाल चित्रकार | ४४१५१६२ |
| ७. | श्रावण ३, शनिवार | बाल चित्रकला प्रतियोगिता | कान्ति तुलाधर | ४२७६२९६ |
| ८. | श्रावण १०-११ शनि र आइतवार | प्लाष्टिकको ढक्की बनाउने प्रशिक्षण | रामेश्वर महर्जन | ४३५५०८६ |
| ९. | भाद्र | अन्तर निम्नमाध्यमिक विद्यालय बौद्ध हाजिरी जवाफ प्रतियोगिता | इन्द्रकुमार नकर्मी | ४२५४४५५ |
| १०. | आश्विन ३, शनिवार | हस्तकला प्रदर्शनी तथा बिक्री | मीना तुलाधर | ४२२४६८२ |
| ११. | कार्तिक | लुम्बिनी स्वास्थ्य शिविर | चन्द्रेशरत्न तुलाधर | ४२२१३४५ |
| १२. | मंसीर २०, शनिवार | कार्यालयको वित्तिय व्यवस्थापन प्रशिक्षण | तारा डंगोल | ४२७४१२३ |
| १३. | पौष | अल्पकालिन बाल प्रव्रज्या शिविर | इन्दावती गुरुमाँ र<br>मीना तुलाधर | ४२५९४६६<br>४२५५५६९ |
| १४. | पौष | चारधाम भ्रमण | विद्यासागर रञ्जित | ४२२४११२, ४३५८९५५ |
| १५. | माघ १७, शनिवार | अचार बनाउने प्रशिक्षण | मीना शोभा शाक्य | ४२६३४६५ |
| १६. | फागुन | मिठाई बनाउने प्रशिक्षण | मायादेवी महर्जन | |
| १७. | चैत्र १४, शनिवार | वार्षिक भेला | ध्रुव स्थापित | ४२५७५७२ |
| १८. | चैत्र २१, शनिवार | लेखन प्रतिभा तालिम समापन समारोह | लोचनतारा तुलाधर | ४२२३६२३ |



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको कार्यकारिणी समितिको पुनर्गठन

२०५९ चैत्र ८ शनीवारका दिन किण्डोल स्थित निर्वाण मूर्ति विहारमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको वार्षिक भेला सम्पन्न भएको थियो । उक्त सभामा यस गोष्ठीका कार्यकारिणी समितिको पुनर्गठन भएको थियो । सभामा उपस्थित सदस्यहरूको सर्व सम्मतिबाट मनोनित हुनुभएका पदाधिकारीहरू यसरी रहनु भएको थियो–

| *पद* | *नाम* |
|---|---|
| *धर्मानुशासक* | भिक्षु अश्वघोष महास्थविर |
| *संरक्षक* | दोगुणवती गुरुमाँ, रत्नमञ्जरी गुरुमाँ |
| *अध्यक्ष* | धम्मवती गुरुमाँ |
| *उपाध्यक्ष* | वीर्यवती गुरुमाँ, इन्द्रकुमार नकर्मी |
| *सचिव* | रमा शोभा कंसाकार |
| *सह-सचिव* | उद्योग रत्न तुलाधर |
| *कोषाध्यक्ष* | तारा डंगोल |
| *सह-कोषाध्यक्ष* | श्यामलाल चित्रकार |
| *सदस्यहरू* | ध्रुव रत्न स्थापित, मीना तुलाधर<br>प्रफुल्ल कमल ताम्राकार,<br>रीना तुलाधर |

यसरी नै चैत्र २६ गते, धर्मकीर्ति विहारमा सम्पन्न एक बैठकमा अध्ययन गोष्ठीको सल्लाहकारहरू मनोनित भएका थिए । अध्ययन गोष्ठीको कार्यकारिणी समितिका पदाधिकारी तथा सदस्यहरूको सहमतिमा मनोनित सल्लाहकार यसरी हुनुहुन्छ–

१. वरदेश मानन्धर
२. डा. सुमनकमल तुलाधर
३. मदनरत्न मानन्धर

यसरी नं २०६० बैशाख ६ गते धर्मकीर्ति विहारमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको कार्यकारिणी समितिको बैठक वसको थियो । उपाध्यक्ष इन्द्रकुमार नकर्मीको अध्यक्षतामा सम्पन्न उक्त बैठकमा श्री रेणु स्थापितलाई धर्मकीर्ति अध्ययन गोष्ठीको सल्लाहकार मनोनित गर्ने प्रस्ताव राखिएको थियो । उक्त बैठकमा धर्मकीर्ति पुस्तकालय सुधार गर्ने निर्णय गरियो । यसको लागि रीना तुलाधर संयोजक छानियो भने शनीवारिय कक्षा संचालन गर्ने सिलसिलामा श्यामलाल चित्रकार संयोजक मनोनित हुनुभएको थियो ।

धर्मकीर्ति विहारमा पानी, विद्युत र फोनको महशूल शुल्क तिर्ने व्यक्ति एवं संस्था र दाताहरूको नामावली–

१. बरदेश मानन्धर, क्षेत्रपाटी ।
(धारा जडानको लागि आवश्यक पाइप सहित ।
२. अगम्य रत्न कंसाकार, मासंगल्ली ।
३. द्रव्यमान सिंह तुलाधर, लालदरवार ।
४. पुलां पुचः, धर्मकीर्ति ।
५. न्हू पुचः, धर्मकीर्ति ।
६. विद्यासागर रञ्जित, बुरांख्यः मार्ग ।
७. धर्मकीर्ति संरक्षण कोष ।

## करूणा

✍ निवेविता प्रधान

एः बुद्ध ! छः खना जि साव हे करूणा चाः ।
याना हे च्वनी छुँ जिगु विचाः
छुँ बीत छन्त थुकिया बदला
दथु नुगले वातुवाला स्वया
मालाः विचाःयाना

धूँ मत च्याकू सां
ध्व हे नं वनी फुनाः
फलफूल मरी चरी देछासां
ध्व हे नं वनी धोग्गिनाः
अथेहे जुयाः

गवलें हे मफुइमा धकाः
करूणा जाया वःगु मिखाया
निफुति खोबी छन्त देछाना

# क्यान्सर रोग जाँच शिविर

२०५९ चैत्र २२ गते, शनीवार
स्थान- धर्मकीर्ति विहार, श्रीघः नःघल ।

नेपालको सन्दर्भमा महिलाहरूमा पाइएको क्यान्सर मध्ये पाठेघरको क्यान्सर बढि मात्रामा देखिएको छ । कम उमेरमा विवाह हुनु, धेरै सन्तान जन्माउनु, र स्वास्थ्य सम्बन्धि ज्ञानको कमी भएको कारणले गर्दा नेपाली महिलाहरूमा यस प्रकारको प्राणघातक रोग बढि लाग्ने गरेको कुरा तथ्यांकले बताएको छ । यसलाई मनन गरी धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी तथा नेपाल अर्बुद रोग निवारण संघको संयुक्त तत्त्वावधानमा धर्मकीर्ति विहारका उपासिकाहरूलाई पाठेघर जाँच (प्याप स्मियर टेष्ट) स्वास्थ्य शिविरको आयोजना गरिएको थियो ।

नेपाल समन्वय परिषदका सदस्य सचिव श्रीमती प्रभा ठक्करबाट समुद्घाटन गरिएको उक्त स्वास्थ्य शिविरमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका उपाध्यक्षबाट स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो । यसरी नै धर्मकीर्ति विहारको स्वास्थ्य निकायका संयोजक रोशनतुलाधरले संचालन गर्नुभएको उक्त कार्यक्रममा थाईलैण्डबाट आउनुभएको थाई भन्तेले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

उक्त कार्यक्रममा डा. आरती शाह र अर्बुद्ध रोग निवारण संघका अध्यक्ष दिवाकर राज राजकर्णिकारबाट आआफ्ना मन्तव्य प्रस्तुत गरिएको थियो ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका अध्यक्ष भिक्षुणी धम्मवतीबाट कार्यक्रमका मुख्य अतिथी, डाक्टरहरू लगायत सिस्टर, नर्स र अन्य सहयोगीरूलाई उपहार प्रदान गर्नुभएको थियो भने नेपाल अर्बुद रोग निवारण संघका अध्यक्षज्यूलाई धर्मकीर्ति लोगो अंकित उपहार प्रदान गर्नुभएको थियो । उहाँले आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा बुद्ध वचनहरू वाचन गर्नुभई आशिर्वाद दिनुभएको थियो ।

अन्त्यमा कार्यक्रमका संयोजक कीर्ति तुलाधरबाट धन्यवाद ज्ञापन गरी कार्यक्रम समापन गर्नुभएको थियो ।

कार्यक्रम समापन पश्चात् अर्बुद रोग जाँच सम्बन्धी शिविर संचालन गरिएको थियो । उक्त शिविरमा कूल जम्मा १८९ जना व्यक्तिहरूको स्वास्थ्य परिक्षण गरिएको थियो । ती मध्ये ९ जना गुरुमाँहरू, १८० जना उपासिकाहरू लगायत बाल बालिकाहरू पनि रहेका थिए । उक्त शिविरमा स्वास्थ्य सम्बन्धि साधारण परिक्षण पनि गरिएको थियो ।

## शोक सभा

२०५९ चैत्र २७ गते । धर्मकीर्ति विहार, श्रीघः नघःल ।

धर्मकीर्ति विहारका आजीवन सदस्य, धर्मकीर्ति पत्रिकाका विशेष सदस्य दिलमाया महर्जन मिति २०५९ चैत्र ११ गतेका दिन दिवंगत हुनुभएकोले उहाँको गुणानुस्मरण गर्दै एक श्रद्धाञ्जली सभाको आयोजना गरिएको छ ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा संचालित उक्त सभामा धर्मकीर्ति संरक्षण कोषका उपाध्यक्ष द्रव्यमान सिंह तुलाधर, कोषाध्यक्ष सानुरत्न स्थापित, सदस्य हीराकाजी शाक्य र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सचिव रमा कंसाकारले स्व. दिलमायाको तस्विरमा खादा ओढाउनु भई श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो ।

धर्मकीर्ति संरक्षण कोषका सचिव अगम्यरत्न कंसाकारले संचालन गर्नु भएको यस कार्यक्रममा रमा कंसाकारले स्वागत भाषण गर्नुभएको थियो । उक्त कार्यक्रममा धर्मकीर्ति संरक्षण कोषका अध्यक्ष धम्मवती गुरुमांले स्व. दिलमाया महर्जनको गुणानुस्मरण गरी लेखिएको **'विचाःहायका पौ"** उहाँको पुत्रलाई प्रदान गर्नुभएको थियो ।

उक्त सभामा आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै धम्मवती गुरुमांले भन्नुभयो– **"रुपं जीरति मच्चानं नाम गोत्तं नजीरति"** अर्थात् हरेक मानिसको देहावसान पछि उसको रूप नाश भएर जान्छ भने उसले राखेर गएको कीर्ति भने नाश हुँदैन । यस कथनलाई जसले बुझ्छ, उसले आफूले कमाएर गएको धन राम्रो क्षेत्रमा प्रयोग गरी पुण्य सञ्चय गर्ने गर्छ । तर यसलाई नबुझ्ने व्यक्तिले भने आफ्नो जीवनकालमा कमाएर गएको धन संचय मात्र गरेर मरेर जाने गर्छ । त्यसैले हामीले मर्नु अगाडि राम्रो क्षेत्रमा आफ्नो नाम र कीर्ति छोडेर जाने प्रयत्न गर्नुपर्दछ ।"

नीता केशरी श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रम पुण्यानुमोदन पश्चात् समापन गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

# दिवंगत उपासिका दिलमाया महर्जनया लुमन्तिई

## -: गुणानुसमरण व बिचाः हायेका पौ :-



दिवंगत उपासिका दिलमाया महर्जनया सकल जहान परिवारजनपिं, केल, मासंगाः, यें ।

थुगु विहारया आजीवन सदस्य, 'धर्मकीर्ति' पत्रिकाया बिशेष सदस्य अले 'धर्मकीर्ति विहार संरक्षण कोष' या दुजः उपासिका मयूजु दिलमाया महर्जनजु वंगु चैत्र ११ गते, मंगलवार कुन्हु आकाझाकां दिवंगत जुयादिगु बुखँ न्यनाः थुगु समितिया जिपिं सकल दुजःपिं स्तब्ध जुल, लिसें अनित्यता स्वभावयात लुमंकाः धर्म संवेग नं उत्पन्न जूगु जुल ।

भाजु दशनारायण महर्जन व मयूजु मोहनमाया महर्जनया म्ह्याय् अले भाजु शंखनारायण महर्जनया जहान वयक: दिलतताया नामं सकसिनं म्हस्यूम्ह उपासिकापाखें थुगु विहारया उन्नति वृद्धिया ज्याय् यक्वं तिबः बियाझाःगु खँ बौद्ध ख्यःया यक्वसिनं स्यूगु खँ जुल । बि.सं. २०४० साल, बि.सं. २०४३ साल व बि.सं. २०४८ सालं विहारय् क्वथा तनेगु ज्याय् वयक: उपासिकाया तःधंगु योगदान दुगु खँ थन स्मरण याना च्वना । विहारं पिदनीगु पात्रोया वयक: तःदँतक हे प्रायोजक जुयादीगु झी सकसिनं स्यू ।

भगवान बुद्धं कना क्यना बिज्याःगु लँपुइ थःत न्ह्याकाः वसपोलया शिक्षायात थःगु जीवनय् छ्यलेगु वयक:या स्वभाव नं तच्वकं च्वछाये बहःजू । बुद्ध प्रशंसित पार मिता मध्ये दान पारमितायात पूवंकेगु दसु कथं न्याः पञ्चदानया आयोजना वयक:पाखें जूगु धात्थें हे साधुवादया खँ खः ।

**"जन्म लिसें हे मरण ज्वना वइगु"** संसारया नियमकथं बि.सं. १९७६ साल भाद्र १६ गते जन्म जुयादीम्ह वयक: ८३ दँया ज्याथः उमेरतक म्वानाः थम्हं फक्व धर्मकर्म याना झाःम्ह भाग्यमानी उपासिका भाःपियेमाः । आकाझाकां मदुम्ह वयक: उपासिकायात निर्वाण लाभ जुइमा धयागु पुण्य आकांक्षालिसें शोकं कःपिं परिवारजनपिन्त संसारया अनित्य स्वभाव नाले फयेमा धकाः बिचाः हायेका च्वना ।

**अनिच्चावत संखारा, उप्पादवय धम्मिनो ।**
**उपज्जित्वा निरूज्झन्ति, तेसं ऊप समो सुखो'ति ॥**
**धर्मकीर्ति विहार, श्रीघः नःघ, यें ।**

## प्रस्तुतीकरण कला प्रशिक्षण परिचय

के तपाईलाई थाहा छ ? मानिसलाई साँच्चै मानव बनाउन सिक्न तालिमको आवश्यकता छ ? मानिस मात्रै त्यो प्राणी हो जसले, हेरेर, देखेर, सुनेर, बोलेर र पढेर, महशुश गरेर सिक्न सक्छ, अरू प्राणीहरू भन्दा बढी सम्बेदनशील र सिक्न सक्ने क्षमता धेरै हुन्छ । तर जो व्यक्तिलाई सिक्ने अवसर हुन्दैन त्यो मानव भनाउन योग्य नहुन सक्छ ।

यसैलाई दृष्टिगत गरेर, आफ्नो शैक्षिक योग्यतालाई अझ निखार्न धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले "Presentation Skill Training" प्रस्तुतिकरण कला प्रशिक्षण TOT (Trainer's Training) को तीन दिन (जेठ १६ देखि १८ सम्म) आयोजना गरिने भएको छ । यसका लागि सक्षम संस्थाका उच्चस्तरीय प्रशिक्षकहरू द्वारा तालिम दिइने छ ।

यो प्रशिक्षणको उद्देश्य उच्च शिक्षित व्यक्तित्व-हरूलाई आफ्नो व्यक्तित्व विकास गराउनुका साथै समूहमा आफ्नो प्रतिभा कसरी प्रस्तुतीकरण गर्ने हो भन्ने शिप प्रदान गर्नुहो । यसमा सहभागी हुने ईच्छुक व्यक्तिहरूबाट अग्रीम नाम दर्ता गराउन अनुरोध गर्दछौं । सम्पर्कः–

★ **इन्दावती गुरूमाँ**, फोन: ४२५९४६६, धर्मकीर्ति विहार ।
★ **प्रफुल्लकमल ताम्राकार**, फोन: ४२७५६४९

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीति विहार ।

**मगर संघको नवनिर्मित भवनमा बुद्ध पूजा**

२०५९ फागुण, शनीबार । स्थान- बेनी, म्याग्दी ।

मगर बौद्ध सेवा समाज म्याग्दीका अध्यक्ष नर बहादुर थापा मगरले आफ्ना दिवंगत परिवारहरू (माता, पिता, श्रीमती र छोरा) को पुण्यस्मृतिमा बुद्धपूजा, परित्राण पाठ, आदि कार्यक्रमको आयोजना गर्नुभएको समाचार छ । सामूहिक पञ्चशील प्रार्थना गरी शुरू गरिएको उक्त कार्यक्रममा म्याग्दी बौद्ध संघको तर्फबाट अध्यक्ष यजनलाल शाक्यले एउटा ढलौटको बुद्धमूर्ति र बुद्ध शिक्षा सम्बन्धी विभिन्न पुस्तकहरू उपहार स्वरूप प्रदान गर्नुभएको थियो ।

म्याग्दी बौद्ध संघका संस्थापक अध्यक्ष प्रकाश कुमार श्रेष्ठ र सचिव याम शाक्यले बुद्ध शिक्षा बारे प्रकाश पार्नुभएको सो कार्यक्रम कल्पना पुन (परियत्ति) ले संचालन गर्नुभएको थियो । उक्त कार्यक्रममा ज्ञानमाला भजन र पुण्यानुमोदन गरिएको थियो । यसको साथै उक्त कार्यक्रम समापन पश्चात् मगर महिलाहरूलाई बुद्ध शिक्षा सिकाउने उद्देश्य राखी श्रीमती डमाया पाइजा मगरको उध्यक्षतामा नौ सदस्यिय मगर महिला बौद्ध सेवा समाज तदर्थ समिति पनि गठन गरिएको समाचार छ । उक्त समितिका उपाध्यक्ष भुनमाया तिलिजा मगर, सचिव - गुड्डी पुन मगर, कोषाध्यक्ष- बालकुमारी पुन मगर, सह सचिव- लाल थापा मगर, सदस्यहरू- यादमाया पुन मगर, रकसरा राना मगर, भेमाया फगामी मगर र पोमाया शेरपुन्जा मगर रहेको कुरा पनि जनाइएको छ ।

**श्रद्धाञ्जली सभा**

२०५९ चैत्र १ गते, शनीवार । स्थान- बेनी, म्याग्दी ।

पूज्य संघनायक भिक्षु अनिरूद्ध महास्थविरको फागुण ५ गते देहावसान भएकोले उहाँप्रति श्रद्धाञ्जली अर्पण गर्ने सिलसिलामा म्याग्दी बौद्ध संघको आयोजनामा श्रद्धाञ्जली सभा सम्पन्न गरिएको समाचार छ ।

शान्तिदीप प्रज्वलन गरी शुरु गरिएको उक्त श्रद्धाञ्जली सभामा म्याग्दी बौद्ध संघका सचिव याम शाक्य, मगर बौद्ध सेवा समाज म्याग्दीका अध्यक्ष नर बहादुर थापा मगर र म्याग्दी बौद्ध संघका संस्थापक अध्यक्ष श्री प्रकाश कुमार श्रेष्ठ आदिले श्रद्धाञ्जली अर्पण गरी आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएका थिए । म्याग्दी बौद्ध संघका अध्यक्ष यजन लाल शाक्यले धन्यवाद ज्ञापन गर्नुहुदै आफ्नो मन्तव्य व्यक्त गर्नु भएको उक्त सभामा सामुहिक रूपमा मरणानुस्मृति पाठ गरी पुण्यानुमोदन पनि गरिएको थियो ।

**श्रद्धाञ्जली सभा**

२०५९ फागुण १५ गते । स्थान- दिब्याश्रम विहार, मातातीर्थ

दिवंगत संघनायक अनिरूद्ध महास्थविरको पुण्यस्मृतिमा युवा बौद्ध समूहले एक श्रद्धाञ्जली सभाको आयोजना गरिएको समाचार छ ।

भिक्षु थानसेद्व समक्ष पञ्चशील प्रार्थना गरिएको उक्त सभामा दिवंगत भिक्षु अनिरुद्ध महास्थविरको योगदान प्रस्तुत गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो– भिक्षु जीवक, हर्षमुनी शाकय, त्रिरत्न मानन्धर, हरिप्रसाद शर्मा, तारावीर महर्जन, र न्हुच्छे महर्जन आदि ।

युवा बौद्ध समूहका सल्लाहकार आनन्दसिद्धी तुलाधरले संचालन गर्नुभएको यस कार्यक्रममा समूहका सदस्य त्रिरत्न तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

**नेपाल राष्ट्रिय ज्ञानमाला समितिया विशेष कार्यक्रम**

नेपाल राष्ट्रिय ज्ञानमाला समिति पाखें अक्षयकोष नीस्वना: ज्याखँ याय्त तिब: दयुक्यगु खँ क्व:छ्यूगु समाचार दु ।

उगु अक्षय कोषयात गुहाली ब्यूपिं गुहालिमिपिनिगु नां घल: व गुहाली ब्यूगु रकम समाचारय् थुकथं उल्लेख जुयाच्वंगु दु ।

| | | |
|---|---|---|
| १. | पूर्ण काजी ताम्राकार, लुति ढल्को - | रु. ११००।- |
| २. | भाजु मयूजु रत्नकाजी शाक्य, इतुंम्बहा - | रु. ५०२५।- |
| ३. | मयूजु धर्महेरा ताम्राकार जम: सेतो दरवार | रु. ५०२५।- |
| ४. | भाजु मयूजु रूद्रबहादुर खड्गी, चसान | रु. ५००५।- |
| | **जम्मा** | **रु. १६,१५५।-** |



Downloaded from http://www.dhamma.digital

ने. रा. ज्ञा. स. या उगुहे न्हापांगु सभां समितिया बिधानकथं दुजः ज्यासना पुचःया निम्ह मिसा दुजःपिं नियुक्ति कथं बाग्लुङ्गया मय्जु केमिकल शाक्य व ख्वपया मय्जु रत्ना बज्राचार्यपिं ल्यःगु जुल । उकथं हे न्याम्ह हनेबहःपिं सल्लाहकारपिं नं थुकथं ल्यःगु खँ सीदु-

१. भाजु धर्मरत्न शाक्य त्रिशुली यल
२. साहु ज्ञानज्योती कसाः, येँ ।
३. भाजु मोहन प्रसाद शाक्य बिराटनगर
४. भाजु बुद्धराज मोक्तान, धरान, सुन्सरी
५. भाजु चिनीयालाल बज्राचार्य, पाल्पा तानसेन आदि ।

## भक्ति जक यानां मज्यू ज्ञान नं कायेमाः

- कविरकुमार, थँवही *(साभार- सन्ध्या टाइम्स)*

भीगु नेपाः देया धार्मिक परम्परा वा संस्कार स्वयेबलय् न्हिंन्हिं सुथ न्हापां पुजा ज्वलं, जाकि, स्वां सिन्हः, नैवद्य, आदि ज्वनाः भगवानयाथाय् पुजा याः वनाच्वंगु खंकेफइ । अथे पुजा याइबलय् उमिसं द्यःयाके जितः वा जिगु परिवारयात वा जिम्ह फलानायात रोग, भय, दुःखं मुक्त यानाब्यु धका फ्वनाच्वंगु दइ । वास्तवय् थ्व फुक्क अतिकं स्वार्थी भावनां जाःगु संस्कारत खः । मनूत फुक्क भक्तिमार्गय् जक लगे जुयाच्वंगु कारणं थथे जूगु खः ।

भक्तिमार्गय् लानाच्वंपिं नेपाःमितय् गृहस्थी जीवनय् स्वत धाःसा अन छुं कि छुं त्रुटी जुयाच्वंगु खने हे दइ । गनं दाजुकिजा ल्वापु जुयाच्वनी, गनं मांबौपिं मस्तनाप मिले मजुयाच्वनी, गनं कलाः भाःत मिले मजुयाः अशान्ति ब्वलनाच्वनी । थथे जूगुया कारण ज्ञानमार्गय् मवँसे भक्तिमार्गय् जक वनाच्वंगुलिं खः । ज्ञान मन्त कि जिं यानाः फुक्क जूगु, जिं याःसा जक फुक्क बांलाई, जिं याःसा जक भिनी धइगु भावनां थाय् कयाच्वंगु दइ । गुकिं अशान्ति ब्वलंकी । थ्व हे इवलय् सुशिल भन्तेपाखें न्यनागु छपु बाखँ थन न्हयथने–

छगू चिकिचाधंगु गामय् बुद्धया तसकं सत्तीम्ह उपासक छम्ह दु । व उपासकं बुद्धया उपदेश ध्वाथुइक न्यनाः लिपा उकियात गांयापिं मेपिं मनूतय्त कनीगु जुयाच्वन । तर गांयापिंसं बुद्धया उपदेश ग्रहण यानाः धाःसा मकाः । उकिं व उपासकं छन्हु थःगु बल्वाछैं थम्हं तुं च्याकाः उकिया हे न्ह्यःने मन्दः दयेकाः पुजा यानाच्वन । वयागु ध्व पहः खनाः गांयापिं सकलें वयाथाय् वयाः ध्व छु यानाच्वनागु धकाः न्यन । वं थःगु छैं च्यानाच्वंगुलिं वा वयेका ब्यु धकाः इन्द्रयात पुकारे यानाच्वनागु धकाः लिसः बिल । वयागु लिसः न्यनाः गांयापिंसं थःपिंत उपदेश कनीम्ह मनूयात मूर्ख धकाः तायेकल । अले व उपासकं धाल, 'यदि इन्द्रयात आव्हान यायेवं तुं वा वइगु खःसा छिमिगु आम मनय् दुने च्वंगु लोभ, मोह, क्लेश, इर्ष्याया भावना जक छु पुजा यायेवं तुं उकियात चीकाः परिवर्तन हये फइगु खः ला ?' अब्लेनिसें गांयापिंसं वयागु ज्ञान गुणया खँयात पालना यानाः व्यवहारय् नं छ्यलाः गामय् शान्तिया वातावरण हल ।

उकुन्हु चैत्र १ गते विश्व व नेपालय् नं शान्तिया कायम जुइमा धकाः ज्ञानमाला भजन खलःया नेतृत्वय् शान्तिघट चैत्य श्रीघःनिसें स्वयम्भु महाचैत्य तक छ्स्वाः जुइक बुद्ध पुजा यात । थज्याःगु ताःहाकःगु बुद्ध पुजा भीसं आः तक स्वये मनंनि । अथे बुद्ध पुजा याःगु बांमलाःगु ला मखु तर ध्व नं भीगु कामना व भक्तिमार्ग जक जुल.। थज्याःगु ज्या जक यानां भीसं कामना यानाच्वनागु खँ पुरे जुइमखु । चैत्र १ गते भीसं विश्व शान्तिया कामना यानाः बुद्ध पुजा याना, वयां लिपा हे अमेरिकां इराकय् आक्रमण यात । भगवान बुद्ध परिनिर्वाण जुइधुंकाः ४०० दँ लिपा श्रावकपिं थःथः फुट जुयाः बुद्ध धर्मय् महायान सम्प्रदाय शुरु जुल । अब्लेनिसें महायानीतय्सं बुद्धया मूर्ति दयकाः पुजा शुरु यानाहलसा लिपा उकिया नक्कल यानाः थेरवादीतय्सं नं बुद्ध मूर्ति पुजा यानाहल । थनिं २५०० दँ न्हयः बुद्धं धयाबिज्याःगु दु कि 'जिं बियागु उपदेश, सम्यक ज्ञान, सम्यकशील, सम्यक आचरण सम्यक आचरण ग्रहण यानाः वयात शुद्ध रुपं पालना यात धाःसा वहे जितः याःगु पुजा जुइ ।" थौंकन्हयया ई कथं भक्तिमार्ग व ज्ञानमार्ग नापनापं वनेमाःगु खनेदु । भक्ति यायां ज्ञान हासिल यानाः जीवनय् छ्यलेफुसा जक जीवनय् शान्ति हयेफइ ।

## २५४७ औं बुद्ध पूर्णिमा मनाउनको लागि गठित समिति र उपसमितिका पदाधिकारीहरू

२०५९ चैत्र २९, भोजपुर ।

भोजपुर टक्सार बौद्ध शाकय समाज र चैनपुर शाकय समाजद्वारा संयुक्त रूपमा २५४७ औं बुद्ध पूर्णिमा मनाउनको लागि २५४७ औं बुद्ध जयन्ति समारोह समिति र उपसमिति गठन गरी उक्त समितिमा ३६ जना कार्यकारिणी पदाधिकारीहरू तोकिएको जानकारी प्राप्त भएको छ ।

## लुम्बिनीमा चैत्रपूर्णिमा महोत्सव

लुम्बिनीमा चैत्र पूर्णिमाका दिन भव्य मेला लाग्ने र हजारौं संख्यामा श्रद्धालु भक्तजनहरू महामायादेवी मन्दिर को दर्शनार्थ आउने गरेको समाचार प्राप्त भएको छ ।

यही अवसरमा लुम्बिनी धर्मोदय समितिको राजकिय बुद्ध विहार, ले बिभिन्न संघ संस्थालाई अनुरोध गरी यस मेलामा आवश्यक सुव्यवस्था मिलाउन सहयोग गरेको कुरा वुझिएको छ । फलस्वरूप भैरहवा स्थित युनिभर्सल कलेज व मेडिकल साइन्सबाट स्वास्थ्य शिविर संचालन गरियो भने सत्य साई केन्द्रको तर्फबाट चीसो पानी र मिठाईको व्यवस्था गरिएको थियो । लुम्बिनी धर्मोदय उपसमितिबाट पनि स्वास्थोपचारको व्यवस्था मिलाइएको कुरा बुझिएको छ ।

## अनगारिका सुधम्मा स्मृति पुरस्कार प्रदान

२०६० वैशाख ६, पोखरा ।

